रसुवा जिल्ला

# लहरेपौवा गाविसको अवस्था चित्रण

(आधारभूत सर्भेक्षण अभ्यास प्रतिवेदन)

माघ २०७२

आधारभूत सर्भेक्षण कार्यक्रम आयोजक

**सेयर नेपाल**

**लहरेपौवा गाउँ विकास समिति**

**प्रतिवेदन शीर्षक** : लहरेपौवा गाविसको अवस्था चित्रण
(आधारभूत सर्भेक्षण अभ्यासको प्रतिवेदन)

**प्रतिवेदन तयार पार्ने** : कमल फुयाल

**प्रतिवेदन लेखन मिति** : माघ २०७२

**प्रतिवेदन प्रकाशक** : सेयर नेपाल, लहरेपौवा गाविस

**नोट** : सेयर नेपालले लहरेपौवा गाविसमा सामाजिक विकास कार्यक्रमको थालनी गरेको छ । प्रारम्भमा गाविसको 'डाँडावारी भेग' (वडा नंबर ४, ५, ६, ७ र ८) मा मात्र कार्यक्रम गर्ने निर्णय गरिएको छ । विस्तारै गाविसका अन्य वडाहरुमा र तत्पश्चात् रसुवा जिल्लाका अन्य गाविसमा कार्यक्रम विस्तार गर्दै लैजाने निर्णय भएको हुँदा यस प्रतिवेदनमा उल्लेख गरिएको लहरेपौवा गाविसलाई माथि उल्लेखित वडाहरु भनेर बुझ्नि पर्दछ । यस प्रतिवेदनमा उल्लेख गरिएका 'तथ्याङ्क तथा सूचनाहरु' लहरेपौवा गाविसका भनिए तापनि तिनै पाँच वडाहरुका मात्र हुन् ।

## आयोजक संस्थाको अध्यक्षको भनाई

समुदायको विकास समुदायबाट, समुदायकै अग्रसरतामा अगाडि बढाइएमा मात्र सफल हुनसक्छ भन्ने 'जनमूखि विकास अवधारणा' को मान्यतालाई आफ्नो मूल धारणा बनाई यस 'सेयर नेपाल' संस्थाले क्रमसः लहरेपौवा गविसको सबै क्षेत्रमा सामाजिक-आर्थिक विका कार्यलाई अगाडि बढाउनु पर्दछ भन्ने भावनाका साथ "लहरेपौवा गाविसको विकास"का लागि सहजीकरण गर्ने लक्ष लिएको छ ।

कुनै पनि भिन्न प्रकारको आधारमा विभेद नराखी स्थानीय स्तरको सम्भावना र चुनौतीहरुको पहिचान गर्दै मानिसको आधारभूत आवस्यकतादेखि विकासको उच्चतम अवस्थासम्म यस लहरेपौवा गविसलाई पुऱ्याउनका लागि संस्थाले उक्त प्रक्रियालाई नेतृत्व दिने जमर्को गरेको छ । तर, यसको लागि संस्थाको उद्देस्य र अगुवाईबाट मात्र केही हुन सक्दैन, जबसम्म गाविसवासी नै सक्रियताका साथ सहभागी हुँदैनन् । तसर्थ, संस्थाले सम्पूर्ण गाविसवासीका साथ गाविसको सम्पूर्ण विकासको लागि सक्रिय भूमिका निर्वाह गर्ने अठोट लिएको छ । तसर्थ, सबैलाई यस क्षेत्रमा लागि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गरी हाम्रो मौलिकता, हाम्रो संस्कृति, हाम्रो परम्परा, अर्थात हाम्रो वस्तुस्थितिलाई सकारात्मक ढंगले परिमार्जन गरी विकास प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

सेयर नेपालले अगुवाई गरेको यस यात्रामा आधारभूत सर्भेक्षण अभ्यास सम्पन्न गरी यस प्रतिवेदन तयार पार्ने कार्य सम्पन्न गर्न हामीलाई सहयोग गर्ने सहयोगी संस्था 'पार्टिसिपेड' र त्यसका प्रतिनिधि डा. एरिन मुरका साथै हालसम्मको कार्य सफलतापूर्वक सम्पन्न गर्न बिचार, सल्लाह र सुझावसहित अन्य प्राविधिक विषयमा समेत सहयोग गर्नुहुने कमल फुयाल र सिमृन काफ्ले ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै, समुदायको नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने नागरिक समाज, वडा नागरिक मञ्च र राजनैतिक दलका प्रनितिधिहरुप्रति विशेष हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनहरुमा पनि यहाँहरुको यस्तै सहयोग मिलिरहोस् भन्ने कामना गर्दछु ।

धन्यवाद !

रामशरण आचार्य<br>
अध्यक्ष, सेयर नेपाल<br>
लहरेपौवा, रसुवा<br>
फागुन, २०७२

## विषयसूचि

**भाग १ : आधारभूत सर्भेक्षण कार्यक्रमको परिचय**

१.१ आधारभूत सर्भेक्षणबारे

१.२ अवस्था विश्लेषण कार्यक्रमको उद्देश्य

१.३ आधारभूत सर्भेक्षणका छलफल तथा प्रचार-प्रशार

१.४ सर्भेक्षण टोली

१.५ स्थानीय सहजकर्ताहरूको लागि तालिम

१.६ सर्भेक्षण विधि

१.७ डाटाइन्ट्री, तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन

**भाग २ : अवस्था विश्लेषण अभ्यासबाट प्राप्च मूल सूचनाहरु**

**भाग ३ : गाविसको संक्षिप्त परिचय**

३.१ भौगोलिक अवस्था

३.२ ऐतिहासिक घटनाक्रम

३.३ भौतिक पूर्वाधारको अवस्था

३.४ स्थानीय तथा सामुदायिक संघसंस्थाको अवस्था

**भाग ४ : जनसाङ्ख्यीक विवरण**

४.१ परिवार सङ्ख्या

४.१.१ जम्मा परिवार सङ्ख्या

४.१.२ जातजातिको आधारमा परिवार सङ्ख्या

४.१.३ प्रकारको आधारमा परिवार सङ्ख्या

४.२ जनसङ्ख्या

४.२.१ लिंगको आधारमा जनसङ्ख्या

४.२.२ उमेरको आधारमा जनसङ्ख्या

४.२.३ जातजातिका आधारमा जनसङ्ख्या

४.२.४ धर्म

४.३ बसोबास क्षेत्र

४.४ अपाङ्गतासम्वन्धी विवरण

**भाग ५ : स्वास्थ्य, खानेपानी तथा सरसफाई**

५.१ दीर्घ रोग लाग्नेको संख्या

५.२ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

५.३ शौचालयसम्बन्धी विवरण

५.३.१ शौचालय भएको परिवार सङ्ख्या

५.३.२ शौचालयको प्रकार

**भाग ६ : शैक्षिक अवस्था**

६.१ विद्यालयसम्बधी विवरण

६.१.१ विद्यालयको सङ्ख्या र प्रकार

६.१.२ विद्यार्थीको विवरण

६.१.३ शिक्षकको विवरण

६.१.४ शिक्षक विद्यार्थी अनुपात

६.१.५ भौतिक पूर्वाधारको स्थिती

६.१.६ विद्यालय व्यवस्थापन

६.२ बाल विकास केन्द्रको विवरण

६.३ औपचारिक शिक्षा र विद्यार्थी सङ्ख्या

६.४ साक्षरताको अवस्था

**भाग ७ : आर्थिक अवस्था**

७.१ घरको अवस्था र प्रकार

७.२ प्रमुख पेशाहरू

७.३ खाद्य पर्याप्तता

**भाग ८ : क्षमता अभिबृद्धि र विकाससम्वन्धी विवरण**

८.१ सम्पन्न तालिम कार्यक्रम

**भाग ९ : गाविसको सवल तथा सुधार पक्षहरु**

९.१ उपलब्ध स्रोतहरु र यसको उपयोग

९.२ सवल तथा सुधार पक्षहरु

९.३ प्रमुख समस्या तथा सवालहरु

९.३.१ वडा नं. ४ का प्रमुख समस्या तथा सवालहरु

९.३.२ वडा नं. ५ का प्रमुख समस्या तथा सवालहरु

९.३.३ वडा नं. ६ का प्रमुख समस्या तथा सवालहरु

९.३.४ वडा नं. ७ का प्रमुख समस्या तथा सवालहरु

९.३.५ वडा नं. ८ का प्रमुख समस्या तथा सवालहरु

# भाग १
# अवस्था विश्लेषण अभ्यासका मूल परिणाम

लहरेपौवा गाविसले वि.सं. २०६८ सालमा तयार पारेको गाविस प्रोफाईलअनुसार गाविसको जम्मा घरधुरी १४५५ छ । तर, यस प्रतिवेदनमा वडा नं. ४ देखि ८ सम्म मात्र सर्भेक्षण गरिएकोले यस प्रतिवेदनमा गाविस भनी उल्लेख गरेको सूचनालाई यिनै पाँचवटा वडाको सूचना भनी बुझ्नु पर्दछ । प्रतिवेदनको यस भागमा सर्भेक्षणका दौरान प्राप्त सूचनाहरुको मूल अंशलाई प्रस्तुत गरिएका छन् । आधारभूत सर्भेक्षणका मूल परिणाम यस प्रकार छन् :

- वि.सं. २०६८ सालको तथ्याङ्कअनुसार लहरेपौवा गाविसमा जम्मा १४५५ घरधुरी रहेका छन् । सेयर नेपाल संस्थाले गाविसको डाँडावारी भेगबाट कार्यक्रम सुरु गर्ने उद्देश्य राखेकोले सर्भेक्षणका लागि यस गाविसलाई दुईभागमा विभाजन गरिएको छ । डाँडावारी भेग : वडा नं. ४, ५, ६, ७ र ८ तथा डाँडापारी भेग : वडा नं. १, २, ३ र ९ । यस सर्भेक्षण प्रतिवेदनमा लहरेपौवा गाविस शब्द प्रयोग गरिए तापनि गाविसको अर्थ वडा नं. ४, ५, ६, ७ र ८ हुन् । तसर्थ, (प्रतिवेदनअनुसार) गाविसमा जम्मा ६८६ परिवार छन् ।
- जातजातिको आधारमा हेर्दा यस गाविसमा तामाङ जातिको वाहुल्य देखिन्छ । कुल परिवार सङ्ख्याको जम्मा ५९ प्रतिशत भाग तामाङ जातिले ओगटेको छ । तामाङ पछि गाविसको दोस्रो ठूलो सङ्ख्यामा बाहुन क्षेत्री (२८.९%) पर्दछन् । अन्य जातिहरु : दलित, गुरुङ, नेवार र मगरहरु लगभग २ देखि ३ प्रतिशतको हाराहारीमा छन् ।
- लहरेपौवा गाविसको कुल जनसङ्ख्या जम्मा ३३१४ रहेकोमा कुल जनसङ्ख्यामध्ये पुरुषको सङ्ख्या महिलाको तुलनामा बढी देखिएको छ (महिला : ४८.७६% र पुरुष : ५१.२४%) ।
- गाविसको कुल जनसङ्ख्याको जम्मा २.७ प्रतिशत मात्र १ वर्षसम्मका देखिएका छन् । आर्थिक रुपमा सक्रिय उमेर समूह (१९ देखि ४५ वर्ष) सबैभन्दा बढी (४५.२%) देखिएको छ । ६० भन्दा बढीको सढ्ख्या जम्मा ८.३ प्रतिशत मात्र छ ।
- कुल जनसङ्याको लगभग ६१ प्रतिशत हिस्सा तामाङको रहेको छ भने बाहुन क्षेत्री २७.५ प्रतिशत छन् । सबैभन्दा कम दलितको जनसङ्ख्या (जम्मा ०.८%) छ भने नेवार, गुरुङ र मगर (अन्य) लगभग ३ प्रतिशतको हाराहारीमा छन् ।
- यस गाविसमा मुलतः हिन्दु, बौद्ध र क्रिश्चियन धर्म मान्नेहरु छन् । सबैभन्दा बढी बौद्ध धर्मावलम्वीहरु (५८.३%) छन् भने दोस्रो ठूलो सङ्ख्यामा हिन्दु (३८.५%) छन् । गाविसमा क्रिश्चियन धर्मावलम्वीहरु जम्मा कुल परिवार सङ्ख्याको ३.१ प्रतिशत छन् ।

- गाविसको कुल जनसङ्ख्या ३३१४ जनामध्ये हाल ७८६ जना परिवारबाट छुट्टै (गाविस भित्रै वा गाविस बाहिर अन्य जिल्लामा वा अन्य देशमा) बस्दछन् । यसको अर्थ, कुल जनसङ्ख्याको जम्मा २३.८ प्रतिशत मानिसहरु परिवारबाट अलगै बसिरहेका छन् । परिवारबाट छुट्टिएर बस्नेमा पुरुषको सङ्ख्या ज्यादा (पुरुष :४७.११% र महिला १७.०७%) भेटिएको छ ।
- हाल परिवारसँग अलग्गिएर बाहिर वसोवास गरिरहेका कुल ७८७ जनामध्ये ६४ जना ( ८.४%) जिल्ला भित्रै र लगभग ५८ प्रतिशत भने रसुवा बाहिर तर मुलुकका अन्य जिल्लामा वसोवास गरिरहेको पाइएको छ । हाल बाहिर बसिरहेकामध्ये लगभग ३४ प्रतिशत (२६६ जना) रोजगारी वा अन्य उद्देश्यले मुलक बाहिर छन् । मुलुक बाहिर बस्ने जम्मा २६६ जना अधिकांश पुरुष (२१०) छन् भने महिलाहरु ५६ जना छन् ।
- नेपालको जनसङ्ख्या वृद्धिदरको क्रम हेर्दा २०४८ जनगणनानुसार त्यतिबेलाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.०८ प्रतिशत थियो भने २०५८ सालको जनगणनाअनुसार २.२५ प्रतिशत थियो । तर, २०६८ सालको जनगणनाले वृद्धिदर १.३५ प्रतिशतमा झरेको देखाउँछ । यसरी घट्ने क्रम बढ्दै गएमा जनसङ्ख्या संरचनामा नकारात्मक असर पर्न सक्दछ । लहरेपौवा गाविसमा पनि १ वर्ष मुनीको शिशुको सङ्ख्या कुल जनसङ्ख्याको २.७ प्रतिशत मात्र छ, जुन निकै नै कम सङ्ख्या हो । यसको अर्थ, वच्चा जन्माउने दरमा भारी गिरावट आएको देखिन्छ, जुन भविष्यमा अत्यन्तै प्रत्युत्पादक हुनसक्छ ।
- बाहिर बस्ने कुल सङ्ख्याको ३३.८ प्रतिशत मुलुक बाहिर छन् । रोजगारी र वैदेशिक मुद्रा आर्जनको हिसाबले वैदेशिक रोजगारीले महत्वपूर्ण खेलेको छ । लगभग ८ प्रतिशत सङ्ख्या १० वर्षभन्दा बढी समयदेखि बाहिर वसिरहेका छन् र गत वर्ष मात्र ३४४ जना बाहिर गएका देखिन्छन् । यसले गाउँबाट बाहिरिनेको मात्रा बढ्दै गएको देखिन्छ ।
- वि.सं. २०४३ सालमा गाविसमा स्थापना भएको स्वास्थ्य चौकीले लहरेपौवा गाविसका वडा नं. ४, ५, ६ र ७ का वासिन्दा र राम्चे गाविसका ८ र ९ का वासिन्दालाई नियमित रुपमा स्वास्थ्य सेवा पुऱ्याइरहेको छ ।
- गाविसमा जम्मा ६८६ परिवार रहेकोमा हाल जम्मा २५ परिवारमा (३.६%) मात्र गर्भवती महिलाहरु छन् । यस तथ्याङ्ले जनसङ्ख्या वृद्धिदर कतै घट्दै जाने त होइन भन्ने प्रश्न खडा गरिदिएको छ ।
- यस लहरेपौवा गाविसमा लगभग ९३ प्रतिशत परिवारहरुको धारा/पाइपको पानीमा पहुँच भएको देखिन्छ । यस तथ्याङ्कअनुसार सिंगो मुलुक र रसुवा जिल्लाको तुलनामा यस गाविसमा धाराको पानीमा पहुँच भएकाहरु ज्यादा देखिन्छन् । सामान्यतया पाइपको पानी स्वास्थ्य (तथा सरसफाईको दृष्टिकोणबाट) बढी सुरक्षित देखिन्छ ।

- देशको तथ्याङ्कअनुसार जम्मा ६१.८३ प्रतिशत घरमा आफ्नै शौचालय छ । रसुवा जिल्लाको हकमा ५६.८५ प्रतिशतको घरमा छ भने लहरेपौवा गाविसको हकमा ७८.७ प्रतिशतको घरमा रहेको पाइयो ।
- कुल परिवारको लगभग ३६ प्रतिशत परिवारमा धुम्रपान गर्ने व्यक्तिहरु रहेको पाइएको छ । सबै वडामा लगभग ३३ देखि ३८ प्रतिशत परिवारमा कम्तिमा पनि १ सदस्य धुम्रपान गर्नेहरु छन् । यस तथ्याङ्ले धुम्रपानसम्बन्धी सचेतना कार्यक्रम अगाडि बढाउनु पर्ने देखाउँछ ।
- तर, अझै पनि गाविसको कुल ६८६ परिवारमध्ये २१ प्रतिशत घरमा शौचालय नरहेको देखिएको छ । गाविसका सबै घरधुरीमा शौचालय निर्माण गरी गाविसलाई पुनः खुला दिशामुक्त गाविसको रुपमा स्थापित गर्नु पर्ने देखिएको छ ।
- हाल लहरेपौवा गाविस (यस सर्भेक्षणले ओगटेको वडा ४, ५, ७ र ८) का सबै वडाहरुमा विद्यालय स्थापना भइसकेका छन् । वडा नं. ४, ५ र ८ मा एक/एक प्राथमिक विद्यालय छ भने वडा नं. ७ र ८ मा एक/एक वटा निमावि र वडा नं. ६ मा माध्यमिक विद्यालय स्थापना भएका छन् ।
- एकजना शिक्षकले बढीमा ४० जना विद्यार्थीलाई अध्यापन गराउने सरकारी नीति रहि आएकोमा वडा नं. ५ को मालिका देवी प्राविमा बाहेक अन्य सबै विद्यालयमा एकजना शिक्षको अनुपातमा ४० जना भन्दा निकै कम विद्यार्थी रहेको पाइएको छ ।
- गाविसको वडा नं. ८ मा स्थापित काभ्रे प्राविमा जम्मा १६ जना मात्र विद्यार्थी छन् । त्यस्तै, वडा नं. ४ को भुवनेश्वर प्राविमा पनि जम्मा ३३ जना मात्र विद्यार्थीहरु छन् । यसले प्राथमिक तहमा विद्यार्थी सङ्ख्या घट्दै गइरहेको देखिन्छ ।
- गाविसका ५ वर्ष माथिका कुल ३०१८ जनामध्ये ८६.६ प्रतिशत साक्षर छन् । यो राष्ट्रको कुल साक्षरता प्रतिशत (६५.९ प्रतिशत) भन्दा निकै बढी हो । गाविसको कुल महिला सङ्ख्याको ८३.५ प्रतिशत साक्षर पाइएका छन् । यो पनि राष्ट्रिय तहको भन्दा निकै बढी छ ।
- औपचारिक शिक्षासम्बन्धी प्रस्तुत गरिएको तथ्याङ्कले प्रावि देखि माविसम्मको जम्मा ६९.३ प्रतिशत छन् भने एसएलसी सक्नेहरु १७.२ र त्यसपछिको तहहरुमा सङ्ख्या अत्यन्तै न्यून (घट्दै गएको) देखाउँछ । यसले क्रमसः ड्रपआउट सङ्ख्या बढ्दै गएको देखिन्छ ।
- उच्च शिक्षाको लागि भने अझै पनि गाउँमा व्यवस्था नभएको हुँदा यहाँका विद्यार्थीहरु कालिकास्थान, त्रीसुली वा अन्यत्र जानुपर्ने अवस्था छ ।
- कुल परिवारको ५५.२ प्रतिशत परिवारले आफ्नो परिवारको आयआर्जनको लागि बाखापालन (उन्नत जातको बाखा पालन) उपयुक्त उपाय हुने सुझाव पेश गरेका छन् ।

रुखपात प्रसस्त भएको र सडक सञ्जालसँग जोडिएको गाविस भएको हुँदा यहाँ पशुपालनको भने पर्याप्त सम्भावना रहेको उनीहरुको तर्क छ ।

- गाविसका लगभग ८७ प्रतिशत घरहरु पुरै भत्केका छन् भने ६.६ प्रतिशत घरहरु धेरै चर्केकोले बस्न नमिल्ने अवस्थामा छन् । गाविसका १.२ प्रतिशत घरहरु (जम्मा ८) मा भूकम्पको असर परेको देखिएन भने ३७ वटा घरहरु (५.४%) केही चर्केतापनि बस्न मिल्ने अवस्थाका छन् ।
- गाविसको कुल परिवार सङ्ख्याको ८६ प्रतिशतले आफ्नो परिवारको प्रमुख आम्दानीको स्रोत 'कृषि उत्पादन' रहेको बताएको र कुल जनसङ्ख्याको ३३ प्रतिशतले 'खेतीपाती'लाई आफ्नो मूल पेशा बताएको भए तापनि कुल परिवार सङ्ख्या (६६१ परिवार)को ९.७ प्रतिशतले मात्र आफ्नै उत्पादनबाट वर्षभरी ढुक्क खान पुग्छ भन्ने कुरा बताएका छन् भने ९२.३ प्रतिशतले वर्षभरी खान पुग्दैन भन्ने बताएका छन् ।
- यस गाविसका ४६.८ प्रतिशत परिवारका सदस्यहरुले कुनै न कुनै तालिम प्राप्त गरेका छन् । गाविसमा तालिम प्राप्त गर्ने ३२१ परिवारमध्ये १५३ परिवारले कृषिसम्बन्धी तालिम पाएका छन् भने ९४ परिवारले पशुपालनसम्बन्धी तालिम पाएका छन् । त्यस्तै, घरेलुसम्बन्धी ७२ परिवारले तालिम प्राप्त गरेका छन् । तालिम प्राप्त दक्ष्य जनशक्तिलाई सिंगो गाविसको सामाजिक-आर्थिक विकासको लागि उपयोग गर्ने भन्नेबारे समुदायका अगुवाहरु, सामाजिक कार्यकर्ताहरु र राजनैतिक दलका प्रतिनिधिहरुसँग अन्तरक्रिया गरी यसको लागि योजना बनाउनु पर्ने देखिन्छ ।
- यसअन्तर्गत तालिम पाउने गाविसका कुल ९४ परिवारमध्ये सबैभन्दा बढी बाखा पालनसम्बन्धी तालिम दिइएको पाइएको छ । गाविसका कुल ७२ परिवारले उक्त तालिम पाएका छन् ।

# भाग २
# आधारभूत सर्भेक्षणको परिचय

यस भागमा आधारभूत सर्भेक्षण कार्यक्रमको विस्तृत परिचय प्रस्तुत गरिएको छ। गत वैशाख महिनामा आएको महाभूकम्पले थुप्रै जनाको ज्यान लियो र धेरैलाई घाइते बनायो । उक्त भूकम्पले गाविसको सामाजिक-आर्थिक अवस्थालाई पनि तहसनहस बनायो । धेरैको मानसिक अवस्थामा असर परेको छ। अझै पनि थुप्रै बालबालिका, वृद्धवृद्धा र युवाहरु भूकम्पको सानो पराकम्पनमा पनि काम्ने गर्दछन्। कतिपय बालबालिका त भूकम्प शब्द सुन्दा पनि त्रसित हुने गरेको पाइएको छ । गाविसवासीको यस्तो अवस्थालाई मध्यनजर राख्दै कसरी गाविसवासीको अवस्थामा परिवर्तन ल्याउने उद्देश्यले लहरेपौवा गाविसमा 'पुनर्निर्माण अभियान'को थालनी गरिएको हो । 'पुनर्निमार्णको नेतृत्व समुदायले लिनु पर्दछ, यो उनीहरुको अधिकार पनि हो र दायित्व पनि हो' भन्ने मान्यता सेयर नेपाल लिएको छ । तसर्थ, पुनर्निमाणको लागि सर्वप्रथम भूकम्पपश्चात् गाविसको अवस्था कस्तो छ भन्नेबारे जानकारी लिनका लागि 'आधारभूत सर्भेक्षण' को आयोजना गरियो। यस भागमा आधारभूत सर्भेक्षणबारे स्पष्ट पार्नका लागि निम्न विषयवस्तु समावेस गरिएका छन् :

२.१ आधारभूत सर्भेक्षणबारे

२.२ अवस्था विश्लेषण कार्यक्रमको उद्देश्य

२.३ आधारभूत सर्भेक्षणका छलफल तथा प्रचार-प्रशार

२.४ सर्भेक्षण टोली

२.५ स्थानीय सहजकर्ताहरूको लागि तालिम

२.६ सर्भेक्षण विधि

२.७ डाटा-इन्ट्री, तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन

## २.१ आधारभूत सर्भेक्षणबारे

सामुदायिक विकास क्षेत्रमा आधारभूत सर्भेक्षण, अवस्था विश्लेषण, अवस्था पहिचान अथवा सामुदायिक निरुपणजस्ता शब्दावलीहरूको अत्यधिक प्रयोग गरिन्छन् । यी शब्दावलीहरूले समुदायमा 'विकास कार्य'को थालनी गर्न अगाडिको अवस्था कस्तो छ भनेर हेर्नु, बुझ्नु वा मापन गर्ने कार्यलाई बुझाउँछ । समुदायको हालको अवस्था बुझ्नका लागि समुदायको विविध पक्षबारे जानकारी लिनका लागि एक सर्भेक्षण गरिएको थियो, जसलाई बुझाउनको लागि यस प्रतिवेदनमा 'आधारभूत सर्भेक्षण' शब्दावलीको प्रयोग गरिएको छ ।

आधारभूत सर्भेक्षण कार्यले समुदायको वर्तमान अवस्थाबारे विस्तृत जानकारी पाउनका लागि सहयोग गर्दछ । उदाहरणको लागि समुदायमा शिक्षासम्बन्धी कार्यक्रम गर्नु अगाडि 'अहिलेको शिक्षाको स्थिति कस्तो छ' भनेर सर्भेक्षण गरी त्यहाँको शिक्षाको वर्तमान अवस्थाबारे जान्नु आवश्यक हुन्छ । शिक्षाको वर्तमान अवस्था भन्नाले हाल समुदायमा कतिवटा, कुन तहको विद्यालय कहाँकहाँ छन् ? विद्यालय जाने उमेरका विद्यार्थीहरू कतिजना छन् ? विद्यालय गइरहेकाहरूको सङ्ख्या कति छ ? प्राथमिक विद्यालय जाने, निम्नमाध्यामिक विद्यालय जाने, माध्यमिक विद्यालय जानेको सङ्ख्या कति छ ? विद्यालय भर्ना हुनेको सङ्ख्या कति छ ? भर्ना हुने तर बीचैमा पढाई छाड्नेको सङ्ख्या कति छ ? बिचैमा पढाई छाड्नुका कारणहरू के हुन् र यसले शिक्षासम्बन्धमा कस्तो प्रभाव पारेको छ ? विद्यालय जाँदै नजानेको सङ्ख्या कति छ ? नजानुका कारणहरू के-के हुन् र यसले समाजमा के-कस्तो प्रभाव पारेको छ ? कलेज पढ्नेहरू कति छन् ? समुदायमा लेखपढ गर्न ठ्याम्मै नजान्ने असाक्षरहरू कति जना छन् ? यसका कारणहरू के-के हुन् र यसले कस्तो प्रभाव पारेको छ ? शिक्षासम्बन्धमा समुदायका मानिसहरू कस्तो धारणा राख्दछन् ? आदि प्रश्नहरूबारे समुदायसँग छलफल गरी समुदायको शिक्षाको स्थितिबारे जानकारी लिनु नै शिक्षासम्बन्धी समुदायको अवस्था विश्लेषण गर्नु हो वा शिक्षासम्बन्धी आधारभूत जानकारी लिनु हो । शिक्षालगायत कृषि, पशुपालन लगायत अन्य जिविकोपार्जनसँग सम्बन्धित सूचनाहरु पनि सङ्कलन गरिनु पर्दछ ।

गाविसको वर्तमान अवस्थाबारे स्पष्ट चित्रण भएपछि मात्र उक्त गाविसको विकासका लागि सम्पन्न गर्नुपर्ने कार्यबारे निर्क्योल गर्न सकिन्छ । तसर्थ, आधारभूत सर्भेक्षण अभ्यासले गाविसको वर्तमान अवस्थाको मापन र भविष्यको लागि कार्ययोजनाको निर्माणसम्बन्धी सम्पूर्ण कार्यहरू सम्बन्धित गाविस र गाविसबासीकै नेतृत्वमा समापन गर्नु पर्दछ । यिनै मान्यताअनुरुप यस सर्भेक्षण कार्य सम्पन्न गरिएको छ । तसर्थ, गाविसका पदाधिकारी, स्थानीय संघसंस्थाका प्रतिनिधिहरू तथा अन्य स्थानीय युवाहरूको सहभागितामा आधारभूत सर्भेक्षण प्रक्रिया अगाडि बढाइएको थियो । स्थानीय व्यक्तिहरूको सहभागितामा सर्भेक्षण कार्य प्रभावकारी रुपमा सम्पन्न

गर्नका लागि सर्भेक्षण विधिहरूको छनौट गर्दा पनि प्रश्नावली विधि तथा अन्य सहभागितामूलक विधिहरूको उपयोग गरिएको थियो ।

## २.२ अवस्था विश्लेषण कार्यक्रमको उद्देश्य

लहरेपौवा गाविसमा स्थापना भई सोही गाविसको विकासको लागि कार्यरत संस्था सेयर नेपालले आधारभूत सर्भेक्षण कार्यक्रमको सम्पूर्ण जिम्मेवारी लिनुका साथै उक्त अभ्यास कार्यको नेतृत्व सेयर नेपालले नै लिएको थियो । सर्भेक्षण कार्यक्रम अवधिभर संस्थाका अध्यक्ष श्री रामशरण आचार्य ज्यूले पूर्ण जिम्मेवारीसहित नेतृत्व लिनु भएको थियो र अन्य सदस्यज्यूहरुले सक्रियताका साथ सर्भेक्षण कार्यक्रमलाई विभिन्न टोलीमा विभाजन भई सहयोग गर्नु भएको थियो ।

लहरेपौवा गाविसमा आधारभूत सर्भेक्षण अभ्यास गर्नुका प्रमुख उद्देश्य भनेको गत वैशाख १२ गते गएको महाभूकम्प र त्यसपछि गएका परकम्पनहरुले गाविसमा पारेको प्रभावबारे बुझी भूकम्पको असरहरूलाई ध्यानमा राखी गाविसको पुनर्निमाणको लागि योजना बनाउनु हो । मुलतः भूकम्पले तहसनहस पारेको गाविसवासीको जिविकोपार्जनको अवस्थामा सुधार गर्नका लागि योजना बनाउनका लागि गाविसको वर्तमान अवस्था बुझ्नु नै यस सर्भेक्षण अभ्यासको मूल उद्देश्य हो । समग्रमा यस सर्भेक्षण कार्यक्रमका उद्देश्यहरु यस प्रकार छन् :

- गाविसको पुननिर्माणका लागि गाविस तथा गाविसबासीसँगको सहकार्यको थालनी गर्न समुदायका विविध पक्षसँगको सम्बन्धलाई गाढा बनाउँदै लैजानु ।
- गाविसमा रहेका विभिन्न स्रोतहरू (प्राकृतिक स्रोत, मानवीय, सामाजिक, आर्थिक, तथा भौतिक स्रोत) को पहिचान गरी ती स्रोतहरूको अवस्था कस्तो छ, स्रोतको उपयोग कसरी भइराखेको छ र भविष्यमा गाविसको विकासका लागि ती स्रोतहरूको उपयोग कसरी गर्न सकिन्छ भन्ने जानकारी लिनु ।
- गाविसको विकासका लागि उपयोग गर्न सकिने गाविसका सवल पक्षहरू पत्ता लगाउनु । गाविसका मूल समस्या तथा सवालहरु पत्ता लगाउनु । साथै, गाविसमा पुननिर्माण गर्ने क्रममा आउनसक्ने चुनौतिहरूबारे थाहा पाउनु ।
- गाविसको विकासका लागि गरिनुपर्ने कुराहरूबारे छलफल गरी योजना तर्जुमाका लागि तयारी गर्नु, आदि ।

यिनै उद्देश्यहरूमा आधारित भई यस आधारभूत सर्भेक्षण अभ्यास सम्पन्न गरिएको थियो । सर्भेक्षण अभ्यासको प्रारम्भीक चरणदेखि नै समुदायको सक्रिय सहभागिता जुटाउनका लागि प्रयास गरिएको थियो ।

## २.३ आधारभूत सर्भेक्षणका छलफल तथा प्रचार-प्रशार

गाविसको पुनर्निर्माण कार्यलाई परियोजनाको रुपमा नबुझी यसलाई परिवर्तनको लागि गरिने अभियानको रुपमा बुझ्नुपर्दछ । तसर्थ, यस प्रतिवेदनमा 'गाविसको पुनर्निर्माण अभियान' शब्दावलीको प्रयोग गरिएको छ र यसलाई गाविसको विकास कार्यलाई एक अभियानको रुपमा प्रस्तुत गरिएको छ । यस अभियानको सफलता तबमात्र सम्भव हुन्छ जब यस अभियानको महत्वलाई समुदाय/गाविसबासीले बोध गर्दछन् र गाविसको पुनर्निर्माण अभियानमा सक्रियरुपमा सहभागी हुन्छन् । त्यसैले, सर्भेक्षण कार्यको प्रारम्भ गर्नुअघि गाविसका महत्वपूर्ण व्यक्तित्वहरु : वडा नागरिक मञ्चका प्रतिनिधिहरु, राजनैतिक संयन्त्रका प्रतिनिधिहरु, सामाजिक कार्यकर्ताहरु, शिक्षक तथा बुद्धिजिविहरुलगायत अन्यसँग सर्भेक्षण कार्यक्रमको उद्देश्य र महत्वबारे विचार-विमर्ष गरिएको थियो ।

## २.४ सर्भेक्षण टोली

गाविसका महत्वपूर्ण व्यक्तिहरुसँग सहजकर्ताहरूको छनोटबारे कुराकानी गरी प्रत्येक वडाबाट २ जना सहजकर्ताको छनौट गरिएको थियो । स्थानीय सहजकर्ताको छनौटपश्चात् उनीहरूलाई आधारभूत सर्भेक्षणको अवधारणाबारे स्पष्ट पार्नुका साथै आधारभूत सर्भेक्षण अभ्यासबारे जानकारी गराइयो ।

तालिका १-१: आधारभूत सर्भेक्षण टोली सदस्य

| क्र.सं. | नाम | वडा |
|---|---|---|
| १ | विष्णमाया विश्वकर्मा | ४ |
| २ | संगिता थिङ | ४ |
| ३ | भवानी पौडेल | ५ |
| ४ | शर्मिला वाइवा | ५ |
| ५ | उमेस न्यौपाने | ६ |
| ६ | बिमला लामा | ६ |
| ७ | ज्ञान बहादुर भ्लोन | ७ |
| ८ | संगिता भ्लोन | ७ |
| ९ | कविता स्याङ्बा | ८ |
| १० | बुद्धिमान तामाङ | ८ |

| क्र.सं. | नाम | वडा |
|---|---|---|
| ११ | रामशरण आचार्य | सेयर नेपाल |
| १२ | गोपाल न्यौपाने | सेयर नेपाल |
| १३ | मोहनदत्त न्यौपाने | सेयर नेपाल |
| १४ | रिखेश्वर न्यौपाने | सेयर नेपाल |
| १५ | शंकर आचार्य | सेयर नेपाल |

## २.५ स्थानीय सहजकर्ताहरूको लागि तालिम

स्थानीय सहजकर्ताहरूलाई सहभागितामूलक विकासको अवधारणाबारे स्पष्ट पार्नुका साथै आधारभूत सर्भेक्षण अभ्यासबारे जानकारी गराइयो । तालिम कार्यक्रममा सहभागी स्थानीय सहजकर्ताहरूलाई निम्न विषयमा अभ्यास गराइएको थियो :

- आधारभूत सर्भेक्षण के हो ? यसको महत्व के छ ? सर्भेक्षण प्रक्रिया कस्तो हुन्छ ?
- आधारभूत सर्भेक्षण अभ्यासका लागि प्रयोग गरिने विधिहरू के के हुन् ?
- तालिमकै क्रममा एकदिने व्यवहारिक अभ्यास पनि सम्पन्न गरिएको थियो । यसक्रममा घरधुरी प्रश्नावली भर्ने व्यवहारिक अभ्यास र सहभागितामूलक अभ्यासको प्रयोग पनि गरिएको थियो ।

## २.६ सर्भेक्षण विधि

आधारभूत सर्भेक्षणका लागि मुलतः प्रश्नावली विधिको प्रयोग गरिएको थियो । लहरेपौवा गाविसमा रहेका जम्मा ६८६ परिवारसँग प्रश्नावली सर्भे गरिएको थियो । प्रश्नावली सर्भेको गुणस्तर सुनिश्चित गर्नका लागि प्रत्येक प्रश्न सोध्दा गहिरिएर सोधिएको थियो र एक दिनमा मात्र १० वटा प्रश्नावली फारम भर्नुपर्ने भएकाले गणकहरूले अन्तर्वार्ता (सूचना सङ्कलन)का लागि पर्याप्त समय बिताएका थिए । सर्भेक्षणको अवधिमा विभिन्न तहका सुपरीवेक्षकद्वारा नियमित निरीक्षण पनि गरिएको थियो । प्रश्नावली विधिका साथै विभिन्न सहभागितामूलक विधिहरु : सामाजिक तथा स्रोत नक्सा, मौसमी पात्रो, कारण तथा प्रभाव चित्र, समय रेखा आदि विधिहरुको उपयोग गरिएको थियो ।

## २.७ डाटा-इन्ट्री, तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन

आधारभूत सर्भेक्षणबाट प्राप्त सूचनाको सही विश्लेषणका लागि सङ्कलन गरिएका डाटा (तथ्याङ्क) इन्ट्री गर्न सिएस-प्रो (CSPro software) सफ्टवेयरको उपयोग गरिएको थियो । डाटाइन्ट्री गर्नुपूर्व स्थानीय सहजकर्ताहरूको टोलीले भरेको प्रश्नावली फारमलाई सर्भेक्षण टोलीका संयोजकद्वारा सम्पादन गरिएको थियो । सिएस-प्रो सफ्टवेयरमा डाटाइन्ट्री गरिसकेपछि दक्ष परामर्शदाताको सहयोगमा उक्त तथ्याङ्कको विश्लेषण गरिएको थियो । डाटाइन्ट्री तथा तथ्यांक विश्लेषण कार्य परामर्शदाता सिमृन काफ्लेले गर्नु भएको थियो भने प्रतिवेदन लेखन कार्यको जिम्मा कमल फुयालले लिनु भएको थियो ।

# भाग ३
# गाविसको संक्षिप्त परिचय

लहरेपौवा गाविस रसुवा जिल्लामा रहेका १८ गाविसमध्येको एक हो । यस गाविस रसुवा जिल्लाको दक्षिण-पूर्वी भेगमा अवस्थित छ ।

लहरेपौवा गाविसको माथिल्लो भेग गुम्वाडाँडादेखि दक्षिणतर्फ नुवाकोट जिल्लाको सिमाना वेद्रावती नदीको किनारदेखि फैलिएर रहेको छ । सेयर नेपाल संस्थाले यस गाविसमा भूकम्पबाट भएको क्षतिलाई लक्षित गर्दै गाविसको सामाजिक तथा आर्थिक विकासका लागि योगदान गर्ने उद्देश्यले सामाजिक विकास कार्यक्रमको थालनी गरेको छ । सुरुआतमा गाविसको डाँडावारी क्षेत्रमा कार्य गर्ने निर्णय गरिएकोले गाविसको वडा नं. ४, ५, ६, ७ र ८ मा कार्यक्रम गरिने भएकोले यो पटकको आधारभूत सर्भेक्षण पनि यी पाँच वडाहरुमा मात्र गरिएको छ । तसर्थ, यस प्रतिवेदनमा उल्लेख गरिएको लहरेपौवा गाविस भन्नाले वडा नं. ४, ५, ६, ७ र ८ भनी बुझ्नु पर्दछ । यस प्रतिवेदनमा उल्लेख गरिएका गाविससम्बन्धी सम्पूर्ण तथ्याङ्क यी पाँच वडाहरुका हुन् ।

प्रतिवेदनको यस भागमा (भाग ३) गाविसको संक्षिप्त परिचय दिइएको छ । यस भागमा निम्न विषयवस्तु समावेस गरिएका छन् :

३.१ भौगोलिक अवस्था र हावापानी

३.२ ऐतिहासिक घटनाक्रम

३.३ भौतिक पूर्वाधारको अवस्था

३.४ स्थानीय तथा सामुदायिक संघसंस्थाको अवस्था

## ३.१ भौगोलिक अवस्था र हावापानी

नेपालको हिमाली जिल्लाको रुपमा चिनिएको रसुवामा रहेको जम्मा १८ गाविसमध्ये एक लहरेपौवा गाविस पनि हो । जिल्लाको दक्षिण-पूर्वी भेगमा जम्मा १२.२८ वर्ग कि.मि. मा फैलिएर रहेको[1] यस लहरेपौवा गाविस ८५° १० मि. ५६ से. पूर्वदेखि ८५° १३ मि. ५३ से. पूर्व देशान्तरसम्म र २७° ५ मि. १९ से. उत्तरदेखि २८° ०१ मि. ५० से. उत्तरी अक्षांससम्म फैलिएर रहेको छ । समुन्द्री सतहदेखि ६०० मिटरदेखि २६१० मिटरको उचाइसम्म रहेको यस गाविसको भौगोलिक विविधतालाई एक महत्वपूर्ण सवलपक्षको रुपमा लिने गरिन्छ । जिल्ला सदरमुकाम धुन्चेबाट लगमग २० किलोमिटरको दुरीमा रहेको यस गाविसको उत्तरतर्फ राम्चे गाविस र दक्षिणतर्फ नुवाकोट जिल्लाको गेर्खु गाविस पर्दछ भने गाविसको पूर्वतर्फ धैबुङ्ग र पश्चिमतर्फ त्रिशुली नदी रहेको छ ।

'लहरेपौवा'को रुपमा गाविसको नामाकरण कसरी भयो भन्नेबारे फरक-फरक व्याख्या भेटिन्छ । तथापि, वि.सं. १७०४ मा यस भेगबाट उत्तरतर्फ जाने तिर्थयात्रीहरुको लागि निर्माण गरिएका पौवा तथा वरपिपलको चौतारी लहरै स्थापना गरिएको हुँदा तिर्थयात्रीहरुले नै यस भेगलाई लहरेपैवाको रुपमा चिन्ने/चिनाउने गरेकोले कालान्तरमा यस गाविसको नाम नै लहरेपैवा गाविस रहन गएको हो भनी व्याख्या गरिने गरेको भेटिन्छ[२] ।

जलवायु परिवर्तनका कारण मुलुकका अन्य भागमा झैँ यस गाविसको हावापानीमा पनि थुप्रै परिवर्तन भएको महसुस गरिएका छन् । दक्षिणी मोहोडामा फैलिएको यस गाविसका प्राय वडाहरुमा दिनभर जसो नै पारिलो घाम लाग्दछ । गाविसको तल्लो भाग (वेत्रावती र आसपासको क्षेत्र) समुद्री सतहदेखि लगभग ६०० मिटरको उचाइको हाराहारीमा रहेको हुँदा गर्मी याममा यस भेगमा अत्यन्तै गर्मी हुने गर्दछ । गृष्म मौसममा यस भेगमा ३०° र कहिलेकाहिँ त्यो भन्दा माथि तापक्रम रहने गर्दछ । तथापि, गाविसको माथिल्लो भेग समुद्री सतहदेखि २६०० मिटरसम्म पर्ने हुँदा यस भेगमा हिउँद याममा अत्यन्तै जाडो हुने गर्दछ र गर्मी याममा समेत यहाँको मौसम सित्तल रहने गर्दछ । माथिल्लो भेगमा गृष्म याममा समेत अधिकतम २५° पुग्ने र हिउँदको समयमा न्यूनतम १° सम्म झर्ने र कुनै समय यहाँको तापक्रम माइनसमा झरेर हिउँ पनि पर्ने गर्दछ । गाविसको बिच्चको भाग (वडा ४, ५, ६ र ७) भने सामान्यतया मध्य तहको तापक्रम रहने गर्दछ । तथापि, माथि उल्लेख गरिए झैँ केही वर्ष यता अन्यत्र झैँ यहाँको मौसममा पनि अप्रत्यासित परिवर्तन आएको छ र मौसमबारे अनुमान गर्न कठीन पर्ने स्थिति छ ।

---

[1] http://www.yonsed.org.np/attachments/article/62/Rasuwa.pdf

[२] 'लहरेपौवा गाउँ विकास समितिको वस्तुस्थिति विवरण' (२०६८), गाविस कार्यालय, लहरेपौवा, रसुवा ।

## ३.२ ऐतिहासिक घटनाक्रम

नेपालको इतिहासमा लहरेपौवा भेगले विशेष महत्व ओगट्ने कुरा यहाँका स्थानीय वासिन्दाहरु सगौरव बताउने गर्दछन् । वि.सं. १८४६ मा भएको केरुङ सन्धीमा उल्लेख भएअनुसारका कार्यहरु दुवैपक्षबाट नभएपछि तत्कालिन तिब्बत र नेपालबीच युद्ध सुरु भयो । उक्त युद्धमा तत्कालिन चिनले तिब्बतलाई सहयोग गऱ्यो र नेपालको हार भयो र उक्त युद्धबाट नेपालले ठूलो क्षति बेहोर्नु पऱ्यो । दुबैपक्षबीच वार्ता सुरु भयो र अन्त्यमा वि.सं. १८४९ असोज १७ गतेका दिन (सन् १७९२) मा नेपाल र तिब्बतबीच मैत्रीपूर्ण सन्धी भएको थियो, जसलाई 'वेत्रावती सन्धी'को रुपमा जानिन्छ[३] ।

वि.सं. २००७ सालमा मुलुकमा प्रजातन्त्रको उदयपश्चात् पनि यस गाविसले थुप्रै घटनाहरुलाई अनुभव गर्दै आएको छ । २०२१ सालमा यस भेगमा फैलिएको विफरको महामारीबाट ७ जना बालबालिकाको मृत्यु भएको थियो । त्यस्तै, २०२८ सालमा भएको अज्ञात रोगको महामारीबाट ३५ जनाको मृत्यु भएको थियो भने २०३७ सालमा फैलिएको दादुराको प्रकापबाट ८ जना बालबालिकाको ज्यान गएको थियो । २०१९ सालमा त्रिसुलीमा आएको बाढीले ७ घरधुरी विस्थापित भएको थियो भने थुप्रै खेतीयोग्य जमीनलाई बगाएको थियो । वि.सं. २०२० सालमा मनीगाउँमा गएको पहिरोलाई अर्को ठूलो दुःखद घटनाको रुपमा स्मरण गर्ने गरिन्छ । रातीको समयमा गएको उक्त पहिरोले गाउँका २४ वटा घर पुरिएका थिए भने १०० जनाभन्दा बढीको ज्यान गएको थियो । त्यस्तै, खेतीयोग्य जमीन बगाउनुका साथै सैयौंको सङ्ख्यामा गाइवस्तुहरु मारिएका थिए ।

वि.सं. २०३१ सालमा भएको भूखमरीका कारण यस भेगका जनताहरु जंगली कन्दमुल खान बाध्य भएको र टाढाटाढासम्म अन्न वेसाउन जानु परेको कुरा बताउनु हुन्छ शिक्षक श्री झवराज न्यौपाने ।

गाविसमा पहिलो प्राथमिक विद्यालय २०१९ सालमा स्थापना भएपछि यहाँका बालबालिकाहरुले आफ्नै गाउँमा औपचारिक शिक्षा पाउने स्थिति बन्यो । वडा नं. ६ मा अवस्थित सोही विद्यालय २०४५ सालमा निम्न माध्यमिक तहमा स्तरोन्नती भएपछि शिक्षाको अवसरमा वृद्धि भयो भने विद्यालय जाने विद्यार्थीको सङ्ख्यामा पनि उल्लेखनीय वृद्धि भयो । वि.सं. २०६४ सालमा सोही विद्यालय मावि तहमा बढुवा भएपछि त शिक्षाको स्थितिमा वृहत परिवर्तन आयो । वडा नं. ५ को हकमा भने पहिलो प्राथमिक विद्यालय २०३७ सालमा स्थापना भएको थियो भने वडा नं. ७ मा २०३९ सालमा र वडा ४ मा २०४६ सालमा स्थापना भएको थियो । हाल प्राय वडामा विद्यालय

[३] 'लहरेपौवा गाउँ विकास समितिको वस्तुस्थिति विवरण' (२०६८), गाविस कार्यालय, लहरेपौवा, रसुवा ।

स्थापना भइसकेको हुँदा बालबालिकाहरुले आफ्नै गाउँमा शिक्षा प्राप्त गर्ने अवसर पाएका छन् । तथापि, उच्च शिक्षाको लागि भने कालिकास्थान वा वेद्रावती जानुपर्ने वाध्यता अद्यापि कायमै छ ।

## ३.३ भौतिक पूर्वाधारको अवस्था

गाविसको भौतिक पूर्वाधारको अवस्थामा वर्षेनी प्रगति हुँदै आएको देखिन्छ । हाल यस गाविसका प्राय सबै वडाहरु सडक सुविधासँग जोडिएको छ । २०६५ सालमा कालिकास्थानबाट जोडिएको सडक हाल वडा नं. ३ मा पनि जोडिएको हुँदा प्रत्येक दिन बिहान वडा नं. ४ बाट काठमाडौ जाने वसको सुविधा पनि उपलब्ध छ । तथापि, हालसम्म सडकमा सामान्य ग्राबेलीङ मात्र गरिएकोले वर्षायाममा केहि दिन सडक अवरुद्ध हुने गर्दछ । सडक सुविधाको कारण हाल गाउँमा उत्पादन हुने अन्न, सागसब्जीलगायत अन्य उत्पादनहरु (अमरिसो, अदुवा, आलु, आदि) बजारसम्म पुर्‍याउन सकिएको छ र यसले गाउँवासीको आयवृद्धिमा सहयोग मिलेको छ । साथै, गाउँमा अधिक मात्रामा उत्पादन हुने दूधले पनि बजार पाएको छ । त्यस्तै, गाउँसम्मा बाहिरका सामग्रीहरु ल्याउन पनि सहज भएको छ ।

विभिन्न रोगको महामारी र प्रकोप भोगेको यस गाविसले २०४३ सालमा स्वास्थ्य चौकी स्थापना भएपछि भने स्वास्थ्यको स्थितिमा उल्लेखनीय प्रगति भएको छ । हाल जिल्ला स्वास्थ्य कार्यालयको पहल र स्थानीयवासीको सक्रिय सहभागितामा स्वास्थ्य चौकीको नयाँ भवन निर्माणाधिन छ । उक्त भवन पुरा भएपछि यस भेगका जनताहरुले पाउने स्वास्थ्य सेवामा बढौती हुने देखिन्छ । वि.सं. २०४८ सालमा गाउँमा विजुली बत्तीको आगमन भएपछि बिजुलीको सेवा उपलब्ध हुनाका साथै शिक्षा, स्वास्थ्यलगायत सञ्चारको क्षेत्रमा पनि प्रगति भएको छ ।

यस गाविसका प्राय सबै वडाहरु सञ्चार सुविधासम्पन्न छन् । गाविसका सबै भेगमा नेपाल दूरसञ्चार र एनसेलको सञ्चार सुविधा उपलब्ध छ । गाविसका लगभग सबै घरधुरीसँग मोबाइल सुविधा छ भने बिजुली बत्तीको सुविधा भएकोले सबैले टेलीभिजन र रेडियो सुविधा उपभोग गर्न पाएका छन् । प्राय विद्यालयहरुमा कम्प्युटर सुविधा उपलब्ध भएको हुँदा यहाँका विद्यार्थीहरुले थोरै मात्रामा भए तापनि कम्प्युटर शिक्षा पाउन सकेका छन् भने व्यक्तिगत रुपमा कम्प्युटर प्रयोग गर्ने र इन्टरनेट सुविधा उपभोग गर्नेहरु पनि छन् । यद्यपि, आर्थिक रुपमा कमजोर परिवारहरु यी सुविधाहरुबाट अद्यापि वञ्चित देखिन्छन् ।

## ३.४ स्थानीय तथा सामुदायिक संघसंस्थाको अवस्था

# भाग ४
# जनसाङ्ख्यिक विवरण

जम्मा ७०७ परिवार भएको यस लहरेपौवा गाविसमा सर्भेक्षणका क्रममा ६८६ परिवारसँग प्रत्यक्ष प्रश्नावली अन्तर्वार्ता गरिएको थियो ।

सर्भेक्षणले गाविसमा जम्मा ३४११ जनसङ्ख्या रहेको देखाएको छ, जसमध्ये ४८.८ प्रतिशत महिला (१६१६ जना) र ५१.२ प्रतिशत (१६९८ जना) पुरुष छन् । यस गाविसमा तामाङ, बाहुन क्षेत्री, गुरुङ, दलित, नेवार मगर जातिका व्यक्तिहरु वसोवास गर्दछन् । गाविसमा तामाङ जातिको वाहुल्यता छ भने दोस्रो ठूलो सङ्ख्या बाहुन क्षेत्रीको छ । यस भागमा जनसङ्ख्यासम्बन्धी विस्तृत विवरण प्रस्तुत गरिएका छन् । यस भागमा निम्न विषयवस्तुहरु समेटिएका छन् :

४.१ परिवार र जनसङ्ख्या

४.१.१ जम्मा परिवार सङ्ख्या

४.१.२ जातजातिको आधारमा परिवार सङ्ख्या

४.१.३ परिवारको प्रकार

४.२ जनसङ्ख्या

४.२.१ लिंगको आधारमा जनसङ्ख्या

४.२.२ उमेरको आधारमा जनसङ्ख्या

४.२.३ जातजातिको आधारमा जनसङ्ख्या

४.२.४ धर्म

४.३ बसोबास क्षेत्र र जनसङ्ख्या

४.४ जनसङ्ख्याका आधारमा सवल तथा सुधार पक्षहरु

४.४.१ जनसङ्ख्याका आधारमा सवल तथा सुधार पक्षहरु

४.४.२ जनसङ्ख्याका आधारमा सुधार पक्षहरु

## ४.१ परिवार र जनसङ्ख्या

### ४.१.१ जम्मा परिवार सङ्ख्या

लहरेपौवा गाविसमा जम्मा १४५५ घरधुरी रहेका छन् । यस तथ्याङ्क २०६८ सालमा गाउँ विकास समितिको कार्यालयले तयार पारेको ‘गाविसको प्रोफाइल’ लिइएको हो । वडा नंबर ४, ५, ६, ७ र ८ को घरधुरी सङ्ख्या भने हालै सम्पन्न गरिएको आधारभूत सर्भेक्षणका क्रममा प्राप्त भएको हो । तसर्थ, गाविसको कुल घरधुरी सङ्ख्यामा हाल केही परिवर्तन आएको हुनु पर्दछ । तथापि, प्रतिवेदनको यस खण्डमा वडा नं. १, २ र ३ का लागि गाविसको प्रतिवेदन र बाँकी वडाहरुका हकमा भने हालै प्राप्त तथ्याङ्को उपयोग गरिएको छ । गाविसमा रहेका जम्मा १४५५ घरधुरीमध्ये, सबैभन्दा बढी घरधुरी वडा नं. १ मा रहेको छ । तथ्याङ्अनुसार गाविसको कुल घरधुरीको लगभग १८ प्रतिशत घरधुरी वडा नं. १ मा पाइएको छ भने सबैभन्दा कम घरधुरी सङ्ख्या वडा नं. ७ मा छ । यस वडामा जम्मा १०१ घरधुरी (कुल घरधुरीको लगभग ७%) छ ।

तालिका : गाविसको घरधुरी संख्या

| वडा | जम्मा घरधुरी संख्या | प्रतिशत | |
|---|---|---|---|
| १ | २६१ | १७.९% | |
| २ | २०२ | १३.९% | |
| ३ | १७३ | ११.९% | |
| ४ | १६६ | ११.४% | ७०७ (४८.६%) |
| ५ | १४० | ०९.६% | |
| ६ | १२२ | ०८.४% | |
| ७ | १०१ | ०६.९% | |
| ८ | १७८ | १२.२% | |
| ९ | ११२ | ०७.७% | |
| **जम्मा** | **१४५५** | **१००%** | |

स्रोत : वडा ४, ५, ६, ७ र ८ को घरधुरी संख्या सर्भेक्षणबाट र अन्य सूचना गाविसबाट संकलन गरिएको हो ।

सेयर नेपाल संस्थाले प्रारम्भमा लहरेपौवा गाविसको वडा नं. ४, ५, ६, ७ र ८ बाट आफ्नो कार्यक्रमको थालनी गर्ने निर्णय गरेकोले यस प्रतिवेदनमा गाविसका ती वडाहरुको तथ्यांकमात्र समावेस गरी सोही तथ्यांकको आधारमा गाविसको अवस्था विश्लेषण गरिएको छ । तसर्थ, यस प्रतिवेदनमा लहरेपौवा गाविस भन्नुको अर्थ गाविसको वडा नम्बर ४, ५, ६, ७ र ८ लाई मात्र बुझाउँदछ । यी ५ वटा वडाहरुको जम्मा ७०७ परिवारमा सर्भेक्षण गर्ने भनिए तापनि जम्मा २१ घरमा पटक-पटक जाँदा पनि परिवारका कुनै पनि सदस्य नभेटिएकोले जम्मा ६८६ परिवारसँग

मात्र प्रश्नावली सर्भेक्षण अभ्यास गरिएको थियो । नभेटिएका परिवारहरुमध्ये केही भूकम्पले पारेको प्रभावका कारण गाविस बाहिर गएको र हालसम्म फर्केर नआएको देखियो भने केही परिवारहरु घर चाहिँ गाविसमा रहेको तर, लामो समयदेखि गाउँमा वसोवास नगरेको भेटियो ।

यसरी गाविस बाहिर वसोवास गरिरहेका परिवारहरुमध्ये केहीले घर खाली नै राखेको र केहीले छिमेकी वा नातेदारलाई घरको रेखदेख गर्ने जिम्मेवारी दिएको पाइयो । भूकम्पपश्चात्को संवेदनशील अवस्थामा सर्भेक्षण गर्ने क्रममा छिमेक तथा गाउँका अन्य व्यक्तिहरुले उनीहरुको पनि घर चाहिँ उल्लेख गरिदिनु पर्ने सुझावअनुसार सामाजिक नक्सामा घर चाहिँ उल्लेख गरिएको छ भने आवश्यक सूचना प्राप्त हुन नसक्दा अवस्था विश्लेषण अभ्यासमा उनीहरुको सूचना समावेस गरिएको छैन । गाविसको जम्मा परिवार संख्या १४५५ मध्ये सर्भेक्षण गरिएको सर्भेक्षण गरिएको वडाहरुमा जम्मा ७०७ परिवार अथवा कुल परिवार संख्याको ४८.६ प्रतिशत छन् । यसको अर्थ सेयर नेपालले गाविसको कुल परिवार संख्याको लगभग आधा परिवारसँग कार्य गर्ने लक्ष राखेको छ ।

तालिका : परिवार संख्या

| **वडा** | **सर्भेक्षण गरिएको परिवार संख्या** | **घरमा नभेटिएको** | **जम्मा परिवार संख्या** |
|---|---|---|---|
| ४ | १६५ | १ | १६६ |
| ५ | १४० | ० | १४० |
| ६ | १०२ | २० | १२२ |
| ७ | १०१ | ० | १०१ |
| ८ | १७८ | ० | १७८ |
| **जम्मा** | **६८६** | **२१** | **७०७** |
| | (९७%) | (३%) | (१००%) |

प्रतिवेदनको यस पछाडिको भागमा गाविसको जम्मा ६८६ परिवारबाट प्राप्त सूचनाहरुलाई समावेस गरिएका छन् ।

## ४.१.२ जातजातिको आधारमा परिवार सङ्ख्या

जातजातिको आधारमा हेर्दा यस गाविसमा तामाङ जातिको वाहुल्य देखिन्छ । कुल परिवार सङ्ख्याको जम्मा ५९ प्रतिशत भाग तामाङ जातिले ओगटेको छ । तामाङ पछि गाविसको दोस्रो

ठूलो सङ्ख्यामा बाहुन क्षेत्री (२८.९%) पर्दछन् । अन्य जातिहरु : दलित, गुरुङ, नेवार र मगरहरु लगभग २ देखि ३ प्रतिशतको हाराहारीमा छन् ।

वडा नं. ८ मा सबैभन्दा बढी (कुल परिवार सङ्ख्याको ८७.६%) तामाङ छन् । त्यस्तै, वडा नं. ४ र ८ मा पनि तामाङ जातिकै वाहुल्यता छ । वडा ५ र ६ मा भने बाहुन क्षेत्री जातिको वाहुल्यता छ । दलितहरु वडा ४ मा सबैभन्दा बढी (१८ परिवार) छन् भने वडा नं. ८ मा १ परिवार छ -अन्य वडाहरुमा दलित परिवारको वसोवास रहेको देखिँदैन ।

तालिका : जातजातिको आधारमा परिवार सङ्ख्या

| वडा | बाहुन र क्षेत्री | तामाङ | दलित | गुरुङ | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ४ | ५५ | ९० | १८ | ० | २ | ० | १६५ |
| ५ | ७३ | ३३ | ० | १९ | ० | १५ | १४० |
| ६ | ५८ | ३४ | १ | ३ | ६ | ० | १०२ |
| ७ | ८ | ९३ | ० | ० | ० | ० | १०१ |
| ८ | ४ | १५६ | ० | ० | १७ | १ | १७८ |
| **जम्मा** | **१९८** | **४०६** | **१९** | **२२** | **२५** | **१६** | **६८६** |
| | (२८.९%) | (५९.२%) | (२.८%) | (३.२%) | (३.६%) | (२.३%) | (१००%) |

नोट : अन्य जातिहरुमा मगर पर्दछन् ।

## ४.१.३ परिवारको प्रकार

नेपालको औशत परिवार सङ्ख्या जम्मा ४.८८ जना छ भने नेपालको ग्रामीण क्षेत्रको हकमा भने औशत परिवार सङ्ख्या जम्मा ५.०२ जना रहेको देखाउँछ । रसुवा जिल्लामा औशत परिवार सङ्ख्या ४.४३ जना छ । लहरेपौवा गाविसमा भने औशत परिवार सङ्ख्या ४.८ जना छ । अन्य ग्रामीण क्षेत्रको तुलनामा यस गाविसको औशत परिवार सङ्ख्या कम देखिएको छ र रसुवा जिल्लाको औशत सङ्ख्याको तुलनामा भने यस गाविसमा केही बढी रहेको देखिन्छ ।

त्यस्तै, यस गाविसको कुल ६८६ परिवारमध्ये एकल परिवारको सङ्ख्या बढी देखिएको छ । कुल परिवार सङ्ख्याको ६७ प्रतिशत एकल परिवारको रुपमा छन् । परम्परागत रुपमा नेपाली ग्रामीण समाजमा मुलतः संयुक्त परिवार हुने गरेकोमा यस तथ्याङ्कले यस गाविसमामा संयुक्त परिवारको सङ्ख्यामा कमी आउने र एकल परिवारको सङ्ख्यामा वृद्धि हुँदै गइरहेको छ ।

तालिका : परिवारको प्रकार

| वडा | एकल परिवार (न्यक्लियर) | संयुक्त परिवार | जम्मा परिवार सङ्ख्या |
|---|---|---|---|
| ४ | ११९ | ४६ | १६५ |
| ५ | ९३ | ४७ | १४० |
| ६ | ६२ | ४० | १०२ |
| ७ | ७१ | ३० | १०१ |
| ८ | ११६ | ६२ | १७८ |
| **जम्मा** | **४६१** | **२२५** | **६८६** |
| | **६७.२%** | **३२.८%** | **१००%** |

## ४.२ जनसङ्ख्या

### ४.२.१ लिंगको आधारमा जनसङ्ख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ, जसमध्ये पुरूष ४८.५० प्रतिशत (१,२८,४९,०४१) र महिला ५१.५० प्रतिशत (१,३६,४५,४६३) रहेका छन् । तर, लहरेपौवा गाविसको कुल जनसङ्ख्या जम्मा ३३१४ रहेकोमा कुल जनसङ्ख्यामध्ये पुरुषको सङ्ख्या महिलाको तुलनामा बढी देखिएको छ (महिला : ४८.७६% र पुरुष : ५१.२४%) । यसरी, नेपालको जनसङ्ख्याको संरचनामा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी भए तापनि यस गाविसमा भने फरक स्थिति देखिएको छ ।

तालिका : लिंगको आधारमा जनसङ्ख्या

| वडा | महिला | पुरुष | जम्मा संख्या |
|---|---|---|---|
| ४ | ३४६ | ३७७ | ७२३ |
| ५ | ३१६ | ३४२ | ६५८ |
| ६ | २३५ | २७३ | ५०८ |
| ७ | २५५ | २७५ | ५३० |
| ८ | ४६४ | ४३१ | ८९५ |
| **जम्मा** | **१६१६** | **१६९८** | **३३१४** |
| | (४८.७६%) | (५१.२४%) | (१००%) |

वडागत रुपमा जनसङ्ख्याको वितरण हेर्दा सबैभन्दा बढी वडा नं. ८ मा देखिएको छ । कुल जनसङ्ख्याको २७ प्रतिशत वडा नं. ८ मा छन् भने सबैभन्दा कम ५०८ जना (१५.३%) वडा नं. ६ मा वसोवास गर्दछन् । वडा नं. ८ मा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी देखिएको छ भने अन्य वडाहरुमा पुरुष बढी छन् ।

### ४.२.२ उमेरको आधारमा जनसङ्ख्या

गाविसको जनसङ्ख्यामा विभिन्न उमेर समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । नेपालको जनसङ्ख्या वृद्धिदरको क्रम हेर्दा २०४८ जनगणनानुसार त्यतिबेलाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.०८ प्रतिशत थियो भने २०५८ सालको जनगणनाअनुसार २.२५ प्रतिशत थियो । तर, २०६८ सालको जनगणनाले वृद्धिदर १.३५ प्रतिशतमा झरेको देखाउँछ[४] । यसरी घट्ने क्रम बढ्दै गएमा जनसङ्ख्या संरचनामा नकारात्मक असर पर्न सक्दछ । लहरेपौवा गाविसमा पनि बच्चा जन्माउने क्रम घट्न थालेको देखिन्छ । कुल जनसङ्ख्याको जम्मा २.७ प्रतिशत मात्र १ वर्षसम्मका देखिएका छन् । यसले जन्मदरमा कमी आएको कुरालाई संकेत गर्दछ ।

आर्थिक रुपमा सक्रिय उमेर समूह (१९ देखि ४५ वर्ष) सबैभन्दा बढी (४५.२%) देखिएको छ । ६० भन्दा बढीको सढ्ख्या जम्मा ८.३ प्रतिशत मात्र छ, जुन सिंगो नेपालको यस उमेर समूहको सङ्ख्या भन्दा कम हो । नेपालको जनसङ्ख्याको संरचनामा १८ वर्षसम्मको (बालबालिका) सङ्ख्या लगभग ४४ प्रतिशत छ भने यस गाविसमा भने यो समूहमा जम्मा ३४.८ प्रतिशत ( ११५० जना) मात्र छन् । यस तथ्याङ्कले पनि बालबालिकाको सङ्ख्यामा कमी आउन थालेको संकेत गर्दछ ।  विद्यालय जाने उमेर (६ देखि १८ वर्ष) समूहमा जम्मा २५.८ प्रतिशत छन् ।

तालिका : उमेर समूहको आधारमा जनसङ्ख्या

| **वडा** | **०-१** | **२-५** | **६-१८** | **१९-४५** | **४६-६०** | **६० +** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| ४ | १६ | ३४ | १८८ | ३२५ | १०४ | ५६ | ७२३ |
| ५ | १६ | ५३ | १५४ | ३१२ | ७१ | ५२ | ६५८ |
| ६ | १४ | २९ | ११३ | २४४ | ६४ | ४४ | ५०८ |
| ७ | १९ | ३१ | १४७ | २३० | ६३ | ४० | ५३० |
| ८ | २३ | ६१ | २५२ | ३८६ | ९१ | ८२ | ८९३ |
| **जम्मा** | **८८** | **२०८** | **८५४** | **१४९७** | **३९३** | **२७४** | **३३१४** |
| | २.७% | ६.३% | २५.८% | ४५.२% | ११.९% | ८.३% | १००% |

[४] के.त.वि (२०६८), राष्ट्रिय जनगणना : संक्षिप्त नतिजा, काठमाडौ, केन्द्रीय तथ्याङ्क विभाग ।

### ४.२.३ जातजातिको आधारमा जनसङ्ख्या

गाविसमा तामाङ जातिको बाहुल्यता देखिन्छ भने दोस्रोमा बाहुन क्षेत्री पर्दछन् । कुल जनसङ्याको लगभग ६१ प्रतिशत हिस्सा तामाङको रहेको छ भने बाहुन क्षेत्री २७.५ प्रतिशत छन् । सबैभन्दा कम दलितको जनसङ्ख्या (जम्मा ०.८%) छ भने नेवार, गुरुङ र मगर (अन्य) लगभग ३ प्रतिशतको हाराहारीमा छन् ।

वडा नं. ४, ७ र ८ मा सबैभन्दा तामाङको वाहुल्यता देखिन्छ । वडा नं. ७ ८ घर बाहुन जातिका छन् भने ९३ परिवार तामाङ मात्रै छन् । यस वडामा अन्य जातिका कोही पनि छैनन् । त्यस्तै, जनसङ्ख्याको संरचना हेर्दा यस वडामा ३९ जना बाहुन क्षेत्रीबाहेक ४९१ जना तामाङ मात्र छन् । गाविसमा सबैभन्दा बढी तामाङ परिवार वडा नं. ८ मा छन् । यस वडामा रहेका १५६ तामाङ परिवारमा जम्मा ७८९ जना तामाङहरु वसोवास गर्दछन् ।

तालिका : जातजातिको आधारमा जनसङ्ख्या

| वडा | बाहुन र क्षेत्री | | तामाङ | | नेवार | | दलित | | गुरुङ | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | १११ | ११८ | १९३ | २१० | ३ | ४ | ३९ | ४५ | ० | ० | ० | ० | ३४६ | ३७७ |
| ५ | १५४ | १६९ | ८१ | ८५ | ० | ० | ० | ० | ४४ | ४७ | ३७ | ४१ | ३१६ | ३४२ |
| ६ | १४० | १६५ | ७८ | ८९ | १० | ११ | २ | १ | ५ | ७ | ० | ० | २३५ | २७३ |
| ७ | १९ | २० | २३६ | २५५ | ० | ० | ० | ० | ० | ० | ० | ० | २५५ | २७५ |
| ८ | ९ | ७ | ४११ | ३७८ | ४२ | ४३ | ० | ० | ० | ० | २ | ३ | ४६४ | ४३१ |
| **जम्मा** | ४३३ | ४७९ | ९९९ | १०१७ | ५५ | ५८ | ४१ | ४६ | ४९ | ५४ | ३९ | ४४ | १६१६ | १६९८ |
| | ९१२ (२७.५%) | | २०१६ (६०.८%) | | ११३ (३.४%) | | ८७ (०.८%) | | १०३ (३.१%) | | ८३ (२.५%) | | ३३१४ (१००%) | |

### ४.२.४ धर्म

यस गाविसमा मुलतः हिन्दु, बौद्ध र क्रिश्चियन धर्म मान्नेहरु छन् । सबैभन्दा बढी बौद्ध धर्मावलम्वीहरु (५८.३%) छन् भने दोस्रो ठूलो सङ्ख्यामा हिन्दु (३८.५%) छन् । गाविसमा क्रिश्चियन धर्मावलम्वीहरु जम्मा कुल परिवार सङ्ख्याको ३.१ प्रतिशत छन् ।

राष्ट्रिय तथ्याङ्कसँग तुलना गरी हेर्ने हो भने, २०६८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको ८१.३४ प्रतिशत हिन्दु, ९.०४ प्रतिशत बौद्ध र १.४१ प्रतिशत क्रिश्चियन

धर्मावलम्वी छन् भने रसुवाको हकमा भने २५.३७ प्रतिशत हिन्दु, ६९.९५ प्रतिशत वौद्ध र ४.३ प्रतिशत क्रिश्चियन धर्म मान्नेहरु छन्[५] ।

वडागत रुपमा हेर्दा सबैभन्दा कम हिन्दुधर्मावलम्वीहरु (जम्मा ९ परिवार) वडा नं. ७ मा देखिए भने वडा नं. ७ क्रिश्चियन धर्मावलम्वी भेटिएनन् र सबैभन्दा कम क्रिश्चियन धर्म मान्नेहरु वडा नं. ८ (जम्मा १ परिवार मात्र) भेटिएका छन् ।

तालिका : आधारमा धर्मको आधारमा परिवार संख्या

| वडा | हिन्दु | बौद्ध | क्रिश्चियन | अन्य | जम्मा परिवार सङ्ख्या |
|---|---|---|---|---|---|
| ४ | ६५ | ८९ | ११ | ० | १६५ |
| ५ | १०६ | ३० | ४ | ० | १४० |
| ६ | ६७ | ३० | ५ | ० | १०२ |
| ७ | ९ | ९१ | ० | १ | १०१ |
| ८ | १७ | १६० | १ | ० | १७८ |
| **जम्मा** | २६४ | ४०० | २१ | **१** | ६८६ |
| | ३८.५% | ५८.३% | ३.१% | **०.१%** | १००% |

जातजातिको आधारमा धर्मप्रतिको आस्थालाई विश्लेषण गरी हेर्दा बाहुन क्षेत्रीमध्ये अधिकांस हिन्दु धर्म मान्नेहरु (९६.५%) छन् भने २.५ प्रतिशतले वौद्ध धर्मप्रति आस्था राख्दछन् । त्यस्तै १ प्रतिशत परिवार क्रिश्चियन धर्मावलम्वी छन् । तामाङ परिवारको झण्डै ९७ प्रतिशत वौद्ध धर्मावलम्वी छन् भने १ प्रतिशत हिन्दु र २ प्रतिशत क्रिश्चियन छन् ।

दलित परिवारको सम्वन्धमा भन्नुपर्दा लगभग आधार (४७.४%) हिन्दु देखिएका छन् भने बाकिँ आधा (५२.६%) क्रिश्चियन छन् । गुरुङ समुदायका अधिकांस परिवार हिन्दु (९५.५%) छन् भने बाँकि ४.५ प्रतिशत क्रिश्चियन छन् । मुलुकको अन्यत्रभैँ यस गाविसमा वौद्ध धर्म अवलम्वन गर्ने गुरुङहरु भेटिएनन् ।

गाविसमा वसोवास गर्ने जम्मा २५ नेवार परिवारमध्ये ९६ प्रतिशत हिन्दु छन् भने ४ प्रतिशत क्रिश्चियन भेटिएका छन् । वौद्ध धर्म मान्ने नेवार पनि भेटिएनन् । सर्भेक्षणका क्रममा मगर (अन्य) हरुमध्ये लगभग ९४ प्रतिशत हिन्दु र ६ प्रतिशत वौद्ध धर्म मान्नेहरु छन् ।

[5] के.त.वि (२०६८), राष्ट्रिय जनगणना : संक्षिप्त नतिजा, काठमाडौ, केन्द्रीय तथ्याङ्क विभाग

तालिका : जातजातिको आधारमा विभिन्न धर्म मान्ने परिवार सङ्ख्या

| **जातजाति** | **धर्महरु** | | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | **हिन्दु** | **बौद्ध** | **क्रिश्चियन** | **अन्य** | |
| बाहुन क्षेत्री | १९१ (९६.५%) | ५ (२.५%) | २ (१.०%) | ० | १९८ (१००%) |
| तामाङ | ४ (१.०%) | ३९३ ९६.८%) | ८ (२.०%) | १ (०.२%) | ४०६ (१००%) |
| दलित | ९ (४७.४%) | ० | १० (५२.६%) | ० | १९ (१००%) |
| गुरुङ | २१ (९५.५%) | ० | १ (४.५%) | ० | २२ (१००%) |
| नेवार | २४ (९६.०%) | १ ((४.०%) | ० | ० | २५ (१००%) |
| अन्य | १५ (९३.८%) | १ (६.२%) | ० | ० | १६ (१००%) |
| **जम्मा** | **२६४** (१००%) | **४००** (१००%) | **२१** (१००%) | **१** (१००%) | **६८६** (१००%) |

## ४.३ बसोबास क्षेत्र र जनसङ्ख्या

गाविसको कुल जनसङ्ख्या ३३१४ जनामध्ये हाल ७८६ जना परिवारबाट छुट्टै (गाविस भित्रै वा गाविस बाहिर अन्य जिल्लामा वा अन्य देशमा) बस्दछन् । यसको अर्थ, कुल जनसङ्ख्याको जम्मा २३.८ प्रतिशत मानिसहरु परिवारबाट अलगै बसिरहेका छन् । परिवारबाट छुट्टिएर बस्नेमा पुरुषको सङ्ख्या ज्यादा (पुरुष :४७.११% र महिला १७.०७%) भेटिएको छ ।

वडागत आधारमा हेर्दा सबैभन्दा बढी वडा नं. ५ वासिन्दाहरु परिवारबाट अलग्गै बसेको पाइएको छ । यस वडाका कुल ६५८ जनामध्ये १९५ जना (२९.६%) परिवारबाट अलग बसेका छन् । त्यस्तै, वडा नं. ४ का २६ प्रतिशत, वडा ६ का २७.२ प्रतिशत र वडा ७ का २२.६ प्रतिशत व्यक्तिहरु परिवारबाट टाढा बसिरहेका छन् । वडा नं. ८ का जम्मा ८९३ जनामध्ये हाल १४५ जना (१६.२%) परिवारबाट अलग बसिरहेका छन् ।

नेपालका विभिन्न ग्रामीण क्षेत्रबाट मुलतः अध्ययन तथा रोजगारीको लागि शहरतर्फ लाग्ने क्रम बढ्दो छ । रोजगारीको लागि विदेशिने कार्य पनि बढीरहेको छ । साथै, सुविधा र रमझमपूर्ण जीवनको लागि वसाई सर्ने प्रक्रिया पनि बढीनै रहेको छ । तथापि, एउटै गाविसबाट कुल जनसङ्ख्याको झण्डै एकचौथाई संख्या गाविस बाहिर बसिरहेको अवस्था भने सामान्य होइन ।

बाहिरिएका युवाहरु फर्कने कार्य भने अत्यन्तै न्यून रहेको कुरा स्थानीय बुद्धिजिवि झवराज न्यौपाने बताउनु हुन्छ ।

तालिका : परिवारसँगै बस्ने र बाहिर बस्ने महिला र पुरुष संख्या

| वडा | परिवारसँगै बस्ने | | बाहिर बस्ने | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु |
| ४ | २७७ | २५८ | ६९ | ११९ | ३४६ | ३७७ |
| ५ | २५२ | २११ | ६४ | १३१ | ३१६ | ३४२ |
| ६ | १९५ | १७५ | ४० | ९८ | २३५ | २७३ |
| ७ | २११ | १९९ | ४४ | ७६ | २५५ | २७५ |
| ८ | ४०५ | ३४५ | ५९ | ८६ | ४६४ | ४३१ |
| जम्मा | १३४० | ११८८ | २७६ | ५१० | १६१६ | १६९८ |
| | | | १७.०७% | ४७.११% | १००% | १००% |

सर्भेक्षणको क्रममा हाल परिवारसँग अलभ रही गाविस भन्दा वसोवास गरिरहेकाहरु कुन स्थानमा बसिरहेका छन् भन्नेबारे सोधखोज गरिएको थियो । यस सम्बन्धमा, बाहिर बसिरहेकाहरुलाई मुलतः तीन वर्गमा विभाजन गरिएको छ : गाविस बाहिर तर सोही जिल्लामा (रसुवामा) वसोवास गर्ने, अर्को जिल्लामा (तर मुलुक भित्रै) वसोवास गर्ने, र मुलुक बाहिर वसोवास गर्नेहरु । हाल परिवारसँग अलग्गिएर बाहिर वसोवास गरिरहेका कुल ७८७ जनामध्ये ६४ जना (८.४%) जिल्ला भित्रै र लगभग ५८ प्रतिशत भने रसुवा बाहिर तर मुलुकका अन्य जिल्लामा वसोवास गरिरहेको पाइएको छ । अन्य जिल्लामा वसोवास गर्नेमध्ये धेरैजसो काठमाडौमा र केही चितवन जिल्लामा बसिरहेका पाइएका छन् ।

जिल्ला बाहिर (तर मुलुक भित्रै) वसोवास गर्ने सबैभन्दा बढी वडा नं. ४ र ५ का छन् । जिल्ला बाहिर वसोवास गर्ने कुल ४५६ जनामध्ये वडा ४ का २६.३ र वडा ५ का पनि २६.३ प्रतिशत नै छन् । सबैभन्दा कम वडा नं. ८ बाट जम्मा ११ प्रतिशत मात्रै छन् । वडा नं. ६ र ७ बाट क्रमसः २१.३ र १५.१ प्रतिशत छन् ।

हाल बाहिर बसिरहेकामध्ये लगभग ३४ प्रतिशत (२६६ जना) रोजगारी वा अन्य उद्देश्यले मुलक बाहिर छन् । मुलुक बाहिर बस्ने जम्मा २६६ जना अधिकांश पुरुष (२१०) छन् भने महिलाहरु ५६ जना छन् । यस गाविसबाट हाल मुलुक बाहिर बसिरहेको सङ्ख्याको हकमा भने सबैभन्दा बढी

वडा नं. ८ बाट जम्मा ४ जना (३१.६%) मुलुक बाहिर छन् । मुलुक बाहिर सबैभन्दा कम रहेकामा वडा ६ (१२.%) र ७ (१२.८%) पर्दछन् ।

तालिका : बाहिर बस्ने जनसंख्या

| वडा | यहि जिल्ला बस्ने | | अर्को जिल्ला बस्ने | | अन्य देशमा बस्ने | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु |
| ४ | ४ | ९ | ५४ | ६६ | ११ | ४४ | ६९ | ११९ |
| ५ | ५ | १२ | ५८ | ६२ | १ | ५७ | ६४ | १३१ |
| ६ | २ | ५ | २९ | ६८ | ९ | २५ | ४० | ९८ |
| ७ | ७ | ९ | ३४ | ३५ | ३ | ३२ | ४४ | ७६ |
| ८ | ५ | ६ | २२ | २८ | ३२ | ५२ | ५९ | ८६ |
| जम्मा | २३ | ४१ | १९७ | २५९ | ५६ | २१० | २७६ | ५१० |
| | ६४ (८.१४%) | | ४५६ (५८.०१%) | | २६६ (३३.८४%) | | ७८६ (१००%) | |

परिवारबाट अलग बसिरहेकाहरुमध्ये ७.३७ प्रतिशत गत १० वर्षभन्दा अघिदेखि अलग बसिरहेकाहरु छन् । त्यस्तै, लगभग १४.४ प्रतिशत व्यक्तिहरु ५ देखि १० वर्षसम्म बाहिर बसिरहेकाहरु छन् । गत १ वर्षदेखि परिवारबाट अलग (गाविस बाहिर) बसिरहेकाहरु कुल बाहिर बस्ने सङ्ख्याको ४३.७ प्रतिशत छन् । यसले पनि परिवारबाट अलग बस्ने सङ्ख्यामा वृद्धि हुँदै गइरहेको देखिन्छ ।

तालिका : बाहिर बसोवास गरेको अवधि

| वडा | ०-१ वर्षदेखि | २-३ वर्षसम्म | ३-५ वर्षसम्म | ५-१० वर्षसम्म | १० वर्षभन्दा बढी | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| ४ | ७९ | ५४ | २० | २५ | १० | १८८ |
| ५ | ११९ | ३५ | ६ | १९ | १६ | १९५ |
| ६ | ५२ | ३० | २५ | १६ | १५ | १३८ |
| ७ | ३० | २९ | २३ | २९ | ९ | १२० |
| ८ | ६४ | ३३ | १६ | २४ | ८ | १४५ |
| जम्मा | **३४४** | **१८१** | **९०** | **११३** | **५८** | **७८६** |
| | ४३.७६% | २३.०२% | ११.४५% | १४.३७% | ७.३७% | १००% |

सर्भेक्षणको क्रममा परिवारबाट अलग रहनुको कारणबारे पनि सोधिएको थियो । यस सम्बन्धमा बाहिर रहेका जम्मा ७८६ जनामध्ये सबैभन्दा बढी ४४५ जना (३४८ पुरुष र ९७ जना महिला) रोजगारीको लागि बाहिर बसिरहेका छन्, जुन कुल सङ्ख्याको ५६.६१ प्रतिशत हो । त्यस्तै, अध्ययनको लागि २१.७५ प्रतिशत र बाहिर बस्ने श्रीमान (वा थोरै मात्रामा श्रीमतीसँग) सँग बाहिर बसिरहेकाहरु (आफ्नै घरायसी काम गरेर) लगभग ८ प्रतिशत छन् । आफ्ना अभिभावकसँग आश्रीतको रुपमा बसिरहेका बालबालिकाहरु (अध्ययन गर्दै वा उमेर सानै भएका कारण त्यत्तिकै) ५.२१ प्रतिशत छन् ।

तालिका : गाउँबाहेक अन्यत्र वसोवास गर्नुका कारणहरू

| वडा | रोजगारको लागि | | अध्ययनको लागि | | (आफ्नै) घरको काम | | आश्रीतको रुपमा | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | १८ | ७४ | २१ | २८ | १७ | ५ | १० | ७ | ३ | ५ | ६९ | ११९ |
| ५ | १३ | १०४ | १२ | १६ | २७ | ३ | २ | २ | १० | ६ | ६४ | १३१ |
| ६ | १८ | ६० | ८ | २५ | ७ | १ | ३ | ६ | ४ | ६ | ४० | ९८ |
| ७ | १२ | ५१ | १६ | १४ | ८ | ० | २ | ३ | ६ | ८ | ४४ | ७६ |
| ८ | ३६ | ५९ | १२ | १९ | ५ | ४ | ४ | २ | २ | २ | ५९ | ८६ |
| **जम्मा** | ९७ | ३४८ | ६९ | १०२ | ६४ | १३ | २१ | २० | २५ | २७ | २७६ | ५१० |
| | ४४५ (५६.६१%) | | १७१ (२१.७५%) | | ७७ (९.७९%) | | ४१ (५.२१%) | | ५२ (६.६१%) | | ७८६ (१००%) | |

नोट : अन्य कारणहरुमा

## ४.४ जनसङ्ख्याका आधारमा सवल तथा सुधार पक्षहरु

### ४.४.१ जनसङ्ख्याका आधारमा सवल तथा सुधार पक्षहरु

- सेयर नेपालले लहरेपौवा गाविसको वडा नं. ४, ५, ६, ७ र ८ बाट सामाजिक विकास कार्यक्रम थालनी गर्ने निर्णय गरेको छ । लगभग आधा परिवारसँग (४८.६%) विकासका लागि सहकार्य गर्न लागेको कुरा सकारात्मक छ ।
- गाविसको अवस्था विश्लेषणका लागि स्याम्पल सर्भेक्षण नभई सेन्सस (सबै परिवारसँग) नै गरिएको थियो । सर्भेक्षणका लागि गाविसमा रहेका ७०७ परिवारसँग प्रश्नावली सर्भे गर्नुपर्नेमा ६८६ परिवारसँग भेटघाट हुनसक्यो भने २१ परिवारमा पटक पटक जाँदा पनि परिवारका सदस्यहरुसँग भेट हुन सकेन । तीमध्ये धेरै परिवारहरु भूकम्पका कारण गाविस

बाहिर रहेकाले पनि भेट हुन नसकेको हो । तथापि, कुल परिवार सङ्ख्याको ९७ प्रतिशत परिवारसँग प्रश्नावली सर्भे गरिएकोले यस प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क र सूचनाहरुले गाविसको स्पष्ट चित्रण गर्ने स्पष्ट देखिएको छ, जुन सर्भेक्षणको अत्यन्तै सवल पक्ष हो ।

- गाविसमा विभिन्न जातजातिका मानिसहरु एकआपसमा मिलेर बसिरहेका छन् । गाउँठाउँमा जातिय हिसाबले हुने भेदभाव न्यून देखिन्छ । यसलाई गाविसको एक महत्वपूर्ण सवल पक्षको रुपमा लिइनु पर्दछ ।

### ४.४.२ जनसङ्ख्याका आधारमा सुधार पक्षहरु

- एकल परिवार सङ्ख्या बढ्दै गएको छ, जुन त्यत्ति सकारात्मक होइन ग्रामीण परिप्रेक्ष्यमा ।
- राष्ट्रिय तथ्याङ्को तुलनामा गाविसमा पुरुषको सङ्ख्या ज्यादा देखिन्छ । जुन, अनौठो छ ।
- नेपालको जनसङ्ख्या वृद्धिदरको क्रम हेर्दा २०४८ जनगणनानुसार त्यतिबेलाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.०८ प्रतिशत थियो भने २०५८ सालको जनगणनाअनुसार २.२५ प्रतिशत थियो । तर, २०६८ सालको जनगणनाले वृद्धिदर १.३५ प्रतिशतमा झरेको देखाउँछ । यसरी घट्ने क्रम बढ्दै गएमा जनसङ्ख्या संरचनामा नकारात्मक असर पर्न सक्दछ । लहरेपौवा गाविसमा पनि १ वर्ष मुनीको शिशुको सङ्ख्या कुल जनसङ्ख्याको २.७ प्रतिशत मात्र छ, जुन निकै नै कम सङ्ख्या हो । यसको अर्थ, वच्चा जन्माउने दरमा भारी गिरावट आएको देखिन्छ, जुन भविष्यमा अत्यन्तै प्रत्युत्पादक हुनसक्छ ।
- हाल गाविसको कुल जनसङ्ख्याको जम्मा २३.८ प्रतिशत मानिसहरु परिवारबाट अलगै बसिरहेको पाइएका छन् । यो पनि सोँचनीय विषय हो ।
- बाहिर बस्ने कुल सङ्ख्याको ३३.८ प्रतिशत मुलुक बाहिर छन् । रोजगारी र वैदेशिक मुद्रा आर्जनको हिसाबले त राम्रो होला । तर, युवा वेरोजगारीको हिसाबले यो पनि सोँचनीय विषय हो ।
- लगभग ८ प्रतिशत सङ्ख्या १० वर्षभन्दा बढी समयदेखि बाहिर वसिरहेका छन् र गत वर्ष मात्र ३४४ जना बाहिर गएका देखिन्छन् । यसले पनि गाउँबाट बाहिरिनेको मात्रा बढ्दै गएको देखिन्छ ।

# भाग ५
# स्वास्थ्य, खानेपानी तथा सरसफाई

लहरेपौवा गाविसको यस अवस्था विश्लेषण अभ्यास प्रतिवेदनको यस भागमा गाविसको स्वास्थ्य, खानेपानी तथा सरसफाईको अवस्थाबारे विश्लेषणसहित व्याख्या गरिएको छ । यसका लागि सर्भेक्षणका क्रममा प्राप्त सूचनाहरु र स्वास्थ्य चौकी लगायत अन्य स्रोतबाट प्राप्त सूचनाहरुलाई उपयोग गरिएको छ ।

वि.सं. २०४३ साल अघिसम्म यहाँका वासिन्दाहरु स्वास्थ्य सुविधाका लागि कालिकास्थान वा धुन्चे वा त्रिसुली बजार पुग्नुपर्ने वाध्यता थियो । तर, २०४३ सालमा स्वास्थ्य चौकी स्थापना भएपछि भने स्वास्थ्य सुविधा आफ्नै गाउँमा प्राप्त गर्ने अवसर मिल्यो लहरेपौवासीहरुको लागि । हाल यहाँको स्वास्थ्य चौकीमा पाँचजना दक्ष्य कामदारहरु कार्यरत छन् भने यसले लहरेपौवावासीको लागि मात्र नभई राम्चेका ८ र ९ नंबरका जनताहरुलाई पनि सेवा पुऱ्याइरहेको छ । प्रतिवेदनको यस भागमा निम्न विषयवस्तुहरु समावेस गरिएका छन् :

५.१ स्वास्थ्य सेवाको अवस्था

५.२ दीर्घ रोगको अवस्था

५.३ अपाङ्गतासम्वन्धी विवरण

५.४ गर्भवती महिलाको सङ्ख्या

५.५ धुम्रपान गर्ने सङ्ख्या

५.६ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

५.७ शौचालयसम्बन्धी विवरण

५.७.१ शौचालय भएको परिवार सङ्ख्या

५.७.२ शौचालयको प्रकार

५.८ स्वास्थ्यसम्बन्धी सवल तथा सुधार पक्ष

५.८.१ स्वास्थ्यसम्बन्धी सवल पक्षहरु

५.८.२ स्वास्थ्यसम्बन्धी सुधार पक्षहरु

## ५.१ स्वास्थ्य सेवाको अवस्था

लहरेपौवा गाविसका प्राय जनताहरु प्राथमिक स्वास्थ्य सुविधाको लागि गाउँमै रहेको स्वास्थ्य चौकीमा जाने गर्दछन् । नुवाकोट जिल्लासँग जोडिएर रहेको गाविस भएकोले यहाँका वासिन्दाहरुका लागि जिल्ला अस्पताल धुन्चेभन्दा त्रिसुली नै नजिक हुने गरेको कारण भने कतिपय ठूला रोगहरुको लागि त्रिसुलीस्थित जिल्ला अस्पताल र काठमाडौसम्म पनि जाने गरेको पाइयो ।

वि.सं. २०४३ सालमा गाविसमा नै (वडा नं. ४ मा) स्वास्थ्य चौकी स्थापना भएपछि यस भेगका जनताहरुका लागि स्वास्थ्य सुविधा गाउँमा नै मिल्न थालेको देखिन्छ । यस स्वास्थ्य चौकीले हाल लहरेपौवा गाविसका वडा नं. ४, ५, ६ र ७ का वासिन्दाहरुलाई सेवा पुऱ्याइरहेको छ भने छिमेकी राम्चे गाविसका ८ र ९ का वासिन्दाहरु पनि स्वास्थ्य सेवाका लागि यसै स्वास्थ्य चौकीमा आउने गर्दछन् । साथै, महिनामा २ पटक चल्ने 'गाउँघर क्लिनिक'अन्तर्गत प्रत्येक महिनाको १६ गते लहरेपौवाको वडा नं. ८ गुम्वाडाँडाका र १७ गते वडा नं. २ को माझगाउँका जनताहरुलाई पनि सेवा पुऱ्याइरहेको छ ।

हाल यस स्वास्थ्य चौकीमा ५ जना कर्मचारीहरु कार्यरत छन् : एकजना सिनियर अ.हे.व., ३ जना अनमी र १ जना कार्यालय सहायक । स्वास्थ्य चौकीले हाल पुऱ्याइरहेको सेवाहरुमा प्राथमिक स्वास्थ्य उपचारलगायत परिवार नियोजन कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रमअन्तर्गत नियमित गर्भवती जाँच, चौविसघण्टे गर्भवती सेवा आदि हो । त्यस्तै स्वास्थ्य चौकीले बालबालिकाहरुको लागि पोषण कार्यक्रम, खोप कार्यक्रम र प्रत्येक विद्यालयमा (चौमासिक रुपमा) विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम पनि सञ्चालन गरिराखेको छ । क्षयरोगीहरुको लागि नियमित सेवा (डट्स कार्यक्रमअन्तर्गत), महामारी रोग नियन्त्रणका लागि विभिन्न क्रियाकलापहरु पनि गर्दै आएको छ । एच.आइ.भी.एड्ससम्बन्धी जनचेतना कार्यक्रम र किशोर किशोरीहरुको लागि काउन्सिलिङ् सेवा पनि यसले गर्ने अर्को क्रियाकलापमा पर्दछ ।

## ५.२ दीर्घ रोगको अवस्था

लहरेपौवा गाविसमा दीर्घरोग बारे छलफल गर्दा यहाँ मुलतः क्षयरोग, क्यान्सर, डाइबेटिज (चिनीरोग), मुटुको रोग, ग्यास्ट्राइटिक्स र उच्च रक्तचाप लाग्ने गरेको पाइयो । अन्य केही व्यक्तिहरु ढाड दुख्ने, युरिक एसिड, छारे रोग, मानसिक रोग आदि समस्याबाट ग्रसित रहेको पाइयो । गाविसका ६ जना क्षयरोगबाट प्रभावित छन् भने मुटुका रोगी १५ जना छन् । उच्च रक्तचापका ग्रसित ७२ जना छन् भने सबैभन्दा बढी ग्यास्ट्रीक्स समस्याका पिडितहरु २२८ जना छन् ।  सबैभन्दा बढी मुटुका रोगी (६ जना) वडा नं. ४ मा भेटिएका छन् । दीर्घरोगीहरु सबैभन्दा कम वडा नं. ८ मा छन् ।

तालिका : दीर्घ रोग लागेको व्यक्ति भएको परिवार सङ्ख्या

| वडा | क्षयरोग | क्यान्सर | चिनी रोग | मुटुको रोग | ग्यास्ट्रीक्स | उच्च रक्तचाप | अन्य |
|---|---|---|---|---|---|---|---|
| ४ | १ | १ | ० | ६ | ६१ | १८ | ४० |
| ५ | १ | ० | २ | ३ | ८६ | १४ | २४ |
| ६ | २ | २ | १ | ३ | ६३ | ३२ | २७ |
| ७ | ० | ० | १ | ३ | ११ | ४ | १८ |
| ८ | २ | ० | १ | ० | ७ | ४ | ६ |
| **जम्मा** | ६ | ३ | ५ | १५ | २२८ | ७२ | ११५ |

नोट : अन्य रोगहरुमा समुदायले उल्लेख गरेअनुसार लो प्रेसर, ढाड दुख्ने, आङ खस्ने, दम, आँखाको समस्या, सुनाईको समस्या, छारे रोग, माइग्रेन, छालाको रोग, एचआईभी एड्स्, युरिक एसिड, मानसिक रोग, पाइल्स, छाती दुख्ने आदि पर्दछन् । जसमध्ये, दमको रोग छ भन्ने कुरा २३ परिवारले उल्लेख गरेका छन् भने मानसिक रोग २ परिवारले आङ खस्ने १० परिवारले, लो प्रेसर ७ परिवारले ढाड दुख्ने ५ परिवारले उल्लेख गरेका छन् ।

## ५.३ अपाङ्गतासम्वन्धी विवरण

यस गाविसमा जम्मा १३३ जना, कुल जनसङ्ख्याको लगभग ४ प्रतिशत, शारीरिक रुपमा अपांग व्यक्ति भेटिएका छन् । सङ्ख्याको हिसाबले भन्नुपर्दा सबैभन्दा बढी अपांग सङ्ख्या वडा नं. ८ मा, जम्मा ३६ जना, पाइएका छन् । अन्य वडाहरुमा २१ देखि २८ को बीचको सङ्ख्यामा भेटिए । कुल अपांग सङ्ख्यामा महिलाभन्दा पुरुषको सङ्ख्या ज्यादा पाइएको छ ।

तालिका : अपाङ्ग महिला तथा पुरुष सङ्ख्या

| वडा | अपाङ्ता भएको संख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ४ | ९ | १६ | २५ | ३४६ | ३७७ | ७२३ |
| ५ | ५ | १६ | २१ | ३१६ | ३४२ | ६५८ |
| ६ | १५ | १३ | २८ | २३५ | २७३ | ५०८ |
| ७ | १० | १३ | २३ | २५५ | २७५ | ५३० |
| ८ | १० | २६ | ३६ | ४६४ | ४३१ | ८९५ |
| **जम्मा** | ४९ | ८४ | १३३ | १६१६ | १६९८ | ३३१४ |
| | ३.०३% | ४.९४% | ४.०१% | १००% | १००% | १००% |

शारीरिक रुपमा भएको अपांगताको प्रकार हेर्दा सबैभन्दा बढी सुनाईशक्ति गुमाएका (वा समस्या भएका)हरु छन् । जम्मा ३४ जना सुनाईसम्बन्धी अपांगता भएकाहरु छन् भने खुट्टामा समस्या

भएकाहरु २५ जना, अन्य शारीरिक समस्या भएका २२ जना र दृष्टीसँग सम्बन्धित २० जना देखिएका छन् ।

तालिका : अपाङ्गताको प्रकार

| वडा | हिँडाई (खुट्टा) | | दृष्टी सम्बन्धी | | अन्य शारीरिक | | सुनाई सम्बन्धी | | बोलाई सम्बन्धी | | मानसिक | | वहु अपाङ्गता | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | १ | ३ | २ | २ | ० | २ | १ | ३ | १ | २ | १ | ० | १ | ३ | १ | ३ |
| ५ | १ | ३ | १ | ४ | १ | २ | ० | ३ | १ | ० | ० | ० | १ | ३ | १ | ३ |
| ६ | ३ | ४ | ० | २ | ३ | ३ | ३ | १ | २ | ० | १ | १ | १ | २ | १ | २ |
| ७ | २ | २ | ० | २ | १ | ३ | ६ | ५ | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ८ | १ | ५ | २ | ५ | २ | ५ | ४ | ८ | ० | ० | ० | ३ | १ | ० | १ | ० |
| **जम्मा** | ८ | १७ | ५ | १५ | ७ | १५ | १४ | २० | ४ | २ | ३ | ४ | ४ | ८ | ४ | ८ |

## ५.४ गर्भवती महिलाको सङ्ख्या

माथिको बुँदामा (बुँदा नं. ४.२.२) उल्लेख भएअनुसार यस गाविसमा बालबालिकाको (विशेषगरी १ वर्षसम्मका) सङ्ख्यामा कमी आउन थालेको देखिएको छ । तलको तालिकामा प्रस्तुत तथ्याङ्कले हाल भएका बालबालिकाको सङ्ख्यामा मात्र कमी आएको नभई यस गाविसमा हालका गर्भवती महिलाको सङ्ख्यामा कमी आउन थालेको देखाउँछ । गाविसमा जम्मा ६८६ परिवार रहेकोमा हाल जम्मा २५ परिवारमा (३.६%) मात्र गर्भवती महिलाहरु छन् ।

तालिका : गर्भवती महिला भएको (र नभएको) परिवार सङ्ख्या

| वडा | गर्भवती महिला भएको | गर्भवती महिला नभएको | जम्मा संख्या |
|---|---|---|---|
| ४ | ३ | १६२ | १६५ |
| ५ | ५ | १३५ | १४० |
| ६ | ३ | ९९ | १०२ |
| ७ | ६ | ९५ | १०१ |
| ८ | ८ | १७० | १७८ |
| **जम्मा** | **२५** | **६६१** | **६८६** |
| | (३.६%) | (९६.४%) | (१००%) |

जातजातिको आधारमा हेर्ने हो भने तलको तालिकामा उपलब्ध तथ्याङ्कले तामाङ जातिको ४.४ प्रतिशत परिवारका महिलाहरु हाल गर्भवती रहेको देखाउँछ भने बाहुन क्षेत्रीका २.५ प्रतिशत, गुरुङ्गको ४.५ प्रतिशत र अन्य (मगर)का ६.२ प्रतिशत महिला गर्भवती छन् । यस तथ्याङ्अनुसार दलित जातिमा हाल कोही पनि महिला गर्भवती नरहेको देखिन्छ । त्यस्तै, नेवार जातिमा पनि कोही पनि महिला हाल गर्भवती अवस्थामा छैनन् । यस तथ्याङ्ले जनसङ्ख्या वृद्धिदर कतै घट्दै जाने त होइन भन्ने प्रश्न खडा गरिदिएको छ ।

तालिका : जातजातिको आधारमा गर्भवती महिला भएको परिवार सङ्ख्या

| जातजाति | गर्भवती महिला नभएको | गर्भवती महिला भएको | जम्मा संख्या |
|---|---|---|---|
| बाहुन क्षेत्री | १९३ (९७.५%) | ५ (२.५%) | १९८ (१००%) |
| तामाङ | ३८८ (९५.६%) | १८ (४.४%) | ४०६ (१००%) |
| दलित | १९ (१००%) | ० | १९ (१००%) |
| गुरुङ | २१ (९५.५%) | १ (४.५%) | २२ (१००%) |
| नेवार | २५ (१००%) | ० | २५ (१००%) |
| अन्य | १५ (९३.८%) | १ (६.२%) | १६ (१००%) |
| **जम्मा** | **६६१** (९६.४%) | **२५** (३.६%) | **६८६** (१००%) |

## ५.५ धुम्रपान गर्ने सङ्ख्या

गाविसमा धुम्रपान गर्ने सङ्ख्याबारे पनि छलफल गरिएको थियो सर्भेक्षणका क्रममा । यस सम्बन्धमा, कुल परिवारको लगभग ३६ प्रतिशत परिवारमा धुम्रपान गर्ने व्यक्तिहरु रहेको पाइएको छ । सबै वडामा लगभग ३३ देखि ३८ प्रतिशत परिवारमा कम्तिमा पनि १ सदस्य धुम्रपान गर्नेहरु छन् । सबैभन्दा बढी वडा नं. ७ मा कुल परिवार सङ्ख्याको ३८.६ प्रतिशत परिवारमा धुम्रपान गर्नेहरु भेटिएका छन् । सबैभन्दा कम वडा नं. ४ मा कुल परिवार सङ्ख्याको ३३.३ प्रतिशत परिवारमा धुम्रपानकर्ताहरु देखिए । यस तथ्याङ्ले धुम्रपानसम्बन्धी सचेतना कार्यक्रम अगाडि बढाउनु पर्ने देखाउँछ ।

तालिका : धुम्रपान गर्ने व्यक्ति भएको परिवार सङ्ख्या

| वडा | धुम्रपान नगर्ने | धुम्रपान गर्ने | जम्मा संख्या |
|---|---|---|---|
| ४ | ११० | ५५ | १६५ |
| ५ | ८७ | ५३ | १४० |
| ६ | ६३ | ३९ | १०२ |
| ७ | ६२ | ३९ | १०१ |
| ८ | ११५ | ६३ | १७८ |
| **जम्मा** | **४३७** (६३.७%) | **२३७** (३६.३%) | **६८६** (१००%) |

प्राप्त तथ्याङ्कलाई जातजातिको आधारमा धुम्रपानको अवस्था कस्तो छ भनी विश्लेषण गरिएको थियो । यस सम्बन्धमा, सबैभन्दा बढी गुरुङ्ग परिवारमा धुम्रपानकर्ता पाइएका छन् । कुल गुरुङ्ग परिवारको ५० प्रतिशत परिवारमा धुम्रपान गर्नेहरु छन् । सबैभन्दा कम जम्मा १८.८ प्रतिशत मगर परिवारमा धुम्रपानकर्ताहरु भेटिएका छन् भने त्यसपछि दलितहरुको परिवारमा कम सङ्ख्यामा रहेका छन् ।

तालिका : जातजातिको आधारमा धुम्रपान गर्ने व्यक्ति भएको परिवार सङ्ख्या

| जातजाति | धुम्रपान नगर्ने | धुम्रपान गर्ने | जम्मा संख्या |
|---|---|---|---|
| बाहुन क्षेत्री | १३५ (६८.२%) | ६३ (३१.६%) | १९८ (१००%) |
| तामाङ | २४८ (६१.१%) | १५८ (३८.९%) | ४०६ (१००%) |
| दलित | १५ (७८.९%) | ४ (२१.१%) | १९ (१००%) |
| गुरुङ | ११ (५०.०%) | ११ (५०.०%) | २२ (१००%) |
| नेवार | १५ (६०.०%) | १० (४०.०%) | २५ (१००%) |
| अन्य | १३ (८१.२%) | ३ (१८.८%) | १६ (१००%) |
| **जम्मा** | **४३७ (६३.७%)** | **२३७ (३६.३%)** | **६८६** (१००%) |

## ५.६ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

यस गाविसमा मुलतः खानेपानीका स्रोतहरुमा पाइपको पानी, प्राकृतिक मूल, कुवा वा इनार नदी तथा नहरको पानी भेटिएका छन् । सिंगो देशका कुल परिवारको ४७.७८ प्रतिशतले परिवारले धारा/पाइपबाट र ३५.०० प्रतिशतले ट्युववेल/हाते पम्पबाट पिउने पानी आपूर्ति गर्ने गरेको देखिएको छ । दश वर्ष अघि अर्थात २०५८ सालमा धारा/पाइप र ट्युववेल/हाते पम्पबाट पिउने पानीको सुविधा उपभोग गर्ने परिवारहरू क्रमशः ५३.४ प्रतिशत र २८.६० प्रतिशत थिए । त्यस्तै, रसुवा जिल्लाको तथ्याङ्क हेर्दा जम्मा ८७.५३ प्रतिशत परिवारले धारा/पाइपको पानी पिउने गरेको पाइएको छ ।

यस लहरेपौवा गाविसमा लगभग ९३ प्रतिशत परिवारहरुको धारा/पाइपको पानीमा पहुँच भएको देखिन्छ । यस तथ्याङ्कअनुसार सिंगो मुलुक र रसुवा जिल्लाको तुलनामा यस गाविसमा धाराको पानीमा पहुँच भएकाहरु ज्यादा देखिन्छन् । सामान्यतया पाइपको पानी स्वास्थ्य (तथा सरसफाईको दृष्टिकोणबाट) बढी सुरक्षित देखिन्छ । तसर्थ, यस गाविसका वासिन्दाहरुको स्वच्छ खानेपानीमा बढी पहुँच भएको देखिन्छ । गाविसका जम्मा ५.१ प्रतिशत परिवारले मात्र प्राकृतिक मूलबाट प्रत्यक्षा पानी ल्याएर पिउने गरेको पाइयो । यसले गाविसमा पिउने पानीका हिसाबले राम्रो स्थिति रहेको देखाउँदछ । तथापि, भूकम्पपश्चात् कतै पानीको मूल सुक्ने र कतै फुक्ने (पानीको मात्रा बढ्ने) गरेको देखिएको छ । लहरेपौवा गविसको प्राय सबै वडामा, विशेषगरी माथिल्लो भेगमा, पानीका स्रोतहरु सुकेको पाइएका छन् ।

तालिका : प्रयोग गरिएका खानेपानीका प्रमुख स्रोतहरू

| वडा | पाइपको पानी | प्राकृतिक मूल | कुवा, इनार | नदी नहर | जम्मा |
|---|---|---|---|---|---|
| ४ | १५८ | १ | ३ | ३ | १६५ |
| ५ | १०८ | २५ | ६ | १ | १४० |
| ६ | ९३ | ८ | १ | ० | १०२ |
| ७ | १०० | १ | ० | ० | १०१ |
| ८ | १७६ | ० | २ | ० | १७८ |
| **जम्मा** | **६३५** | **३५** | **१२** | **४** | **६८६** |
| | (९२.६%) | (५.१%) | (१.७%) | (०.६%) | (१००%) |

## ५.७ शौचालयसम्बन्धी विवरण

### ५.७.१ शौचालय भएको परिवार सङ्ख्या

देशको तथ्याङ्कअनुसार जम्मा ६१.८३ प्रतिशत घरमा आफ्नै शौचालय छ । रसुवा जिल्लाको हकमा ५६.८५ प्रतिशतको घरमा छ भने लहरेपौवा गाविसको हकमा ७८.७ प्रतिशतको घरमा रहेको पाइयो । तापनि, अझै गाविसको कुल ६८६ परिवारमध्ये २१ प्रतिशतको घरमा शौचालय नभएको देखिन्छ । यस गाविसलाई केही समय अघि खुला दिशामुक्त गाविसको रुपमा घोषणा गरिएको थियो । तर, अझै पनि २१ प्रतिशत घरमा शौचालय नहुनुले केही चाहिँ घोषणा हुँदा सहि अनुगमन हुन नसकेको र केही घरधुरीमा भने भूकम्पले शौचालय भत्काएको पाइएको छ । सबैभन्दा बढी शौचालय नभएको वडा नं. ८ मा पाइएको छ । यस वडाका कुल घरधुरीमध्ये ३३.१ प्रतिशतको घरमा शौचालय छैन । शौचलय निर्माण गरी गाविसलाई पुनः खुला दिशामुक्त गाविसको रुपमा स्थापित गर्नु पर्ने देखिएको छ ।

तालिका : शौचालय भएको परिवार

| वडा | शौचालय छ | शौचालय छैन | जम्मा |
|---|---|---|---|
| ४ | १३१ | ३४ | १६५ |
| ५ | १२३ | १७ | १४० |
| ६ | ९० | १२ | १०२ |
| ७ | ७७ | २४ | १०१ |
| ८ | ११९ | ५९ | १७८ |
| **जम्मा** | **५४०** | **१४६** | **६८६** |
| | ७८.७% | २१.३% | १००% |

जातजातिको आधारमा भन्नुपर्दा हाल सबैभन्दा बढी शौचालय नहुनेमा तामाङ जाति पर्दछन् । लगभग २६ प्रतिशत तामाङ परिवारको घरमा शौचालय नरहेको स्थिति देखिएको छ । तामाङ पछि गुरुङ्ग (१८.२%) र त्यसपछि बाहुन क्षेत्री (१५.२%) को घरमा शौचालय नभएको देखिन्छ । सबैभन्दा बढी शौचालय भएको तथ्याङ् मगर जातिको देखिएको छ । हाल ९३.८ प्रतिशत मगर परिवारमा शौचालय छ भने ६.२ प्रतिशत परिवारमा मात्र शौचालय बनाउनु पर्ने देखिन्छ । मगर पछि बढी शौचालय हुनेमा नेवार पर्दछन् । अहिले कुल परिवार सङ्ख्याको १२ प्रतिशत परिवारमा मात्र शौचालय नभएको देखिएको छ ।

तालिका : जातजातिको आधारमा शौचालय भएको परिवार संङ्ख्या

| जातजाति | शौचालय छ | शौचालय छैन | जम्मा |
|---|---|---|---|
| बाहुन क्षेत्री | १६८ (८६.८%) | ३० (१५.२%) | १९८ (१००%) |
| तामाङ | ३०१ (७४.१%) | १०५ (२५.९१%) | ४०६ (१००%) |
| दलित | १६ (८४.२%) | ३ (१५.८%) | १९ (१००%) |
| गुरुङ | १८ (८१.८%) | ४ (१८.२%) | २२ (१००%) |
| नेवार | २२ (८८.०%) | ३ (१२.०%) | २५ (१००%) |
| अन्य | १५ (९३.८%) | १ (६.२%) | १६ (१००%) |
| **जम्मा** | **५४०** (७८.७%) | **१४६** (२१.३%) | **६८६** (१००%) |

## ५.७.२ शौचालयको प्रकार

गाविसको शौचालयन भएका अधिकांश परिवारमा 'जल प्रवेश' वा आफैले पानी हाल्नु पर्ने प्रकारको शौचालयको वाहुल्यता रहेको देखिन्छ । लगभग ८६ प्रतिशत परिवारमा यस प्रकारको शौचालय पाइएको छ । त्यस्तै, शौचालय भएको कुल ५४० परिवारमध्ये १३ प्रतिशत परिवारमा खाल्डे चर्पी छन् ।

तालिका : शौचालयको प्रकार

| वडा | जल प्रवाह (फ्लस) | जल प्रवेश (आफैले पानी हाल्ने) | खाल्डे चर्पी | अन्य | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|
| ४ | २ | १२४ | ५ | ० | १३१ |
| ५ | १ | १०६ | १५ | १ | १२३ |
| ६ | १ | ६७ | २२ | ० | ९० |
| ७ | १ | ७२ | ४ | ० | ७७ |
| ८ | १ | ९३ | २५ | ० | ११९ |
| **जम्मा** | ६ | ४६२ | ७१ | १ | ५४० |
| | (१.१%) | (८५.६%) | (१३.१%) | (०.२%) | (१००%) |

## ५.८ स्वास्थ्यसम्बन्धी सवल तथा सुधार पक्ष

### ५.८.१ स्वास्थ्यसम्बन्धी सवल पक्षहरु

- वि.सं. २०४३ सालमा गाविसमा स्थापना भएको स्वास्थ्य चौकीले लहरेपौवा गाविसका वडा नं. ४, ५, ६ र ७ का वासिन्दा र राम्चे गाविसका ८ र ९ का वासिन्दालाई नियमित रुपमा स्वास्थ्य सेवा पुऱ्याइरहेको छ ।
- यस गाविस नुवाकोट जिल्लासँग जोडिएको हुँदा यहाँका वासिन्दालाई कुनै ठूलै स्वास्थ्य समस्या परेमा सहजै त्रिसुलीको जिल्ला अस्पताल वा काठमाडौ जान सकिने स्थिति छ ।
- यस लहरेपौवा गाविसमा लगभग ९३ प्रतिशत परिवारहरुको धारा/पाइपको पानीमा पहुँच भएको देखिन्छ । यस तथ्याङ्कअनुसार सिंगो मुलुक र रसुवा जिल्लाको तुलनामा यस गाविसमा धाराको पानीमा पहुँच भएकाहरु ज्यादा देखिन्छन् । सामान्यतया पाइपको पानी स्वास्थ्य (तथा सरसफाईको दृष्टिकोणबाट) बढी सुरक्षित देखिन्छ ।
- देशको तथ्याङ्कअनुसार जम्मा ६१.८३ प्रतिशत घरमा आफ्नै शौचालय छ । रसुवा जिल्लाको हकमा ५६.८५ प्रतिशतको घरमा छ भने लहरेपौवा गाविसको हकमा ७८.७ प्रतिशतको घरमा रहेको पाइयो ।

### ५.८.२ स्वास्थ्यसम्बन्धी सुधार पक्षहरु

- लहरेपौवा गाविसमा दीर्घरोग बारे छलफल गर्दा यहाँ मुलतः क्षयरोग, क्यान्सर, डाइबेटिज, मुटुको रोग, ग्यास्ट्राइटिक्स र उच्च रक्तचाप लाग्ने गरेको पाइयो । गाविसका ६ जना क्षयरोगबाट प्रभावित छन् भने मुटुका रोगी १५ जना छन् । उच्च रक्तचापका ग्रसित ७२ जना छन् भने सबैभन्दा बढी ग्यास्ट्रीक्स समस्याका पिडितहरु २२८ जना छन् ।
- यस गाविसमा जम्मा १३३ जना, कुल जनसङ्ख्याको लगभग ४ प्रतिशत, शारीरिक रुपमा अपांग व्यक्ति भेटिएका छन् ।
- गाविसमा जम्मा ६८६ परिवार रहेकोमा हाल जम्मा २५ परिवारमा (३.६%) मात्र गर्भवती महिलाहरु छन् । यस तथ्याङ्ले जनसङ्ख्या वृद्धिदर कतै घट्दै जाने त होइन भन्ने प्रश्न खडा गरिदिएको छ ।
- कुल परिवारको लगभग ३६ प्रतिशत परिवारमा धुम्रपान गर्ने व्यक्तिहरु रहेको पाइएको छ । सबै वडामा लगभग ३३ देखि ३८ प्रतिशत परिवारमा कम्तिमा पनि १ सदस्य धुम्रपान गर्नेहरु छन् । यस तथ्याङ्ले धुम्रपानसम्बन्धी सचेतना कार्यक्रम अगाडि बढाउनु पर्ने देखाउँछ ।

- गाविसमा पिउने पानीको पर्याप्त उपलब्धता भए तापनि भूकम्पपश्चात् कतै पानीको मूल सुक्ने र कतै फुक्ने (पानीको मात्रा बढ्ने) गरेको देखिएको छ । लहरेपौवा गविसको प्राय सबै वडामा, विशेषगरी माथिल्लो भेगमा, पानीका स्रोतहरु सुकेको पाइएका छन् ।
- अझै पनि गाविसको कुल ६८६ परिवारमध्ये २१ प्रतिशतको घरमा शौचालय नभएको देखिन्छ । यस गाविसलाई केही समय अघि खुला दिशामुक्त गाविसको रुपमा घोषणा गरिएको थियो । तर, अझै पनि गाविसको कुल ६८६ परिवारमध्ये २१ प्रतिशत घरमा शौचालय नरहेको देखिएको छ । गाविसका सबै घरधुरीमा शौचालय निर्माण गरी गाविसलाई पुनः खुला दिशामुक्त गाविसको रुपमा स्थापित गर्नु पर्ने देखिएको छ ।

# भाग ६
# शिक्षा तथा साक्षरता

प्रतिवेदनको यसमा भागमा लहरेपौवा गाविसमा शिक्षा र साक्षरताको अवस्था कस्तो छ भन्नेबारे प्रस्तुत गरिएको छ। काठमाडौंबाट नजिकै रहेको र नुवाकोट जिल्लासँग जोडिएको गाविस हुँदाहुँदै पनि २०१९ सालमा यस गाविसमा पहिलो प्राथमिक विद्यालय स्थापना भएपश्चात् मात्रै स्थानीय स्तरमा नै औपचारिक शिक्षा पाउने अवसर मिलेको थियो । तापनि २०४५ सालसम्म यहाँ प्राथमिक तहसम्मको अध्ययनको मात्र अवसर थियो । २०४५ सालमा निम्नमाध्यमिक र ४६ सालमा माध्यमिकत तहमा विद्यालयको स्तरोन्नती भएपछि भने यहाँका वासिन्दाहरुलाई माध्यमिक तहसम्मको औपचारिक शिक्षा गाउँमा नै पाउने अवसर प्राप्त भएको थियो । तथापि, हालसम्म पनि उच्च शिक्षा अध्ययनको लागि बाहिरै जानुपर्ने स्थिति कायमै छ । प्रतिवेदनको यस भागमा शिक्षा र साक्षरतासम्बन्धी निम्न विषयवस्तुहरु समावेस गरिएका छन् :

६.१ विद्यालयसम्बधी विवरण

६.१.१ विद्यालयको सङ्ख्या र प्रकार

६.१.२ विद्यार्थीको विवरण

६.१.३ शिक्षकको विवरण

६.१.४ शिक्षक विद्यार्थी अनुपात

६.१.५ भौतिक पूर्वाधारको स्थिती

६.२ बाल विकास केन्द्रको विवरण

६.३ औपचारिक शिक्षा र विद्यार्थी सङ्ख्या

६.४ साक्षरताको अवस्था

६.५ शैक्षिक अवस्थासम्बन्धी सवल र सुधार पक्ष

६.५.१ शैक्षिक अवस्थासम्बन्धी सवल पक्षहरु

६.५.२ शैक्षिक अवस्थासम्बन्धी सुधार पक्षहरु

## ६.१ विद्यालयसम्बधी विवरण

### ६.१.१ विद्यालयको सङ्ख्या र प्रकार

लहरेपौवा गाविसमा जम्मा ६ वटा विद्यालयहरु छन् । प्राथमिक विद्यालय ३ वटा, निम्न माध्यमिक विद्यालय १ र माध्यमिक विद्यालय १ ले गाविसवासीलाई औपचारिक शिक्षाको सेवा उपलब्ध गराइराखेका छन् । गाविसमा वि.सं. २०१९ सालमा पहिलो प्राथमिक विद्यालय स्थापना हुनु अघि यहाँका बालबालिकाहरु औपचारिक शिक्षाको लागि कालिकास्थान वा त्रिसुली जानुपर्ने वाध्यता थियो । तर, २०१९ सालमा प्राथमिक विद्यालय स्थापना भएपश्चात् गाउँमै शिक्षाको अवसर उपलब्ध भयो । उक्त विद्यालय २०४५ सालमा निम्नमाध्यमिक तहमा बढुवा भएपछि गाविसवासीलाई थप सुविधा पुग्यो शिक्षा प्राप्तिको लागि । साथै, त्यसको ठीक एकवर्ष पछि वा २०४६ सालमा सोही विद्यालय माध्यमिक तहमा स्तरोन्नती भएपछि भने माध्यमिक तहसम्मको पढाइको लागि गाविस बाहिर जानु नपर्ने भयो ।

वडा नं. ५ मा भने पहिलो प्राथमिक विद्यालय २०३७ सालमा स्थापना भएको थियो । त्यस्तै, वडा नं. ७ पहिलो प्रावि २०३९ सालमा स्थापना भएपछि सो भेगमा नै शिक्षाको स्थितिमा सुधार आउन थाल्यो ।

तालिका : विद्यालयको सङ्ख्या र स्थान

| विद्यालयको तह | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ४ | ५ | ६ | ७ | ८ | |
| प्राथमिक विद्यालय | √ | √ | | | √ | ३ |
| निम्न माध्यमिक विद्यालय | | | | √ | √ | २ |
| माध्यमिक विद्यालय | | | √ | | | १ |
| उच्च माध्यमिक विद्यालय | | | | | | ० |
| **जम्मा** | **१** | **१** | **१** | **१** | **२** | **६** |

हाल लहरेपौवा गाविस (यस सर्भेक्षणले ओगटेको वडा ४, ५, ७ र ८) का सबै वडाहरुमा विद्यालय स्थापना भइसकेका छन् । वडा नं. ४, ५ र ८ मा एक/एक प्राथमिक विद्यालय छ भने वडा नं. ७ र ८ मा एक/एक वटा निमावि र वडा नं. ६ मा माध्यमिक विद्यालय स्थापना भएका छन् । यी सबै विद्यालयहरु सरकारी विद्यालयहरु हुन् । यी सबै विद्यालयहरुमा बाल विकास केन्द्र पनि स्थापना गरिएका छन्, जसको कारण लगभग ३ देखि ५ वर्षसम्मका बालबालिकाले बालमैत्री रुपमा शिक्षा तथा स्याहार पाउने स्थिति रहेको छ ।

हालसालै स्थानीय स्तरमा नीजि विद्यालयहरु स्थापना गरिने सुरसारमा रहेका छन् । नीजि विद्यालयहरुको सुरुआतपश्चात् गाविसका बालबालिकाहरुले थप सुविधा पाउनेछन् ।

तालिका : तहगत आधारमा विद्यालयको नामावली र प्रकार

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | तह | प्रकार | बालविकास केन्द्र |
|---|---|---|---|---|---|
| १ | श्री ढुङ्गे नि.मा.वि. | ७ | निमावि | सरकारी | छ |
| २ | श्री भुवनेश्वरी प्रा.वि. | ४ | प्रावि | सरकारी | छ |
| ३ | श्री नारायण स्थान नि.मा.वि. | ८ | निमावि | सरकारी | छ |
| ४ | श्री काभ्रे प्रा.वि. | ८ | प्रावि | सरकारी | छ |
| ५ | श्री नव विजयी महेन्द्र मा.वि | ६ | मावि | सरकारी | छ |
| ६ | श्री मालिका देवि प्रा.वि. | ५ | प्रावि | सरकारी | छ |

### ६.१.२ विद्यार्थीको विवरण

लहरेपौवा गाविसमा रहेका ६ विद्यालयहरुमा जम्मा ७५२ जना छात्रछात्राले पठनपाठन गरिरहेका छन् । जम्मा ७५२ जनामध्ये माविमा २५० जना, निमाविमा २४१ जना र प्राविमा जम्मा २६१ जना अध्ययनरत छन् । वडा नं. ८ मा स्थापित काभ्रे प्राविमा जम्मा १६ जना मात्र विद्यार्थी छन् । त्यस्तै, वडा नं. ४ को भुवनेश्वर प्राविमा पनि जम्मा ३३ जना मात्र विद्यार्थीहरु छन् । यसले प्राथमिक तहमा विद्यार्थी सङ्ख्या घट्दै गइरहेको देखिन्छ । विभिन्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सङ्ख्यामध्ये छात्रा (४४.८%) भन्दा छात्रको सङ्ख्या (५५.२%) बढी देखिन्छ ।

तालिका : विद्यालयअनुसार विद्यार्थी सङ्ख्या

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | |
| १ | श्री ढुङ्गे नि.मा.वि. | ४१ | ६८ | १०९ |
| २ | श्री भुवनेश्वरी प्रा.वि. | १६ | १७ | ३३ |
| ३ | श्री नारायण स्थान नि.मा.वि. | ६१ | ७१ | १३२ |
| ४ | श्री काभ्रे प्रा.वि. | ९ | ७ | १६ |
| ५ | श्री नव विजयी महेन्द्र मा.वि | ११० | १४० | २५० |
| ६ | श्री मालिका देवि प्रा.वि. | १०० | ११२ | २१२ |
| | **जम्मा** | **३३७** | **४१५** | **७५२** |

### ६.१.४ शिक्षक विद्यार्थी अनुपात

यस गाविसमा रहेका विद्यालयहरुमा शिक्षक र विद्यार्थीको अनुपात उपयुक्त नै देखिन्छ । एकजना शिक्षकले बढीमा ४० जना विद्यार्थीलाई अध्यापन गराउने सरकारी नीति रहि आएकोमा वडा नं. ५ को मालिका देवी प्राविमा बाहेक अन्य सबै विद्यालयमा एकजना शिक्षको अनुपातमा ४० जना भन्दा निकै कम विद्यार्थी रहेको पाइएको छ । श्री काभ्रे प्राविमा १ जना शिक्षकको जिम्मामा जम्मा ८ जना विद्यार्थी मात्र परेको छ । सबै विद्यालयको विद्यार्थी र शिक्षकको सङ्ख्या तुलना गरी हेर्दा १ जनाको अनुपातमा सालाखाला जम्मा १६.३ जना विद्यार्थी परेको देखिन्छ ।

तालिका : विद्यालय अनुसार शिक्षक विद्यार्थी अनुपात

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | जम्मा शिक्षक सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री ढुङ्गे नि.मा.वि. | १०९ | १० | १:१०.९ जना |
| २ | श्री भुवनेश्वरी प्रा.वि. | ३३ | ४ | १:८.२ जना |
| ३ | श्री नारायण स्थान नि.मा.वि. | १३२ | १० | १:१३.२ जना |
| ४ | श्री काभ्रे प्रा.वि. | १६ | २ | १:८ जना |
| ५ | श्री नव विजयी महेन्द्र मा.वि | २५० | १५ | १:१६.७ जना |
| ६ | श्री मालिका देवि प्रा.वि. | २१२ | ५ | १:४२.४ जना |
| | **जम्मा** | **७५२** | **४६** | **१:१६.३ जना** |

### ६.१.५ भौतिक पूर्वाधारको स्थिती

**क. कक्षा कोठाको अवस्था (गाह्रो र छाना)**

तालिका : कक्षाकोठाको अवस्था

| क्र.सं. | विद्यालयको नाम | केही पनि नभएको | अलिअलि चर्केको तर प्रयोग गर्न सकिने | धेरै चर्केर प्रयोग गर्न नसकिने | पुरै भत्केको |
|---|---|---|---|---|---|
| १ | श्री ढुङ्गे नि.मा.वि. | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री भुवनेश्वरी प्रा.वि. | | | | |
| ३ | श्री नारायण स्थान नि.मा.वि. | | | | |
| ४ | श्री काभ्रे प्रा.वि. | | | | |
| ५ | श्री नव विजयी महेन्द्र मा.वि | | | | |
| ६ | श्री मालिका देवि प्रा.वि. | | | | |

## ख. खानेपानी र शौचालयको व्यवस्था

तालिका : विद्यालयमा खानेपानी र शौचालयको व्यवस्था

| क्र.सं. | विद्यालयको नाम | खानेपानीको व्यवस्था भए नभएको | खानेपानीको मुख्य श्रोत | शौचालयको व्यवस्था छ/छैन |
|---|---|---|---|---|
| १ | श्री ढुङ्गे नि.मा.वि. | | | |
| २ | श्री भुवनेश्वरी प्रा.वि. | | | |
| ३ | श्री नारायण स्थान नि.मा.वि. | | | |
| ४ | श्री काभ्रे प्रा.वि. | | | |
| ५ | श्री नव विजयी महेन्द्र मा.वि | | | |
| ६ | श्री मालिका देवि प्रा.वि. | | | |

## ६.२ बाल विकास केन्द्रको विवरण

तालिका : बालविकास केन्द्रअनुसार विद्यार्थी सङ्ख्या

| क्र.सं. | बालविकास केन्द्रको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

| | | |
|---|---|---|
| ४ | | |
| ५ | | |
| ६ | | |

## ६.३ औपचारिक शिक्षा र विद्यार्थी सङ्ख्या

सर्भेक्षणका क्रममा लहरेपौवा गाविसमा औपचारिक तथा व्यावशायिक शिक्षा हासिल गर्ने व्यक्तिहरु कति छन् र उनीहरुले कुन तहसम्मको शिक्षा हासिल गरेका छन् भन्नेबारे छलफल गरिएको थियो । यस सम्बन्धमा प्राप्त तथ्याङ्क विश्लेषण गर्दा यस गाविसमा ५ वर्ष माथिको जनसङ्ख्या जम्मा ३०१८ जना देखिएको छ, जसमध्ये महिला ४९.३ प्रतिशत र पुरुष ५०.७ प्रतिशत छन् ।

तालिका : ५ वर्ष मुनी र माथिका उमेर समूहअनुसार जनसङ्ख्या

| वडा | ०-५ वर्ष जनसङ्ख्या | | | ५ वर्ष माथिको जनसङ्ख्या | | | जम्मा जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ४ | १९ | ३१ | ५० | ३२७ | ३४६ | ६७३ | ३४६ | ३७७ | ७२३ |
| ५ | ३१ | ३८ | ६९ | २८५ | ३०४ | ५८९ | ३१६ | ३४२ | ६५८ |
| ६ | १८ | २५ | ४३ | २१७ | २४८ | ४६५ | २३५ | २७३ | ५०८ |
| ७ | १७ | ३३ | ५० | २३८ | २४२ | ४८० | २५५ | २७५ | ५३० |
| ८ | ४४ | ४० | ८४ | ४२० | ३९१ | ८११ | ४६४ | ४३१ | ८९५ |
| **जम्मा** | १२९ | १६७ | २९६ | **१४८७** | **१५३१** | **३०१८** | **१६१६** | **१६९८** | **३३१४** |
| | | | | ४९.३% | ५०.७% | १००% | | | |

यहाँका वासिन्दाहरुले प्राप्त गरेको शिक्षालाई चार प्रकारमा वर्गीकरण गरिएको छ । पहिलोमा यहाँका वासिन्दाहरुले प्राप्त गरेको औपचारिक शिक्षा । औपचारिक शिक्षामा विद्यालयमा तहमा प्राप्त गरेको शिक्षा (प्रावि, निमावि र मावि तहको शिक्षा) । त्यस्तै, यस तहमा प्लस टु, स्नातक र स्नातकोत्तर तथा सो भन्दा माथिको तहको शिक्षा पर्दछ । यसबारे यस पछाडिको तालिकामा प्रस्तुत गरिएको छ । दोस्रो वर्गीकरणमा अन्य शिक्षा भनी तलको तालिकामा तथ्याङ्क प्रस्तुत गरिएको छ । अन्यमा विभिन्न व्यवशायिक विद्यालयहरुबाट प्राप्त व्यावशायिक तथा प्राविधिक शिक्षा पर्दछ । यसअन्तर्गत् अनमी, प्राविधिक कृषि, सब-ओभरसियर आदि पर्दछन् । तेस्रो वर्गीकरणमा अनौपचारिक शिक्षा राखिएको छ । यसअन्तर्गत् वयस्क महिला र पुरुषहरुले प्रौढ

कक्षा लगायत अन्य तरिकाले लिएको अनौपचारिक शिक्षा पर्दछ । चौथोमा कुनै तरिकाले नामा चाहिँ लेख्न जानेको तर अन्य कुराहरु लेखपढ गर्न नसक्नेहरु पर्दछन् ।

यस गाविसमा ५ वर्षमाथिका १४८७ महिला र १५३१ पुरुष गरी जम्मा ३०१८ जना रहेकोमा ५ वर्षमाथिको कुल सङ्ख्याको ६६.७ प्रतिशतले औपचारिक शिक्षा हासिल गरेका छन् भने अन्य शिक्षा (व्यावशायिक तथा प्राविधिक शिक्षा) लिने अत्यन्तै न्यून (०.६%) छन् । त्यस्तै, कुल सङ्ख्याको २.९ प्रतिशतले अनौपचारिक शिक्षा हासिल गरेका छन् भने नाम मात्र लेख्न जान्ने १६.४ प्रतिशत छन् ।

तालिका : शिक्षा प्राप्त गर्ने सङ्ख्या

| **वडा** | **औपचारिक शिक्षा** | | | **अन्य शिक्षा** | | | **अनौपचारिक शिक्षा** | | | **नाम मात्र लेख्न जान्ने** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ४ | १९३ | २५७ | ४५० | ४ | ४ | ८ | ९ | १० | १९ | ६० | ४१ | १०१ |
| ५ | १८३ | २४२ | ४२५ | १ | ० | १ | २० | ११ | ३१ | ५१ | २६ | ७७ |
| ६ | १३० | १८६ | ३१६ | १ | ६ | ७ | १६ | ५ | २१ | ४१ | ३३ | ७४ |
| ७ | १४५ | १९९ | ३४४ | ० | ० | ० | ८ | १ | ९ | ५७ | २५ | ८२ |
| ८ | २२४ | २५४ | ४७८ | ० | १ | १ | १ | ७ | ८ | ९८ | ६५ | १६३ |
| **जम्मा** | ८७५ | ११३८ | २०१३ | ६ | **११** | **१७** | **५४** | **३४** | **८८** | **३०७** | **१९०** | **४९७** |
| | ५८.८% | ७४.३% | ६६.७% | ०.४% | ०.७% | ०.६% | ३.६% | २.२% | २.९% | २०.६% | १२.४% | १६.५% |

नोट : माथिको प्रतिशत ५ वर्ष माथिको जनसङ्ख्यासँग तुलना गरेर निकालिएको हो ।

औपचारिक शिक्षा प्राप्त गरेका जम्मा २०१३ जना (८७५ महिला र ११३८ पुरुष) मध्ये ३६.४ प्रतिशतले प्राथमिक तहसम्मको शिक्षा उत्तिण गरेका छन् । त्यस्तै, लगभग १३ प्रतिशतले निम्न माध्यमिक तहसम्मको शिक्षा र २० प्रतिशतले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेका छन् । ८ देखि १० कक्षासम्म उत्तिण हुने (टेस्ट पाससम्म) लाई माध्यमिक तहको शिक्षा प्राप्त गर्ने वर्गमा राखिएको छ ।

एसएलसी पास गर्नेहरु कुल सङ्ख्याको १७.२ प्रतिशत छन् । त्यस्तै, प्लस टु सक्नेहरु ३.६ प्रतिशत र स्नातक गर्नेहरु ३.६ प्रतिशत छन् । स्नातोकत्तर वा त्यो भन्दा माथि अध्ययन सकेकाहरु जम्मा १.२ प्रतिशत छन् । यो तहमा विद्यावारिधि गर्ने वडा नं. ५ का १ जना पुरुष वडा ४ का १ जना महिला पनि पर्दछन् । तलको तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कले प्रावि देखि माविसम्मको

जम्मा ६९.३ प्रतिशत छन् भने एसएलसी सक्नेहरु १७.२ र त्यसपछिको तहहरुमा सङ्ख्या अत्यन्तै न्यून (घट्दै गएको) देखाउँछ । यसले क्रमसः ड्रपआउट सङ्ख्या बढ्दै गएको देखिन्छ ।

तालिका : औपचारिक शिक्षा प्राप्त गर्ने जनसङ्ख्या (उत्तीर्ण गरेको तहको आधारमा)

| वडा | प्रा.वि. तह | | नि.मा.वि. तह | | मा.वि. तह | | एस.एल.सी. | | प्लस टु | | स्नातक | | स्नातकोत्तर र सोभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | ५२ | ७८ | २५ | ३९ | ३८ | ३९ | ३७ | ५१ | १८ | १७ | १७ | २० | ६ | १३ |
| ५ | ५८ | ९१ | २८ | २२ | ३७ | ४४ | ३४ | ५४ | १७ | २६ | ९ | ३ | ० | २ |
| ६ | ४९ | ५९ | १२ | १६ | २६ | ४४ | २३ | ३८ | १४ | २१ | ५ | ७ | १ | १ |
| ७ | ४५ | ७२ | १८ | २६ | ३९ | ४४ | १८ | ३७ | २२ | १६ | ३ | ४ | ० | ० |
| ८ | ९८ | १३० | ३८ | ३६ | ५२ | ४० | २३ | ३१ | १० | १४ | २ | ३ | १ | ० |
| **जम्मा** | ३०२ | ४३० | १२१ | १३९ | १९२ | २११ | १३५ | २११ | ८१ | ९४ | ३६ | ३७ | ८ | १६ |
| | ७३२ (३६.४%) | | २६० (१२.९%) | | ४०३ (२०.०%) | | ३४६ (१७.२%) | | १७५ (८.७%) | | ७३ (३.६%) | | २४ (१.२%) | |

## ६.४ साक्षरताको अवस्था

तलको तालिकाले ५ वर्षमाथिको माथिको जनसङ्ख्या र साक्षरताको स्थिति प्रस्तुत गर्दछ । तल प्रस्तुत साक्षरताको सङ्ख्यामा ५ वर्षभन्दा माथिका लेखपढ गर्न जान्ने सबै (औपचारिकलगायत अन्य शिक्षा पाएकाहरु पनि) लाई समावेस गरिएको छ । गाविसका ५ वर्ष माथिका कुल ३०१८ जनामध्ये ८६.६ प्रतिशत साक्षर छन् । यो राष्ट्रको कुल साक्षरता प्रतिशत (६५.९ प्रतिशत) भन्दा निकै बढी हो । गाविसको कुल महिला सङ्ख्याको ८३.५ प्रतिशत साक्षर पाइएका छन् । यो पनि राष्ट्रिय तहको भन्दा निकै बढी छ ।

केही समय अघि लहरेपौवा गाविसलाई पूर्ण साक्षर गाविसको रुपमा घोषणा गरिएको थियो । साक्षरताको प्रतिशत उच्च तहको भए तापनि अझै लगभग १४ प्रतिशतलाई साक्षर बनाउनु पर्ने देखिन्छ ।

तालिका : साक्षरताको आधारमा जनसङ्ख्या (५ वर्षभन्दा माथिको मात्र)

| **वडा** | **साक्षर** | | | **असाक्षर** | | | **जम्मा सङ्ख्या** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| ४ | २६६ | ३१२ | ५७८ | ६१ | ३४ | ९५ | ३२७ | ३४७ | ६७३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | २५५ | २७९ | ५३४ | ३० | २५ | ५५ | २८५ | ३०४ | ५८९ |
| ६ | १८८ | २३० | ४१८ | २९ | १८ | ४७ | २१७ | २४८ | ४६५ |
| ७ | २१० | २२५ | ४३५ | २८ | १७ | ४५ | २३८ | २४२ | ४८० |
| ८ | ३२३ | ३२७ | ६५० | ९७ | ६४ | १६१ | ४२० | ३९१ | ८११ |
| **जम्मा** | **१२४२** | **१३७३** | **२६१५** | **२४५** | **१५८** | **४०३** | **१४८७** | **१५३१** | **३०१८** |
| | ८३.५% | ८९.७% | ८६.६% | १६.५% | १०.३% | १३.४% | १००% | १००% | १००% |

## ६.५ शैक्षिक अवस्थासम्बन्धी सवल र सुधार पक्ष

### ६.५.१ शैक्षिक अवस्थासम्बन्धी सवल पक्षहरु

- हाल लहरेपौवा गाविस (यस सर्भेक्षणले ओगटेको वडा ४, ५, ७ र ८) का सबै वडाहरुमा विद्यालय स्थापना भइसकेका छन् । वडा नं. ४, ५ र ८ मा एक/एक प्राथमिक विद्यालय छ भने वडा नं. ७ र ८ मा एक/एक वटा निमावि र वडा नं. ६ मा माध्यमिक विद्यालय स्थापना भएका छन् ।
- एकजना शिक्षकले बढीमा ४० जना विद्यार्थीलाई अध्यापन गराउने सरकारी नीति रहि आएकोमा वडा नं. ५ को मालिका देवी प्राविमा बाहेक अन्य सबै विद्यालयमा एकजना शिक्षको अनुपातमा ४० जना भन्दा निकै कम विद्यार्थी रहेको पाइएको छ । श्री काभ्रे प्राविमा १ जना शिक्षकको जिम्मामा जम्मा ८ जना विद्यार्थी मात्र परेको छ । सबै विद्यालयको विद्यार्थी र शिक्षकको सङ्ख्या तुलना गरी हेर्दा १ जनाको अनुपातमा सालाखाला जम्मा १६.३ जना विद्यार्थी परेको देखिन्छ ।
- गाविसका ५ वर्ष माथिका कुल ३०१८ जनामध्ये ८६.६ प्रतिशत साक्षर छन् । यो राष्ट्रको कुल साक्षरता प्रतिशत (६५.९ प्रतिशत) भन्दा निकै बढी हो । गाविसको कुल महिला सङ्ख्याको ८३.५ प्रतिशत साक्षर पाइएका छन् । यो पनि राष्ट्रिय तहको भन्दा निकै बढी छ ।

### ६.५.२ शैक्षिक अवस्थासम्बन्धी सुधार पक्षहरु

- औपचारिक शिक्षासम्बन्धी प्रस्तुत गरिएको तथ्याङ्कले प्रावि देखि माविसम्मको जम्मा ६९.३ प्रतिशत छन् भने एसएलसी सक्नेहरु १७.२ र त्यसपछिको तहहरुमा सङ्ख्या अत्यन्तै न्यून (घट्दै गएको) देखाउँछ । यसले क्रमस: ड्रपआउट सङ्ख्या बढ्दै गएको देखिन्छ ।

- गाविसको वडा नं. ८ मा स्थापित काभ्रे प्राविमा जम्मा १६ जना मात्र विद्यार्थी छन् । त्यस्तै, वडा नं. ४ को भुवनेश्वर प्राविमा पनि जम्मा ३३ जना मात्र विद्यार्थीहरु छन् । यसले प्राथमिक तहमा विद्यार्थी सङ्ख्या घट्दै गइरहेको देखिन्छ ।
- उच्च शिक्षाको लागि भने अझै पनि गाउँमा व्यवस्था नभएको हुँदा यहाँका विद्यार्थीहरु कालिकास्थान, त्रीसुली वा अन्यत्र जानुपर्ने अवस्था छ ।
- अझै लगभग १४ प्रतिशतलाई साक्षर बनाउनु पर्ने देखिन्छ ।

# भाग ७
# आर्थिक अवस्था

प्रतिवेदनको यस भागमा लहरेपौवा गाविसको आर्थिक अवस्थालाई प्रस्तुत गरिएको छ । आर्थिक अवस्था सम्बन्धी विभिन्न तथ्याङ् तथा सूचनाहरुलाई उल्लेख गरिएका छन् ।

यस गाविसको मूल पेशा भनेको कृषि तथा पशुपालन नै हो । यहाँका लगभग दुईतिहाई परिवारहरु मुलतः कृषि पेशामा नै संलग्न छन् र यसैलाई आफ्नो मूल जिविकोपार्जनको आधार मान्दछन् । तथापि, आफ्नै खेतीपातीबाट वर्षभरी ढुक्क खान पुग्ने परिवार १० प्रतिशत भन्दा कम पाइएका छन् । खानपान व्यवस्थापनका लागि अन्य वैकल्पिक उपायहरु साथसाथ अपनाउनु पर्ने स्थिति छ । यिनै विषयवस्तुहरुलाई प्रतिवेदनको यस भागमा विश्लेषण गरिएको छ । समग्रमा यस भागमा निम्न विषयवस्तुहरु समावेस गरिएका छन् :

७.१ घरको अवस्था र प्रकार : भूकम्प पहिले र अहिले

७.२ प्रमुख आर्थिक स्रोत र मुल पेशा

७.३ जमीनमा स्वामित्व र खाद्य पर्याप्तता

७.४ खाद्य पर्याप्तता

७.५ उद्योगको अवस्था र आयवृद्धिका उपायहरु

७.६ आर्थिक अवस्थासम्बन्धी सवल तथा सुधार पक्षहरु

७.६.१ आर्थिक अवस्थासम्बन्धी सवल पक्षहरु

७.६.२ आर्थिक अवस्थासम्बन्धी सुधार पक्षहरु

### ७.१ घरको अवस्था र प्रकार : भूकम्प पहिले र अहिले

सर्भेक्षणका क्रममा भूकम्प पहिले घरको अवस्था कस्तो थियो भन्नेबारे छलफल गरिएको थियो । जम्मा ६८६ परिवारसँग गरिएको सर्भेक्षणले ती परिवारसँग जम्मा ७९४ घरहरु रहेको भेटिएको थियो । यस गाविसमा कुनै पनि परिवार घरविहिन थिएनन् । जम्मा ६८६ परिवारसँगै कम्तिमा पनि एक घर थियो भने २ वटा घर भएका जम्मा ९८ परिवार थिए । त्यस्तै, ९ परिवारसँग ३ वटा घर थियो ।

तालिका : भूकम्प अघि घर संख्या भएका परिवारहरु

| वडा | १ वटा घर भएकाहरु | २ वटा घर भएकाहरु | ३ वटा घर भएकाहरु | जम्मा संख्या |
|---|---|---|---|---|
| ४ | १६५ | ४३ | ६ | २१४ |
| ५ | १४० | १८ | १ | १६० |
| ६ | १०२ | ११ | ० | ११३ |
| ७ | १०१ | १४ | १ | ११६ |
| ८ | १७८ | १२ | १ | १९१ |
| जम्मा | ६८६ | ९८ | ९ | ७९४ |

गाविसका ६८६ परिवारको जम्मा ७९४ घर भए तापनि भूकम्प अघि र पछि उनीहरु बस्ने मुल घरको अवस्थाबारे मात्रै यस प्रतिवेदनमा उल्लेख गरिएको छ । भूकम्प पहिलेको अवस्थाअनुसार गाविसका अधिकांश घरहरु जस्ताको छानाका थिए । ६८६ मध्ये २६ वटा घरहरुको छाना सिमेन्टको (कंक्रिट) ढलान गरिएका थिए भने ६३६ घरहरुमा जस्ताको छाना छाइएको थियो । जम्मा २३ घरको छाना ढुंगाको थियो र १ घरको छाना टायलको थियो ।

तालिका : भूकम्प पहिलेको घरको छानाको प्रकार

| वडा | जस्ता | ढलान | टायल/झिंगटी | ढुंगा वा स्लेट | जम्मा |
|---|---|---|---|---|---|
| ४ | १४९ | १० | ० | ६ | १६५ |
| ५ | १३९ | १ | ० | ० | १४० |
| ६ | ९४ | १ | ० | ७ | १०२ |
| ७ | ८९ | १ | १ | १० | १०१ |
| ८ | १६५ | १३ | ० | ० | १७८ |
| **जम्मा** | ६३६ | २६ | १ | २३ | ६८६ |

त्यस्तै, भूकम्प अघिको घरको भित्ता वा पर्खाल कस्तो थियो भन्ने प्रश्नको जवाफमा यहाँका अधिकांश घरहरुको पर्खाल ढुंगामाटोबाट बनाइएका थिए । कुल ६८६ घरमध्ये ९५ प्रतिशत घरको पर्खाल ढुंगामाटोबाट बनाइएको थियो भने ३.४ प्रतिशत सिमेन्टको र १.३ प्रतिशतको पर्खाल इँट्टाको थियो ।

तालिका : भूकम्प पहिलेको घरको भित्ताको प्रकार

| वडा | इँट्टा | ढुंगा माटो | काठ | सिमेन्ट | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ | ५ | १५९ | ० | ० | १ | १६५ |
| ५ | ० | १३१ | ० | ९ | ० | १४० |
| ६ | १ | १०० | ० | १ | ० | १०२ |
| ७ | २ | ९७ | ० | १ | १ | १०१ |
| ८ | १ | १६५ | ० | १२ | ० | १७८ |
| **जम्मा** | ९ | ६५२ | ० | २३ | २ | ६८६ |

रसुवाको अन्य गाविसझैँ यस लहरेपौवा गाविसलाई पनि भूकम्पले तहसनहस बनाएको छ । लगभग ५५ जनाको ज्यानै गएको यस गाविसका लगभग सम्पूर्ण घरहरु बस्न नमिल्ने गरी भत्किएको वा चर्किएको अवस्थामा पुगेको छ । गाविसका लगभग ८७ प्रतिशत घरहरु पुरै भत्केका छन् भने ६.६ प्रतिशत घरहरु धेरै चर्केकोले बस्न नमिल्ने अवस्थामा छन् । गाविसका १.२ प्रतिशत घरहरु (जम्मा ८) मा भूकम्पको असर परेको देखिएन भने ३७ वटा घरहरु (५.४%) केही चर्केतापनि बस्न मिल्ने अवस्थाका छन् ।

तालिका : भूकम्पपश्चात् घरको (हालको) अवस्था

| वडा | घरको अवस्था ठीक छ | अलीअली चर्केको छ, तर बस्न सकिन्छ | धेरै चर्केकोले बस्न सकिने अवस्था छैन | पुरै भत्केको छ | जम्मा |
|---|---|---|---|---|---|
| ४ | ० | ७ | ११ | १४७ | १६५ |
| ५ | ० | ७ | २० | ११३ | १४० |
| ६ | १ | १२ | १० | ७९ | १०२ |
| ७ | १ | ३ | ४ | ९३ | १०१ |
| ८ | ६ | ८ | ० | १६४ | १७८ |
| **जम्मा** | **८** | **३७** | **४५** | **५९६** | **६८६** |

गाविसका लगभग ९४ प्रतिशत घरहरु बस्न नमिल्ने भएको कारण हाल यहाँका वासिन्दाहरु कहाँ बसिरहेका छन् भन्ने प्रश्न महत्वपूर्ण छ । यस सम्बन्धमा ११ परिवार (१.६%) आफ्नो घर ठीकै लागेकोले घरमै बसिरहेका छन् भने ३९ परिवार (५.७%) घर अलिअलि चर्केको (वा धेरै चर्केपनि बस्न मिल्ने ठानेर) घरमै बसिरहेका छन् । अझै पनि २ परिवार त्रिपालमा बसिरहेका छन् भने लगभग ८८ प्रतिशत (६०२) परिवारहरु अस्थायी टहरामा बसिरहेका छन् । जम्मा ११ परिवारले भने नयाँ घर बनाएर सरेका छन् । यसमध्ये केही घर भूकम्पको समयमा नै बन्ने क्रममा थिए । गाविसका २१ परिवारहरु भने कोही छिमेककोमा र केही (९ परिवार) काठमाडौमा आफन्तको शरणमा रहेको पाईएका छन् ।

तालिका : भूकम्प पश्चात हाल कहाँ बसिरहेको ?

| वडा | घर ठीकै लागेकोले घरमै | चर्केको घरमै | अस्थायी टहरामा | त्रिपालमा | नयाँ घर बनाएर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ४ | ० | ६ | १४५ | १ | २ | ११ | १६५ |
| ५ | ० | ७ | १३० | ० | १ | २ | १४० |
| ६ | २ | १३ | ८३ | ० | १ | ३ | १०२ |
| ७ | १ | ३ | ८७ | ० | ६ | ४ | १०१ |
| ८ | ८ | १० | १५७ | १ | १ | १ | १७८ |
| **जम्मा** | **११** | **३९** | **६०२** | **२** | **११** | **२१** | **६८६** |

नोट : अन्य ठाउँमा बस्ने सवालमा ९ परिवारले काठमाडौमा बसिरहेका छौँ भनेर उल्लेख गरेका छन् भने केहीले वरपर छिमेकको घरमा आश्रय लिएको कुरा बताएका छन् ।

## ७.२ प्रमुख आर्थिक स्रोत र मुल पेशा

यहाँका वासिन्दाहरुको जिविकोपार्जनको प्रमुख स्रोत भनेको कृषि उत्पादन (र केहीको पशुपालन) नै हो । सर्भेक्षणका क्रममा यहाँका परिवारहरुलाई 'तपाईको प्रमुख ३ वटा आम्दानीका स्रोतहरु के हुन्' भनी प्रश्न गरिएको थियो । यस सम्बन्धमा ६८६ परिवारमध्ये ५९३ (८६.४%) ले प्रमुख आम्दानीको स्रोत (प्रमुख ३ स्रोतमध्ये १) कृषि नै हो भन्ने बताएका छन् । कृषिपछिको दोस्रो मुल आम्दानीमा वैदेशिक रोजगार देखिएको छ । गाविसका लगभग २६६ परिवारका कोही न कोही वैदेशिक रोजगारमा रहेको देखिएको छ । यसले पनि वैदेशिक राजगारी आम्दानीको महत्वपूर्ण स्रोतको रुपमा देखिन्छ । अर्को प्रमुख स्रोतमा जागिर (१७.२%) र व्यवशाय (१३.८%) देखिएको छ । यस गाविसका केही युवाहरु ट्रेकिङ व्यवशायमा पनि संलग्न पाइएका छन् । विशेषगरी वडा नं. ४, ६ र ८ का केही युवाहरुले ट्रेकिङ र पर्यटनलाई एक प्रमुख आम्दानीको स्रोत बताएका छन् ।

गाविसका सामाजिक कार्यकर्ता तथा वुद्धिजिविहरुसँगको अनौपचारिक कुराकानीका क्रममा गाविसका थुप्रै परिवारहरुले जिल्लामा सञ्चालित जनविद्युत परियोजनामा सेयर लगानी गरेको भन्नेबारे सुनिए तापनि प्रमुख आम्दानीको स्रोतका सम्बन्धमा यसबारे कसैले पनि खासै खुलाएको भेटिएन । यसबारे स्थानीय वुद्धिजिविहरुसँगको छलफलबाट अझै पनि भरपर्दो रुपमा जलविद्युतमा गरिएको लगानीबाट उल्लेखनीय आम्दानी नभईसकेको कारण यसबारे कसैले पनि नखुलाएको हुनसक्ने अनुमान गरिएको छ ।

तालिका : परिवारको प्रमुख ३ आम्दानीका स्रोतहरु

| वडा | कृषि तथा पशुपालन | व्यापार | जागिर | वैदेशिक रोजगार | कृषि मजदुरी | गैर-कृषि मजदुरी | पेन्सन | ट्रेकिङ/पर्यटन व्यवशाय | सिकमी | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १२९ | २६ | ३३ | ४८ | ४४ | २२ | ० | ६ | १८ | १६५ |
| ५ | ११७ | २० | २४ | ४३ | ४३ | १५ | ६ | ० | १ | १४० |
| ६ | ८४ | ११ | २५ | २५ | १९ | ३० | ० | ६ | ० | १०२ |
| ७ | ९४ | १५ | १८ | २६ | १० | ५० | २ | ० | २ | १०१ |
| ८ | १६९ | २३ | १८ | ६८ | १ | ६८ | १ | ३ | ० | १७८ |
| **जम्मा** | **५९३** | **९५** | **११८** | **२१०** | **११७** | **१८५** | **९** | **१५** | **२१** | **६८६** |
| | ८६.४% | १३.८% | १७.२% | ३०.६% | १७% | २७% | १.३% | २.२% | ३% | १००% |

प्रमुख आम्दानीको स्रोतसँग प्रमुख पेशा पनि जोडिएर आउने गर्दछ । सर्भेक्षणको क्रममा यहाँका वासिन्दाहरुको प्रमुख पेशाबारे पनि छलफल गरिएको थियो । गाविसमा सबैभन्दा बढी (३३.१%) कृषि तथा पशुपालनलाई प्रमुख पेशा बताउनेहरु नै भेटिए । दोस्रो ठूलो सङ्ख्या विद्यार्थीहरु छन्, जसले कुल जनसङ्ख्या (५ वर्षमाथिको जम्मा ३०१८ जना)को ३० प्रतिशत ओगट्छन् । त्यस्तै, तेस्रो मूख्य पेशामा वैदेशिक रोजगारी (८.६%) र त्यसपछि घरायसी कामकाजमा व्यस्तहरु जम्मा ७.६ प्रतिशत छन् ।

यस गाविसमा जागिरे र व्यवशायमा लागेकाहरु पनि भेटिएका छन् । जागिर खाने जनसङ्ख्या जम्मा ५.६ प्रतिशत छन् भने व्यवशाय गर्नेहरु पनि कुल जनसङ्ख्याको ३.३ प्रतिशत छन् । यसबाहेक ज्याला मजदुरी गर्ने सङ्ख्यामा पनि ठूलै मात्रामा भेटिएका छन् । यस वर्गमा कुल जनसङ्ख्याको ५.७ प्रतिशत परेका छन् ।

आफूलाई पूर्ण वेराजगारी बताउनेहरु पनि २.६ प्रतिशत भेटिएका छन् । पूर्ण वेरोजगार र घरायसी काममा लाग्नुपर्नेहरु जोड्दा जम्मा झण्डै १० प्रतिशत हुन आउँछ । त्यस्तै कृषि तथा पशुपालनमा लाग्ने ३३ प्रतिशतले पनि कृषिबाट मात्र पूर्ण रुपमा गुजारा हुन नसक्ने र ज्यालामजदुरी गर्नुपर्ने पनि ५.७ प्रतिशत देखिँदा यस गाविसमा जिविकोपार्जनको लागि विशेष योजना बनाउनु पर्ने देखिन्छ ।

तालिका : प्रमुख पेशाको आधारमा जनसंख्या (५ वर्षभन्दा माथिको मात्र)

| वडा | कृषि/ पशुपालन | | ज्याला मजदुरी | | वैदेशिक रोजगार | | व्यापार व्यवशाय | | विद्यार्थी | | घरायसी काम | | जागिर | | ट्रेकिङ/ पर्यटन | | पेन्सन/ वयोवृद्ध | | बेरोज-गार | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | १३८ | ७८ | ७ | ३१ | १० | ४६ | ३ | ९ | ९७ | १०४ | ३९ | ४ | १४ | ३१ | ० | २ | ६ | ५ | ३ | १७ | १० | १९ | ३२७ | ३४६ |
| ५ | ७० | ८५ | ० | ३६ | ० | ५१ | १७ | १३ | ८६ | ७३ | ९० | ४ | १५ | ३० | ० | ० | ६ | ३ | ० | ८ | १ | १ | २८५ | ३०४ |
| ६ | ९३ | ७० | २ | १५ | ९ | २८ | ९ | ९ | ६० | ६८ | १७ | ७ | ८ | ३० | ० | २ | ११ | ३ | ३ | १५ | ५ | १ | २१७ | २४८ |
| ७ | ७३ | ५० | ५ | २९ | २ | २९ | ९ | ९ | ८४ | ७२ | ४६ | २ | ७ | १६ | ० | ० | ५ | ३ | ६ | २५ | १ | ७ | २३८ | २४२ |
| ८ | १९८ | १४५ | १० | ३७ | ३२ | ५२ | ९ | १२ | १३९ | १२२ | १८ | १ | ६ | १२ | ० | १ | ० | २ | ० | ० | ८ | ७ | ४२० | ३९१ |
| **जम्मा** | ५७२ | ४२८ | २४ | १४८ | ५३ | २०६ | ४७ | ५२ | ४६६ | ४३९ | २१० | १८ | ५० | ११९ | ० | ५ | २८ | १६ | १२ | ६५ | २५ | ३५ | १४८७ | १५३१ |
| | १००० (३३.१%) | | १७२ (५.७%) | | २५९ (८.६%) | | ९९ (३.३%) | | ९०५ (३०.०%) | | २२८ (७.६%) | | १६९ (५.६%) | | ५ (०.२%) | | ४४ (१.५%) | | ७७ (२.६) | | ६० (२.०%) | | ३०१८ (१००%) | |

## ७.३ जमीनमा स्वामित्व र खाद्य पर्याप्तता

गाविसको कुल परिवार सङ्ख्याको ८६ प्रतिशतले आफ्नो परिवारको प्रमुख आम्दानीको स्रोत ‘कृषि उत्पादन’ रहेको बताएको र कुल जनसङ्ख्याको ३३ प्रतिशतले ‘खेतीपाती’लाई आफ्नो मूल पेशा बताएको हुँदा गाविसवासीको जमीन माथिको स्वामित्वको सवाल अत्यन्तै महत्वपूर्ण छ । तथापि, यसबारे सहि सूचना पाउनु पनि अत्यन्तै कठीन कुरा हो । विशेषगरी महाभूकम्प पछिको विषम परिस्थितिमा जमीनमाथिको स्वामित्वबारे छलफल गर्नु संवेदनशील रहेको अनुभव गरियो । भूकम्पले आहत पारेको अवस्थामा सरकारी र गैरसरकारी निकायबाट पाउने (र पाइरहेको) सहयोग - खासागरी आर्थिक सहयोगका कारण पनि गाविसवासीले आफ्नो जमीन कति छ,

त्यसबाट कति उत्पादन हुन्छ र त्यसले कति महिना ढुक्क खान पुग्छ भन्नेबारे सूचना दिन 'गाह्रो' मानेको महसुस गरियो । यस्तो परिस्थितिमा थप प्रश्न गर्न पनि झनै संवेदनशिल रहेको अनुभव गरिएको हुँदा स्थानीय सहजकर्ताले कतिपय अवस्थामा 'आफूलाई थाहा हुँदाहुँदै पनि कतिपय बेला सहि सूचना आउन नसकेको' अनुभव सुनाएका छन् । तथापि, सकेसम्म सहि सूचना ल्याउनका लागि थप प्रश्न गर्नुका साथै पर्याप्त 'प्रोबिङ' पनि गरिएको कुरा उनीहरु बताउँछन् ।

कुल परिवारमध्ये २५ परिवारले (३.६%) बाउले अंश नदिएको वा अन्य कुनै कारण आफूसँग जमीन (खेत र बारी) नभएको कुरा बताएका छन् । जम्मा २२७ परिवारले (३३.१%) आफूसँग १ रोपनासम्म खेत भएको कुरा बताएका छन् । लगभग आधाले (४७.६%) ले आफूसँग १ देखि ५ रोपनीसम्म खेत भएको कुरा बताएका छन् भने लगभग १२ प्रतिशतले ६ देखि १० रोपनीसम्म र ४ प्रतिशत जतिले १० रोपनीभन्दा बढी खेत रहेको कुरा बताएका छन् ।

टेबुल : जमीन (खेत)मा स्वामित्व

| वडा | खेत नभएको | १ रोपनी भन्दा कम | १ देखि ५ रोपनीसम्म भएको | ६ देखि १० रोपनीसम्म भएको | १० रोपनी भन्दा बढी भएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ | २० | १५ | ७३ | ४५ | १२ | १६५ |
| ५ | ० | ३० | ९५ | ९ | ६ | १४० |
| ६ | १ | २१ | ६१ | १५ | ४ | १०२ |
| ७ | ३ | ४१ | ४९ | ६ | २ | १०१ |
| ८ | १ | १२० | ४८ | ६ | ३ | १७८ |
| **जम्मा** | **२५** | **२२७** | **३२६** | **८१** | **२७** | **६८६** |
| | **३.६%** | **३३.१%** | **४७.६%** | **११.८%** | **३.९%** | **१००%** |

त्यस्तै बारी कति छ भन्नेबारे गरिएको प्रश्नमा १३.५ प्रतिशत परिवारले आफूसँग १ रोपनीभन्दा कम बारी रहेको र आधा भन्दा बढीले (६१.२%) १ देखि ५ रोपनीसम्म बारी रहेको बताउँछन् । त्यस्तै, ६ देखि १० रोपनीसम्म बारी भएको १५.२ प्रतिशत र १० रोपनीभन्दा बढी बारी भएको ४४ परिवार (६.४%) भेटिएका छन् ।

तलको तालिकामा प्रस्तुत तथ्यांकले लगभग २२ प्रतिशत परिवारसँग ५ रोपनीभन्दा बढी बारी रहेको देखाउँछ । त्यस्तै, १० रोपनी भन्दा बढी बारी भएको परिवारहरु वडा नं. ७ र ८ मा बढी भएको देखिन्छ । त्यस्तै, विभिन्न कारणले आफूले जमीन उपभोग गर्न नपाएको भन्ने सङ्ख्या (२० परिवार) वडा नं. ४ मा देखिएको छ ।

टेबुल : जमीन (बारी)मा स्वामित्व

| वडा | बारी नभएको | १ रोपनी भन्दा कम | १ देखि ५ रोपनीसम्म भएको | ६ देखि १० रोपनीसम्म भएको | १० रोपनी भन्दा बढी भएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ | २० | २८ | ८१ | ३२ | ४ | १६५ |
| ५ | ० | ३८ | ७७ | १६ | ९ | १४० |
| ६ | १ | १६ | ६८ | १३ | ४ | १०२ |
| ७ | ३ | १ | ६३ | २४ | १० | १०१ |
| ८ | १ | १० | १३१ | १९ | १७ | १७८ |
| **जम्मा** | **२५** | **९३** | **४२०** | **१०४** | **४४** | **६८६** |
| | **३.६%** | **१३.५%** | **६१.२%** | **१५.२%** | **६.४%** | **१००%** |

## ७.४ खाद्य पर्याप्तता

सर्भेक्षणको क्रममा आफूसँग भएको जमीन (खेत र बारी) बाट कति महिना ढुक्कसँग खान पुग्छ भन्ने प्रश्न सोधिएको थियो । हुन त, जमीनको मात्राले मात्र कति उत्पादन दिन्छ भन्ने हुँदैन यसको लागि जमीनको गुणात्मकता, सिँचाईको उपलब्धता, मौसमी अवस्था, वीउवीजनको गुणात्मकता, जनशक्तिको उपलब्धता जस्ता विभिन्न कुराले कुन वर्ष कति उत्पादन हुन्छ भन्ने कुरा भर पर्दछ । तथापि, आफ्नै जमीनबाट हुने उत्पादनबाट कति महिना ढुक्क खान पुग्छ भन्ने सवालमा जमीन भएको कुल परिवार सङ्ख्या (६६१ परिवार)को ९.७ प्रतिशतले मात्र आफ्नै उत्पादनबाट वर्षभरी ढुक्क खान पुग्छ भन्ने कुरा बताएका छन् भने ९२.३ प्रतिशतले वर्षभरी खान पुग्दैन भन्ने बताएका छन् ।

आफ्नै उत्पादनबाट वर्षभरी खान पुग्ने परिवारहरु वडा नं. ४, ५ र ६ मा भेटिएका छन् । वडा नं. ७ मा त्यस्तो परिवार १ मात्र छ भने वडा नं. ८ मा कुनै पनि परिवारले आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने कुरा बताएका छैनन् । वर्षभरी खान नपुग्ने परिवारलाई वडागत रुपमा तुलना गरी हेर्दा वडा नं. ४ मा रहेका कुल परिवार (१४५) मध्ये ११.७ प्रतिशतले खान पुग्ने बताएका छन् भने ८८ प्रतिशतलाई खान पुग्ने देखिँदैन । त्यस्तै, वडा नं. ५ का ८०.१ प्रतिशत, वडा ६ का ८१.२ प्रतिशत र वडा ७ का ९९ प्रतिशतलाई आफ्नो उत्पादनबाट वर्षभरी खान नपुग्ने बताएका छन् ।

तालिका : गत एकवर्ष भित्र आफ्नो (खेतबारीबाट हुने) कृषि उत्पादनबाट वर्षभरी खान पुग्ने (र नपुग्ने) परिवार

| वडा | खान नपुग्ने परिवार | खान पुग्ने परिवार | जम्मा परिवार सङ्ख्या |
|---|---|---|---|
| ४ | १२८ | १७ | १४५ |
| ५ | ११३ | २७ | १४० |
| ६ | ८२ | १९ | १०१ |
| ७ | ९७ | १ | ९८ |
| ८ | १७७ | ० | १७७ |
| **जम्मा** | **५९७** | **६४** | **६६१** |
| | ९२.३% | ९.७% | १००% |

आफ्नै कृषि उत्पादनबाट वर्षभरी खान नपुग्ने ५९७ परिवारमध्ये कसलाई कति महिना खान पुग्दैन भन्नेबारे प्रश्न गर्दा ६ महिनासम्म मात्र पुग्ने (०-६ महिनासम्म पुग्ने) वा वर्षमा ६ महिना भन्दा कम खान पुग्ने कुल परिवार सङ्ख्याको ६१.७ प्रतिशत छ । यसको अर्थ लगभग दुई तिहाई परिवारलाई वर्षको आधा समय खान पुग्दैन । त्यस्तै, ३ देखि ५ महिना नपुग्ने ३४.३ प्रतिशत र १ देखि २ महिना नपुग्ने लगभग ४ प्रतिशत छन् ।

तालिका : वर्षभरी आफ्नो (खेतबारीबाट हुने) कृषि उत्पादनबाट १२ महिना खान नपुग्ने परिवारमध्ये अपुग हुने महिना

| वडा | ३ महिना सम्म पुग्ने | ४ देखि ६ महिना पुग्ने | ७ देखि ९ महिना पुग्ने | १० देखि ११ महिना पुग्ने | जम्मा खान अपुग हुने परिवार |
|---|---|---|---|---|---|
| ४ | २४ | ५५ | ४२ | ७ | १२८ |
| ५ | १५ | २५ | ६३ | १० | ११३ |
| ६ | १५ | २७ | ३८ | २ | ८२ |
| ७ | ९ | ४६ | ३८ | ४ | ९७ |
| ८ | ४० | ११३ | २४ | ० | १७७ |
| **जम्मा** | **१०३** | **२६६** | **२०५** | **२३** | **५९७** |
| | १७.२% | ४४.५% | ३४.३% | ३.८% | १००% |

गाविसको कुल परिवार सङ्ख्याको ८६ प्रतिशतले आफ्नो परिवारको प्रमुख आम्दानीको स्रोत 'कृषि उत्पादन' रहेको बताएको र कुल जनसङ्ख्याको ३३ प्रतिशतले 'खेतीपाती'लाई आफ्नो मूल पेशा बताएको भए तापनि लगभग ६२ प्रतिशत परिवारलाई आफ्नै उत्पादनबाट वर्षमा ६ महिना खान पुग्दैन र परिवारको लागि 'पेटभरी खाना जुटाउन'को लागि अन्य कार्य गर्नुपर्ने स्थिति छ । यस तथ्याङ्कले कृषि तथा पशुपालन कार्यलाई सुधार गर्नु पर्ने देखाउँछ । अथवा, जिविकोपार्जनको लागि अन्य भरपर्दो वैकल्पिक उपायहरुको खोजी गर्नुपर्ने हुन्छ ।

## ७.५ उद्योगको अवस्था र आयवृद्धिका उपायहरु

गाविसमा उल्लेखनीय रुपमा सञ्चालन भइरहेको कुनै पनि उद्योग नभएको कुरा स्थानीयवासीहरु बताउँछन् । लहरेपौवा गाविसको वडा नं. ५ सँग जोडिएर बगेको त्रिसुली नदीमा हाल १ जलविद्युत परियाजना निर्माणका क्रममा रहेको छ । उक्त परियोजना निर्माण सम्पन्न भएपछि यसले गाविसवासीको जिविकोपार्जनमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

केही परिवारले अन्न विक्रीबाट धेरथोर आम्दानी गरेको भए तापनि गाविसमा उत्पादन हुने अन्न र सागसब्जी हाललाई घरेलु खपतको लागि नै खासै पर्याप्त नहुने हुँदा यसलाई विक्री गरी आम्दानी लिने गरेको देखिँदैन ।

सर्भेक्षणका दौरान प्रत्येक परिवारलाई 'परिवारको लागि कुन पेशाको सम्भावना छ के गर्न पाएमा परिवारको जिविकोपार्जनमा सहयोग पुग्ने थियो' भन्ने बारे छलफल गरिएको थियो । यस सम्बन्धमा सबैभन्दा बढी, ५५.२ प्रतिशतले उन्नत तरिकाले बाख्रापालन गर्न पाइएमा आफ्नो परिवारको लागि आयवृद्धि हुनसक्ने बताएका छन् भने झण्डै ५१ प्रतिशत परिवारले आधुनिक तरिकाले कृषि खेती गर्न चाहेको बताएका छन् । यस सम्बन्धमा उनीहरुले विभिन्नखाले (प्राविधिक सर्भेक्षण गरी जुन उपयुक्त हुन्छ) नगदेवाली लगाउन पर्ने कुरा व्यक्त गरेका छन् । यस सम्बन्धमा धेरैले गाउँको हावापानीअनुसार कफिखेती उपयुक्त हुने बताएका छन् ।

रुखपात प्रसस्त भएको र सडक सञ्जालसँग जोडिएको गाविस भएको हुँदा यहाँ पशुपालनको भने पर्याप्त सम्भावना देखिएको छ । त्यस्तै, फलफूलखेती र जडिबुटीको पनि सम्भावना भएको कुरा स्थानीयवासी बताउँछन् । विभिन्न सीपमूलक तालिमको माध्यमबाट गाउँबाट विदेशिन वाध्य युवाहरुलाई परिचालन गरी गाउँमै आम्दानी बढाउन सकिने अर्को सम्भावना पनि देखिएको छ । सर्भेक्षणका क्रममा विभिन्न छलफल कार्यक्रममा 'गाउँमै आयवृद्धि कार्यमा सहभागी हुन पाए कोही पनि विदेशिने थिएनन्' भन्ने युवाहरुद्वारा व्यक्त विचारहरुले पनि यस कुरालाई पुष्टि गर्दछ । लगभग १२ प्रतिशत परिवारले यसबारे आफ्नो सुझाव व्यक्त गरेका छन् । लगभग ८ प्रतिशत परिवारले भने वैदेशिक रोजगारीमा नै जानु नै पर्ने हालको अवस्था रहेकोले विदेशमा जाने युवाहरुलाई सीपमूलक तालिम दिई पठाउन सकिएमा उनीहरुले बढी आम्दानी गर्न सक्ने र

सुरक्षित काम पनि पाउने हुँदा युवाहरुको लागि 'वैदेशिक रोजगारीको लागि काम लाग्ने सीपमूलक तालिम' को लागि सुझाव व्यक्त गरेका छन् ।

कुल संख्याको लगभग ५ प्रतिशत परिवारले चिराइतो खेती र ९ प्रतिशतले अदुवाखेती गर्दा आफ्नो परिवारको आयआर्जन हुने बताएका छन् । जम्मा १२.५ प्रतिशत परिवारले उन्नत जातको गाइभैंसी पालनले आफ्नो आम्दानी बढ्न सक्ने राय व्यक्त गरेका छन् । गाविसका थुप्रै परिवारले यस अघि पनि कुखुरा पालन गरेको अनुभव रहेको कुरा बताउँछन् । यदि बजारलाई व्यवस्थित गर्न सकिएमा कुखुरा पालन पनि एउटा महत्वपूर्ण व्यवशाय हुने देखिन्छ । यस सम्बन्धमा कुल परिवार सङ्ख्याको लगभग १९ प्रतिशतले कुखुरा पालन व्यवशाय आफ्नो लागि उपयुक्त हुने बिचार व्यक्त गरेका छन् । लगभग २८ प्रतिशत परिवारले भने अलैंची खेती, बंगुर पालन, खरायो पालन, झोला बनाउने, ब्यूटी पार्लर व्यवसाय, ट्रेकिङमा जाने काम, फलफूल खेती, सिलाइकटाई सम्बन्धी सीपमूलक कार्यक्रमले आफूलाई सहयोग पुग्ने कुरा व्यक्त गरेका छन् ।

तालिका : समुदायको बिचारमा परिवारको जीविकोपार्जनमा वृद्धि गर्न अपनाउन सकिने उपायहरु

| वडा | तरकारी खेती | बाखा पालन | कुखुरा पालन | वै. रोजगारीको लागि सीप | सीपमूलक तालिम (घरेलु) | गाई भैंसी पालन | चिराइतो खेती | अदुवा बेसार खेती | सिकर्मी / डकर्मी तालिम | अन्य | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ६४ | ५६ | २९ | ३२ | १२ | १ | ० | ४ | ३ | २४ | १६५ |
| ५ | ६२ | ७१ | ३३ | ११ | ११ | ४ | ० | ० | ६ | ५६ | १४० |
| ६ | ४४ | ५० | ११ | १ | ६ | ११ | ० | २ | ० | ३२ | १०२ |
| ७ | ७० | ४६ | १६ | २ | २ | ९ | ० | ० | २ | ४७ | १०१ |
| ८ | १०८ | १५६ | ४३ | ० | ५० | ६१ | ३३ | ५४ | ३ | ३४ | १७८ |
| **जम्मा** | ३४८ | ३७९ | १३२ | ४६ | ८१ | ८६ | ३३ | ६० | १४ | १९३ | ६८६ |
| | ५०.७ % | ५५.२ % | १९.२ % | ६.७% | ११.८% | १२.५ % | ४.८% | ८.७ % | २% | २८.१ % | १०० % |

नोट : परिवारको जीविकोपार्जनमा वृद्धि गर्न अपनाउन सकिने अन्य उपायहरुमा सूचनादाताले उल्लेख गरेकाअनुसार व्यवशाय, अलैंची खेती, बंगुर पालन, खरायो पालन, झोला बनाउने, ब्यूटी पार्लर व्यवसाय, ट्रेकिङमा जाने काम, फलफूल खेती, सिलाई, होटल व्यवशाय पर्दछ ।

## ७.६ आर्थिक अवस्थासम्बन्धी सवल तथा सुधार पक्षहरु

### ७.६.१ आर्थिक अवस्थासम्बन्धी सवल पक्षहरु

- भूकम्पले अस्तव्यस्त बनाएको जीवनशैलीका वावजुद पुनर्निर्माणको लागि एकजुट भई एकआपसमा सहयोग गर्न प्राय सबै गाविसवासी तयार छन्, जुन अत्यन्तै महत्वपूर्ण पक्ष हो ।
- कुल परिवारको ५५.२ प्रतिशत परिवारले आफ्नो परिवारको आयआर्जनको लागि बाखापालन (उन्नत जातको बाखा पालन) उपयुक्त उपाय हुने सुझाव पेश गरेका छन् । रुखपात प्रसस्त भएको र सडक सञ्जालसँग जोडिएको गाविस भएको हुँदा यहाँ पशुपालनको भने पर्याप्त सम्भावना रहेको उनीहरुको तर्क छ ।
- यस गाविसमा फलफूलखेती र जडिबुटीको सम्भावना रहेको कुरा स्थानीय सरकारी निकायका विज्ञहरु बताउँछन् । यसको लागि स्थानीयवासी पनि उत्साहित देखिन्छन् ।
- विभिन्न सीपमूलक तालिमको माध्यमबाट गाउँबाट विदेशिन वाध्य युवाहरुलाई परिचालन गरी गाउँमै आम्दानी बढाउन सकिने अर्को सम्भावना पनि देखिएको छ ।
- गाविस सडक सञ्जालसँग जोडिएको हुँदा यदि अन्न, सागसब्जी र पशुलगायत अन्य उत्पादन हुनसक्यो भने बजारसम्म पुर्‍याउन सहज हुने देखिन्छ ।

### ७.६.२ आर्थिक अवस्थासम्बन्धी सुधार पक्षहरु

- गाविसका लगभग ८७ प्रतिशत घरहरु पुरै भत्केका छन् भने ६.६ प्रतिशत घरहरु धेरै चर्केकोले बस्न नमिल्ने अवस्थामा छन् । गाविसका १.२ प्रतिशत घरहरु (जम्मा ८) मा भूकम्पको असर देखिएन भने ३७ घरहरु (५.४%) केही चर्के पनि बस्न मिल्ने अवस्थाका छन् ।
- गाविसमा आफूलाई पूर्ण वेराजगारी बताउनेहरु पनि २.६ प्रतिशत भेटिएका छन् । पूर्ण वेरोजगार र घरायसी काममा लाग्नुपर्नेहरु जोड्दा जम्मा झण्डै १० प्रतिशत हुन आउँछ । त्यस्तै कृषि तथा पशुपालनमा लाग्ने ३३ प्रतिशतले पनि कृषिबाट मात्र पूर्ण रुपमा गुजारा हुन नसक्ने देखिँदा यस गाविसमा जिविकोपार्जनको लागि विशेष योजना बनाउनु पर्ने देखिन्छ ।
- आफ्नै जमीनबाट हुने उत्पादनबाट कति महिना ढुक्क खान पुग्छ भन्ने सवालमा जमीन भएको कुल परिवार सङ्ख्या (६६१ परिवार)को ९.७ प्रतिशतले मात्र आफ्नै उत्पादनबाट वर्षभरी ढुक्क खान पुग्छ भन्ने कुरा बताएका छन् भने ९२.३ प्रतिशतले वर्षभरी खान पुग्दैन भन्ने बताएका छन् ।
- गाविसको कुल परिवार सङ्ख्याको ८६ प्रतिशतले आफ्नो परिवारको प्रमुख आम्दानीको स्रोत 'कृषि उत्पादन' रहेको बताएको र कुल जनसङ्ख्याको ३३ प्रतिशतले 'खेतीपाती'लाई आफ्नो मूल पेशा बताएको भए तापनि लगभग ६२ प्रतिशत परिवारलाई आफ्नै उत्पादनबाट वर्षमा ६ महिना खान पुग्दैन र परिवारको लागि 'पेटभरी खाना जुटाउन'को लागि अन्य कार्य गर्नुपर्ने स्थिति छ ।

# भाग ८

# मानवस्रोतको अवस्था र सामाजिक विकासका अवसरहरु

प्रतिवेदनको यस भागमा लहरेपौवा गाविसमा भएका मानवस्रोतहरुको अवस्था र त्यसले यस गाविसको सामाजिक विकासमा पार्न सक्ने वा ल्याउन सक्ने सामाजिक विकासका अवसरहरुबारे प्रस्तुत गरिएका छन् । गाविसका सरकारी तथा गैरसरकारी निकायको प्रयासमा गाविसवासीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले थुप्रै तालिम कार्यक्रम सम्पन्न गरिएको पाइयो । साथै, गाविसमा विविध प्रकारका स्रोतहरुको रहेको त्यसको विविध प्रयोग पनि भइरहेको छ, साथसाथै त्यसको वैकल्पिक प्रयोग गर्न सक्ने अवसरहरु पनि त्यत्तिकै छन् । यिनै विषयवस्तुलाई प्रतिवेदनको यस भागमा समेटिएका छन् । समग्रमा प्रतिवेदनको भाग ८ मा निम्न विषयवस्तु समावेस गरिएका छन् :

८.१ सम्पन्न तालिम कार्यक्रम

८.२ उपलब्ध स्रोतहरु र यसको उपयोग

८.३ गाविसका सवल र सुधार पक्षहरु

८.३.१ वडा नं. ४ का सवल र सुधार पक्षहरु

८.३.२ वडा नं. ५ का सवल र सुधार पक्षहरु

८.३.३ वडा नं. ६ का सवल र सुधार पक्षहरु

८.३.४ वडा नं. ७ का सवल र सुधार पक्षहरु

८.३.५ वडा नं. ८ का सवल र सुधार पक्षहरु

## ८.१ सम्पन्न तालिम कार्यक्रम

गाविसमा विभिन्न विषयमा दक्ष जनशक्ति उपलब्ध रहेको देखिएको छ । कृषि, पशुपालन, घरेलु तथा कम्प्युटरलगायत विभिन्न विषयमा तालिम प्राप्त व्यक्तिहरु भेटिएका छन् । साथै, गाउँमै शिक्षक, कृषि कार्यकर्ता, स्वास्थ्य कार्यकर्ताहरु पनि छन् । यी दक्ष जनशक्तिले गाउँमै सेवा उपलब्ध गराउने र गाविस बाहिर रसुवाको अन्य गाविसहरुमा र अन्य जिल्लामा सेवा पुऱ्याइरहेकाहरु पनि छन् ।

गाविसमा थुप्रै सरकारी निकाय र गैह्रसरकारी संस्थाहरुबाट तालिम प्रदान गरिएको पाइएको छ । सरकारी निकायबाट कृषि, पशुपालन, घरेलु उद्योग आदि विषयमा छोटो अवधिको (१ हप्तासम्मको) तालिमदेखि ६ महिनासम्मको तालिम दिइएको देखिएको छ । कतिपय तालिम त ६ देखि १२ महिना अवधिसम्मको पनि प्रदान गरिएको छ । विशेषगरी, कम्प्युटर अपरेसनसम्बन्धी दिईएको तालिम लामो अवधिको रहेको छ । यस तालिम एकै पटक लामो अवधिको दिइएको वा विभिन्न चरणमा गरी १ वर्षसम्मको तालिम दिइएको पनि देखिन्छ । केही वर्ष अघि वडा नं. ४ का ५ जना (पुरुष), वडा ६ का १३ जना (महिला ५ र पुरुष ८), वडा ७ का १३ जना (महिला २ र पुरुष ११) र वडा नं. ८ का ३ जना (महिला २ र पुरुष १ जना) गरी जम्मा ३४ जनालाई १ देखि ६ महिनासम्म अवधिको तालिम दिइएको थियो[६] ।

कतिपय अवस्थामा समुदायमा वास्तविक रुपमा नै आवश्यकता भएर गरिएको नभई ‘तालिमको लागि तालिम’ गरिएको जस्तो पनि पाईएको छ । थुप्रै परिवारमा सर्भेक्षणका क्रममा ‘परिवारका सदस्यहरुले कुन कुन तालिम पाउनु भएको छ’ भनी प्रश्न गर्दा ‘तालिम त थुप्रै पाइएको छ, तर तालिमको नाम/विषय नै सम्झना भएन’ भन्ने जस्ता उत्तर पाइयो । ती तालिमबारे सूचना लिनका लागि विभिन्न प्रकारले प्रश्न गर्दा पनि सम्झना नहुँदा सहभागीहरुले आवश्यक परेर तालिम दिइएको होइन कि भन्ने महसुस पनि गरियो । कतिपय तालिमका सवालमा भने सहभागीहरुले तालिम प्राप्त गर तापनि त्यसको प्रयोग नभएको देखियो । केही तालिमहरुले समुदायमा राम्रो प्रभाव पारेको र त्यसको सहि उपयोग भएर समुदायले फाईदा लिइरहेको पनि पाइएको छ । तलका तालिकाहरुले कति परिवारका सदस्यहरुले तालिम पाए र के के तालिम प्राप्त गरे भन्नेबारे तथ्याङ्क प्रस्तुत गर्दछन् ।

लहरेपौवा गाविसका ४६.८ प्रतिशत परिवारका कम्तिमा पनि १ सदस्यले कुनै न कुनै तालिम प्राप्त गरेका छन् । गाविसका आधा परिवारमा तालिम प्राप्त गरेको सदस्य छन् । वडागत आधारमा हेर्दा सबैभन्दा बढी वडा नं. ४ का परिवारहरुले तालिम प्राप्त गरको देखिन्छ । यस

[6] ‘लहरेपौवा गाउँ विकास समितिको वस्तुस्थिति विवरण’ (२०६८), गाविस कार्यालय, लहरेपौवा, रसुवा ।

वडाका कुल परिवार सङ्ख्याका ५६.४ प्रतिशतले तालिम पाएका छन् । त्यस्तै, वडा ५ का ५० प्रतिशत परिवारले, वडा ६ का ५२ प्रतिशत, वडा ७ का ४२.६ प्रतिशत र वडा नं. ८ का ५३.४ प्रतिशत परिवारका सदस्यहरुले कुन कुनै तालिम प्राप्त गरेका छन् । यस तालिकाले सबैभन्दा कम तालिम पाउने परिवारहरु वडा नं. ७ का हुन् ।

तालिका : तालिमको विवरण

| **वडा** | **तालिम प्राप्त गरेको छ** | **तालिम प्राप्त गरेको छैन** | **जम्मा** |
|---|---|---|---|
| ४ | ९३ | ७२ | १६५ |
| ५ | ७० | ७० | १४० |
| ६ | ५३ | ४९ | १०२ |
| ७ | ४३ | ५८ | १०१ |
| ८ | ६२ | ११६ | १७८ |
| **जम्मा** | **३२१** | **३६५** | **६८६** |
| | **४६.८%** | **५३.२%** | **१००%** |

तालिम प्राप्त गर्नेहरु ३२१ परिवारमध्ये १५३ परिवारले कृषिसम्बन्धी तालिम पाएका छन् भने ९४ परिवारले पशुपालनसम्बन्धी तालिम पाएका छन् । त्यस्तै, घरेलुसम्बन्धी ७२ परिवारले तालिम प्राप्त गरेका छन् । स्वास्थ्यसम्बन्धी २८ परिवारले, सशक्तिकरणसम्बन्धी ११ परिवारले, ४ परिवारले लैंगिक विकास, ६ परिवारले वालविकास र २१ परिवारले संस्थागत विकाससम्बन्धी तालिम पाएका छन् । त्यस्तै, ९ परिवारले खानेपानी तथा सरसफाईसम्बन्धी तालिम पाएका छन् ।

वडाको कुल परिवार सङ्ख्यासँग तुलना गरी हेर्ने हो भने १७८ परिवार सङ्ख्या भएको वडा नं. ८ मा जम्मा १६ परिवारले मात्रै (९%) कृषिसम्बन्धी तालिम पाएका देखिन्छन् । वडाको कुल परिवार सङ्ख्याको तुलनामा कृषिसम्बन्धी सबैभन्दा बढी तालिम पाउने वडा नं. ४ मा छन् । यस वडामा कुल परिवार सङ्ख्याको ३४.५ प्रतिशतले कृषिसम्बन्धी तालिम पाएका छन् । त्यस्तै, वडा नं. ५ का २२.८ प्रतिशतले, वडा नं. ६ का २९.४ प्रतिशत परिवारले कृषिअन्तर्गत विभिन्न विषयबारे तालिम पाएका छन् भने वडा नं. ७ का जम्मा १७.८ प्रतिशतले कृषिबारे तालिम पाएका छन् ।

तालिका : लिएको तालिमका प्रकारहरु

| **वडा**<br>**तालिमको प्रकार** | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|
| कृषि | ५७ | ३२ | ३० | १८ | १६ | १५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पशुपालन | ३१ | २३ | १५ | १० | १५ | ९४ |
| घरेलु | ५ | १७ | १८ | १५ | १७ | ७२ |
| स्वास्थ्य | ७ | ७ | ७ | ३ | ४ | २८ |
| सशक्तिकरण | १ | ४ | २ | ० | ४ | ११ |
| लैंगिक समविकास | १ | ० | १ | १ | १ | ४ |
| बालविकास | ४ | १ | ० | ० | १ | ६ |
| संस्थागत नेतृत्व | ० | २ | १ | १ | १७ | २१ |
| खानेपानी तथा सरसफाई | १ | २ | ४ | ० | २ | ९ |

कृषिसम्बन्धी तालिम लिनेहरुमध्ये १३५ परिवारले तरकारी खेतीसम्बन्धी, ४ परिवारले मलखाद व्यवस्थापन सम्बन्धी र १/१ परिवारले वीउवीजन र प्रांगारिक खेती सम्बन्धी तालिम प्राप्त गरेको पाइयो । तरकारी खेतीसम्बन्धी सबैभन्दा बढी तालिम पाउने परिवारहरु वडा नं. ४ का छन् भने सबैभन्दा कम वडा नं. ८ का छन् ।

तालिका : कृषिसम्बन्धी लिइएका तालिमहरु र तालिम लिने परिवार संख्या

| **वडा**<br>**तालिमको प्रकार** | ४ | **५** | ६ | **७** | **८** | जम्मा |
|---|---|---|---|---|---|---|
| तरकारी खेती | ५० | ३० | २७ | १६ | १२ | १३५ |
| वीउ वीजनसम्बन्धी | ० | ० | ० | ० | १ | १ |
| प्रांगारिक खेती | ० | ० | ० | ० | १ | १ |
| मलखादसम्बन्धी | ० | ० | १ | २ | १ | ४ |
| अन्य | ७ | २ | २ | ० | १ | १२ |
| **जम्मा** | **५७** | **३२** | **३०** | **१८** | **१६** | **१५३** |

पशुपालनअन्तर्गत गाविसमा बाख्र पालन, कुखुरा पालन, पशु उपचालगायतका तालिमहरु दिइएको पाइएको छ । यसअन्तर्गत तालिम पाउने गाविसका कुल ९४ परिवारमध्ये सबैभन्दा बढी बाख्रा पालनसम्बन्धी तालिम दिइएको पाइएको छ । गाविसका कुल ७२ परिवारले उक्त तालिम पाएका छन्, जसमध्ये सबैभन्दा बढी वडा नं. ४ मा २४ जना, वडा नं. ६ र ८ मा ११/११ जना, ५ मा १८ जना र वडा नं ७ मा ८ जनाले उक्त तालिम पाएका छन् । त्यस्तै, कुखुरा पालनसम्बन्धी ९ जना, पशु उपचारसम्बन्धी ३ जना र अन्य विषयमा १० जनालाई तालिम दिइएको भेटिएको छ ।

तालिका : पशुपालनसम्बन्धी लिइएका तालिमहरु र तालिम लिने परिवार संख्या

| वडा<br>**तालिमको प्रकार** | **४** | **५** | **६** | **७** | **८** | जम्मा |
|---|---|---|---|---|---|---|
| बाखा पालन | २४ | १८ | ११ | ८ | ११ | ७२ |
| कुखुरा पालन | ४ | ३ | ० | ० | २ | ९ |
| पशु उपचार | ० | १ | २ | ० | ० | ३ |
| अन्य | ३ | १ | २ | २ | २ | १० |
| **जम्मा** | **३१** | **२३** | **१५** | **१०** | **१५** | **९४** |

घरेलुसम्बन्धी तालिम लिने कुल ७२ परिवारमध्ये कटाई तालिम लिने ३३ जना, सिकर्मी तथा डकर्मी तालिम पाउने १९ जना र प्लम्बिङ र अन्य सीपमूलक तालिम पाउने १/१ जना छन् । सङ्ख्याको हिसाबले भन्नुपर्दा वडा नं ४ मा ५ जना र अन्य वडाहरुमा तालिम प्राप्त गर्नेहरु १५ देखि १८ जनासम्म छन् ।

तालिका : घरेलु सम्बन्धी लिइएका तालिमहरु र तालिम लिने परिवार संख्या

| वडा<br>**तालिमको प्रकार** | **४** | **५** | **६** | **७** | **८** | जम्मा |
|---|---|---|---|---|---|---|
| कटाई | ३ | १५ | ७ | ४ | ४ | ३३ |
| सिकर्मी/डकर्मी | ० | १ | २ | ७ | ९ | १९ |
| प्लम्बीङ | ० | ० | ५ | ० | १ | ६ |
| अन्य सीपमूलक | २ | ० | ३ | ३ | १ | ९ |
| **अन्य** | ० | १ | १ | १ | २ | ५ |
| **जम्मा** | ५ | १७ | १८ | १५ | १७ | ७२ |

नोट : अन्य तालिमहरुमा मिठाई बनाउने, ब्यूटि पार्लर, बिजुली जडान, माहुरी पालन आदि पर्दछन् ।

यस गाविसका ४६.८ प्रतिशत परिवारका सदस्यहरुले कुनै न कुनै तालिम प्राप्त गरेका छन् । ती व्यक्तिहरुले कुन कुन तालिम पाए र तिनको दक्षतालाई कसरी सम्बन्धित परिवारको र सिंगो गाविसको सामाजिक-आर्थिक विकासको लागि उपयोग गर्ने भन्नेबारे सम्बन्धित परिवारका सदस्यहरु (तालिम प्राप्त व्यक्तिहरु), समुदायका अगुवाहरु, सामाजिक कार्यकर्ताहरु र राजनैतिक दलका प्रतिनिधिहरुसँग अन्तरक्रिया गरी यसको लागि योजना बनाउनु पर्ने देखिन्छ ।

## ८.२ उपलब्ध स्रोतहरु र यसको उपयोग

### वडा नं. ४

लहरेपौवा गाविस प्राकृतिक स्रोतका हिसाबले अत्यन्तै समृद्ध मानिन्छ । हरियालीले भरपुर गाविस दक्षिण र पश्चिमतर्फ फैलिएर रहेको कारण यहाँ उत्पादन राम्रो हुने गरेको कुरा स्थानीयवासी बताउँछन् । वडा नं. ४ मा पधेराखोला र काभ्रेखोला रहेको हुँदा यी खोलाका पानी खेतीपातीको लागि प्रयोग भएको छ, यसलाई अझै व्यवस्थित रुपमा उपयोग गर्न सक्ने देखिन्छ । ती खोलामा कतैकतै पानीघट्ट पनि स्थापना गरिएको छ । यस वडामा सामुदायिक वन पनि भएको कारण यसले गाविसको वातावरण संरक्षणको लागि त सहयोग पुगेको छ नै यसलाई पशुपालनको लागि पनि थप उपयोग गर्न सकिन्छ । साथै, फर्निचर उद्योगको लागि पनि सामुदायिक वनको उपभोग गर्न सकिने कुरा स्थानीयवासी बताउँछन् ।

गाविसमा बिजुलीवत्तीको सुविधा भएको र लोडसेडिङ पनि नहुने भएकोले यसको उद्योग (साना वा मझौला)मा उचित उपयोग गर्न सकिए गाविसवासीको जिविकोपार्जमा उल्लेखनीय सहयोग पुग्न सक्ने देखिन्छ । यस वडामा ट्रेकिङ व्यवशायमा लाग्ने निकै व्यक्ति भएको हुँदा ट्रेकिङसम्बन्धी ज्ञान पनि भएको र कर्मीडाँडा र वरपरका क्षेत्रहरु पर्यटकिय हिसाबले उपयोगी भएको हुँदा यस क्षेत्रलाई पर्यटकिय क्षेत्र बनाउनुका साथै लघु-ट्रेकिङ रुटको रुपमा पनि विकास गर्न सकिने कुरा पर्यटन क्षेत्रमा लाग्नेहरु बताउँछन् ।

गाउँमा थुप्रै कफीका बोटहरु यत्रतत्र देखिन्छन् । अव्यवस्थित रुपमा गरेको भए तापनि यस भेगमा कफी उत्पादन सम्भव छ भन्ने कुरा भने प्रमाणित भएको छ । कफी खेती सम्भव पनि हुने र कफी खेतीबारे स्थानीय किसानहरुलाई धेरथोर ज्ञान पनि भएको र कफी खेती गर्नका लागि स्थानीयमा उत्साह पनि देखिएकोले यस भेगलाई कफी उत्पादन क्षेत्रको रुपमा विकसित गर्न सकिने अवसर देखिएको छ ।

### वडा नं. ५

लहरेपौवा गाविसको वडा नं. ५ र ठूलोगाउँलाई साँध बनाएर बग्ने त्रीसुली नदी र यसै वडा भएर बग्ने काभ्रे खोला, सिम खोला र बाँसी खोला यस वडामा भएका महत्वपूर्ण प्राकृतिक स्रोतहरुमा पर्दछन् । हाल त्रीसुली नदीमा जलविद्युत परियोजना निर्माणाधिन अवस्थामा छ । अन्य साना खोलाहरुमा हाल पानीघट्ट सञ्चालन गर्ने कार्य भइरहेको छ । तथापि, यदि लगानी गर्न सकिएमा यी खोलाहरुलाई सिँचाईका लागि उपयोग गर्न सकिने देखिन्छ । साथै, यसलाई साना जलविद्युतको रुपमा पनि विकास गर्न सकिने कुरा स्थानीयवासीहरु बताउँछन् ।

वडा नं. ५ का वासिन्दाहरु विभिन्न संघसंस्था तथा समूहरुमा आवद्ध भई सामाजिक विकास कार्यलाई योगदान पुऱ्याइरहेका छन् । यस वडामा ३ वटा आमा समूह र सतमार्ग सामुदायिक संस्था पनि सक्रिय रहेको देखिन्छ । त्यस्तै गोदावरी कृषि समूह, विष्णुदेवी आमा समूह र लघुवित्त समूहहरु पनि रहेको र यी समूहहरुले हाल यहाँका व्यक्तिहरुलाई संगठीत गर्नुका साथै सबैलाई गाउँको साझा सवालहरुमाथि छलफल गर्न र त्यसको समाधानको लागि परिचालन गर्ने कार्य गरेको छ । यी संस्थाहरुलाई वडाको विकासको लागि उपयोग गर्न सकिने देखिन्छ । वडामा नै सामुदायिक भवन पनि भएको हुँदा वडाको विकासको लागि यसलाई सेवाकेन्द्रको रुपमा विकास गर्न सकिन्छ ।

अन्य वडामा झैं विजुली वत्तीको सुविधा भएकोले जिविकोपार्जनको पनि यसको उपयोग गर्न सकिन्छ । साथै, बाटोको सुविधा पनि भएको र वडाको केही भागमा सिँचाई-कुलो रहेकोले यस भेगमा तरकारी खेतीको सम्भावना देखिन्छ । साथै, वडा नं. ४ मा जस्तै यहाँ पनि फलफूल खेती र पशुपालनको प्रचुर सम्भावना छ । यसको लागि वडामा सेवा पुऱ्याइरहेका विभिन्न संघसंस्थाहरु र सरकारी निकायसँग समन्वय गरी कार्य गर्न सकिन्छ ।

**वडा नं. ६**

वडा नं. ६ को अधिकांस भाग पूर्वतर्फ (त्रीसुली नदीतर्फ) फैलीएर रहेको कारण यस भेगबाट रमणीय दृष्यावलोकन गर्न सकिन्छ । सामुदायिक वन भएको र हाल पनि यस वनबाट घाँस, दाउरा र केही जडिवुटी पनि उपलब्ध भइरहेकोले यस वडामा उन्नत पशुपालन र जडिवुटी खेतीलाई बढावा दिन सकिने देखिन्छ । यसै वडामा सिकर्मी, डकर्मी, स्वास्थ्यकर्मी, ट्रेकिङ गाइड आदि मानवस्रोत उपलब्ध रहेको र हाल पनि यी स्रोतहरुको उपयोग भइरहेको देखिन्छ । साथै, यी स्रोतहरुको थप उपयोग गरी वडाको विकासको लागि योगदान पुऱ्याउन सकिन्छ ।

सिँचाईको सुविधा (महघार सिँचाई कुलो) अहिले पनि भइरहेकोले यसलाई थप व्यवस्थित गरी तरकारी खेतीको लागि उपयोग गर्न सकिने देखिन्छ । वडा रमणीय लोकेसनमा भएकोले यस भेगलाई 'होम-स्टे' सञ्चालन गर्न सकिने कुरा वडावासीहरु बताउँछन् । यसको उचित व्यवस्थापन र प्रचारप्रशारको लागि सहयोग गर्नुपर्ने उनीहरु बताउँछन् । अन्य वडाहरुमा झैं मोटर बाटोको सुविधा र बिजुलीवत्तीको उपलब्धताले यी कुराहरु सहजै गर्न सकिने देखिन्छ ।

गाविसमा (डाँडावारी भेगमा) भएको एउटै मात्र माध्यमिक विद्यालयमा यसै वडामा अवस्थित छ । प्राय वरपरका भेगबाट बालबालिका तथा युवाहरु अध्ययनका लागि यसै विद्यालयमा आउने गर्दछन् । तसर्थ, युवा-केन्द्रित क्रियाकलापहरु गरी वडाको आर्थिक उपार्जनका लागि कार्यक्रम सिर्जना गर्न सकिने देखिन्छ । गाविसको लागि आवश्यक सामाजिक कार्यकर्ताहरु तयार पार्न पनि सकिने देखिन्छ ।

**वडा नं. ७**

यसवडा भएर बग्ने काभ्रे खोला र वडामा समेटिएको सामुदायिक वन यहाँको प्रमुख प्राकृतिक स्रोतहरुमा पर्दछन् । हाल पनि सामुदायिक वनबाट पशुपालनको लागि घाँस र घर बनाउनको लागि काठ तथा बाल्नको लागि दाउरा पनि उपलब्ध भइरहेको छ भने यी स्रोतहरुलाई थप र व्यवस्थित उपयोग गरी वडावासीको विकासको लागि पशुपालन गर्न सकिन्छ । हाल काभ्रे खोलालाई पानी घट्ट चलाउनका लागि उपयोग त गरिएको छ । तर, यसबाट सिँचाई उपलब्ध गराई तरकारी खेतीको विकास गर्न सकिने देखिन्छ । गाउँमा ढङ्गे अम्फेपाखा सामुदायिक वन भएकोले यसलाई थप उपयोग गर्न सकिन्छ । जडीवुटी खेती र फलफूल खेती वडाको विकासको लागि देखिएको अर्को सम्भावना हो ।

गाउँमा नै युवा क्लव पनि भएको हुँदा वडाको विकासको लागि युवाहरुलाई परिचालन गर्न सकिने देखिन्छ । साथै, आमा समूह पनि भएको र कृषि सहकारी पनि रहेकोले वडाको विकासको लागि वडावासीलाई थप संगठीत गर्न ती सामाजिक संस्थाहरुलाई उपयोग गर्न सकिन्छ । अन्य वडाहरु झैँ यहाँका युवाहरु पनि रोजगारीका लागि खाडीलगायत अन्य मुलुकहरुमा पुगेका छन् । विदेशबाट भित्रिने आम्दानीको हालसम्म उत्पादकमूलक कार्यमा लगानी हुन सकेको देखिँदैन । उक्त आम्दानीको सहि सदुपयोग र विदेशबाट भित्रिने सीपलाई पनि उपयोग गर्न सकिन्छ ।

**वडा नं. ८**

वडा ८ पनि अन्य वडा झैँ प्राकृतिक रुपले सम्पन्न मानिन्छ । समुद्री सतहदेखि लगभग २६०० मिटरसम्मको उचाँईमा रहेको यस वडाको माथिल्लो भागबाट हिमश्रङ्खलाको पनि दृष्यावलोकन गर्न सकिने भएकोले पर्यटकिय क्षेत्रको रुपमा विकास गर्नका लागि प्रचुर सम्भावना रहेको छ । दक्षिण-पश्चिम मोहडामा फैलिएर रहेको यस वडामा सामुदायिक वन पनि रहेको र विभिन्न जातका रुखपात र जडिवुटी पनि रहेको कुरा यहाँका वासिन्दाहरु बताउँछन् । तामाङ जातिको वाहुल्यता रहेको यस वडा सांस्कृतिक रुपमा पनि सम्पन्न रहेकोले ‘सांस्कृतिक पर्यटन’ को पनि सम्भावना रहेको र उच्च भेगमा हुने पशुपालन तथा जडिवुटीको विकास सम्भव देखिन्छ ।

वडाको प्राय भूभाग भिरालो स्वरुपको भएकोले मकै र सागसब्जी बाहेक अन्य वालीको लागि त्यति उपयुक्त देखिँदैन । सिँचाईको सुविधा नभएकोले व्यवशायिक तरकारी खेती गर्ने सम्भावना नभ तापनि, धारामा आउने पानीको मात्रा पर्याप्त भएकोले करेसाबारी खेतीको सम्भावना भने छ । यसले पारिवारिक खपतको लागि पर्याप्त तरकारी खेती उत्पादन गर्न सकिन्छ, जसले पोषण अवस्थामा सुधार आउनुका साथै तरकारी खपतमा हुने खर्च जोगाउन सकिने पनि देखिन्छ ।

## ८.३ गाविसका सवल र सुधार पक्षहरु

सर्भेक्षणका क्रममा प्रत्येक वडामा रहेका सवल पक्षहरु र सुधार गर्नुपर्ने कुराहरु बारे पनि छलफल गरिएको थियो । यसका लागि सम्बन्धित वडावासीसँग नै समूह कार्यहरु गरिएका थिए । साथै, स्थानीय वुद्धिजिवि तथा राजनैतिक दलका प्रतिनिधिहरुसँग प्रमुख समस्या र सुधार गर्नुपर्ने कुराहरुबारे छलफल गरिएको थियो । विभिन्न चरणमा भएका छलफलहरुका अनुसार विभिन्न वडामा सुधार गर्नुपर्ने कुराहरु निम्नानुसार छन् :

### ८.३.१ वडा नं. ४ का सवल र सुधार पक्षहरु

**(क) सवल पक्षहरु**

सामाजिक एकता कायम छ :

- गाउँको सामाजिक विकासका लागि सक्रीय सहभागिता हुने गरेको छ ।
- मर्दा-पर्दा सहभागिता छ । कसैलाई आपतविपत पर्दा 'बोलाईरहनु पर्दैन', सबैजना स्वइच्छाले सहयोग गर्न तत्पर हुने अवस्था अद्यापि कायमै छ ।
- जातिय सदभाब र धार्मिक शहिष्णुता कायम छ । एकआपसमा मेलमिलाप छ ।

सरसफाईको राम्रो अवस्था :

- प्राय सबैको घरमा शौचालयको व्यवस्था छ ।
- बाहिर, बाटोघाटोमा दिशापिसाब नभएको अवस्था छ ।
- सरसफाईसम्बन्धी चेतना तह राम्रो छ ।

खेतीयोग्य जमीन छ :

- मनिगाँउ फाट अन्न उब्जाउ राम्रो छ ।
- तरकारी उत्पादनको राम्रो सम्वाभना छ ।

सामुदायिक वन छ :

- सामुदायिक वन प्रशस्त छ । हरियाली छ । रुखपात प्रसस्त छ ।

शिक्षामा अगाडि छ

- विद्यालय स्तरका सबै बालबालिका विद्यालय गएका,उच्च शिक्षा हासिल गर्नेको संख्या राम्रै भएको ।

वातावरण राम्रो छ

- सबै महिना धेरै जाडो वा धेरै गर्मि नहुने

**(ख) सुधार पक्ष**

- आधुनिक कृषि प्रणालिमा जोड दिनुपर्ने
- भलेसो मर्मत गर्नुपर्ने
- जमीन र माटो परिक्षण गरी यस वडामा केको खेती (अन्न, फलफूल, आदि) गर्नु उपयुक्त हुन्छ भनी सर्भेक्षण गर्नुपर्ने ।
- बृक्षारोपण गरी वनक्षेत्रलाई विस्तार गर्नुपर्ने ।
- युवाहरुको सीपमुलक तालिम गरी वडावासीहरुको आयस्तर उकास्नु पर्ने ।
- सडकस्तरोन्नति हुनुपर्ने ।
- खानेपानीको ट्याङ्की निर्माण गनुपर्ने र खानेपानी परियोजनाको मर्मत गर्नुपर्ने ।
- सिंचाइ निर्माण तथा मर्मत हुनुपर्ने ।
- विद्यालय भवन र (विद्यालयमा) शौचालय निर्माण हुनुपर्ने ।
- भूकम्पले बिगारेको घरहरुको पुर्ननिर्माण हुनुपर्ने ।
- विद्यालयमा प्राविधिक र ब्यबहारिक शिक्षामा जोड दिनुपर्ने ।
- करेसावारीको विकास हुनुपर्ने ।
- जुवातास मदिरापान नियन्त्रण गर्नुपर्ने ।

### ८.३.२ वडा नं. ५ का सवल र सुधार पक्षहरु

**(क) सवल पक्षहरु**

उब्जाउयोग्य जमीन भएको :

- हिउँदे तथा वर्षे सिँचाइ लाग्ने खेत भएको ।
- खेतमा सिँचाई सुविधाको उपयोग गरी थप फाइदा लिन सकिने स्थिति रहेको ।

सामाजिक एकता कायम छ :

- गाउँको सामाजिक विकासका लागि सक्रीय सहभागिता हुने गरेको छ ।
- मर्दा-पर्दा सहभागिता छ । कसैलाई आपतविपत पर्दा 'बोलाईरहनु पर्दैन', सबैजना स्वइच्छाले सहयोग गर्न तत्पर हुने अवस्था अद्यापि कायमै छ ।
- जातिय सदभाब र धार्मिक शहिष्णुता कायम छ । एकआपसमा मेलमिलाप छ ।

प्राकृति स्रोत छ :

- त्रीसुली नदीको किनारासँग जोडिएको वडा ।
- स-साना थुप्रै पानीका स्रोतहरु भएको ।
- प्राकृतिक स्रोतको उपयोग गर्ने पर्याप्त सम्भावना भएको ।

### (ख) सुधार पक्ष

- आधुनिक कृषिप्रणालीमा जोड दिई उत्पादनमा वृद्धि गर्नुपर्ने ।
- भलेसोको र मर्मत गर्नुपर्ने ।
- वृक्षारोपण गनुपर्ने ।
- सीपमूलक तालिम आय आर्जन र जिविकोपार्जनको कार्यक्रम ल्याउनुपर्ने ।
- सडकमा तारजाली लगाउनुका साथै मर्मत गर्नुपर्ने ।
- खानेपानी मुहानको संरक्षण गर्नुपर्ने ।
- भत्किएका घरहरुको पुर्ननिर्माण हुनुपर्ने ।
- गोबरग्यास निर्माण गर्नुका साथै धुवाँरहित चुलो बनाउनुपर्ने ।
- जुवा तास मदिरापान नियन्त्रण गर्नुपर्ने ।
- गोरेटो बाटोहरुको मर्मत गर्नुपर्ने ।
- मरनघाट निश्चित ठाँउमा हुनुपर्ने ।
- व्यावशायिक खेतीको लागी ज्ञान तथा सीप प्रदान गर्नुपर्ने ।

## ८.३.३ वडा नं. ६ का सवल र सुधार पक्षहरु

### (क) सवल पक्षहरु

वनजंगल भएको :

- प्रशस्त मात्रामा वन जंगल भएको ।
- वडाका प्राय सबैले पशुपालन गरेको । पशुपालनको सीप र उत्साह पनि भएको ।

खेतियोग्य जमीन भएको :

- अन्न उत्पादन गरिरहेको ।
- तरकारी उत्पादन गरिरहेको ।
- नगदेवालीको लागि अवसर भएको ।

शिक्षाको अवस्था राम्रो भएको :

- गाविसमा (डाँडावारी भेगमा) भएको एकमात्र माध्यमिक विद्यालय यसै वडामा भएको ।
- राम्रो अंक प्राप्त गरी एस.एल.सि. परिक्षामा जिल्लाकै उत्कृष्ट प्रतिशत ल्याएको ।
- शिक्षाको अवसर भएको ।

चेतना स्तर भएको :

- राजनितिक चेतना स्तर राम्रो भएको ।
- समाजको ठीक-वेठीक कुराहरुको विश्लेषण हुने गरेको ।

सामाजिक एकता कायमै रहेको :

- गाउँको सामाजिक विकासका लागि सक्रीय सहभागिता हुने गरेको छ ।
- मर्दा-पर्दा सहभागिता छ । कसैलाई आपतविपत पर्दा 'बोलाईरहनु पर्दैन', सबैजना स्वइच्छाले सहयोग गर्न तत्पर हुने अवस्था अद्यापि कायमै छ ।
- जातिय सदभाब र धार्मिक शहिष्णुता कायम छ । एकआपसमा मेलमिलाप छ ।

### (ख) सुधार पक्ष

- आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने ।
- वडाका नागरिकहरुलाइ स्वावलम्वी बनाउनुपर्ने ।
- सिकर्मी, डकर्मीलाइ प्राविधिक तालिम (भूकम्प प्रतिरोधात्मक सीपसहित) दिनुपर्ने ।
- विद्यार्थिलाइ उच्चशिक्षा हासिल गर्न प्रेरित गर्नुपर्ने ।
- वातावरण संरक्षण र स्वास्थ्य चेतना बढाउनुपर्ने ।
- जमीन/माटो परिक्षण गरी उत्पादन बढाउन सहयोग गर्नुपर्ने ।
- बृक्षारोपण गनुपर्ने ।
- सीपमुलक तालिम दिई आयआर्जन बढाउनु पर्ने ।
- सडकस्तरोन्नति हुनुपर्ने ।
- खानेपानी मर्मत र सिंचाइ निर्माण हुनुपर्ने ।
- संचार क्षेत्रमा देखिएको विकृति हटाउनुपर्ने ।
- बाखापालन बढाई जिविकोपार्जनमा सहयोग गर्नुपर्ने ।
- भूकम्पले भत्काएका घरहरुको पुर्ननिर्माण हुनुपर्ने ।
- प्राविधिक र ब्यबहारिक शिक्षामा जोड दिनुपर्ने ।
- सामुदायिक भबन पुर्ननिर्माण गर्नुपर्ने ।
- तास, जुवा र मध्यपान नियन्त्रण गर्नुपर्ने

## ८.३.४ वडा नं. ७ का सवल र सुधार पक्षहरु

### (क) सवल पक्षहरु

मेहेनती र जाँगरीला व्यक्तिहरु भएको :

- सबैले सीपअनुसारको काम गरिरहेका छन् ।
- आफुलाइ आवश्यक पर्ने तरकारी आफै उत्पादन गर्दछन् ।
- चियापसल र अन्य ठाउमा अनावश्यक जम्मा हुने गर्दैनन् ।

सचेत नागरिकहरु रहेको :

- उमेर पगेका बालबालिका सबैलाइ बिद्यालय पठाउने गरेका छन् ।
- नियमित गर्भवति जाँच गराउने र सुत्केरी स्वास्थ्य सस्थामा जाँच गराउन आउँछन् ।

सामाजिक एकता कायम भएको :

- गाउँको सामाजिक विकासका लागि सक्रीय सहभागिता हुने गरेको छ ।
- मर्दा-पर्दा सहभागिता छ । कसैलाई आपतविपत पर्दा 'बोलाईरहनु पर्दैन', सबैजना स्वइच्छाले सहयोग गर्न तत्पर हुने अवस्था अद्यापि कायमै छ ।
- जातिय सदभाब र धार्मिक शहिष्णुता कायम छ । एकआपसमा मेलमिलाप छ ।

### (ख) सुधार पक्ष

- माटो परिक्षण गर्नुका साथै आधुनिक कृषिप्रणालिमा जोड दिई खेतीपातीको विकास गर्नुपर्ने ।
- बृक्षारोपण गरी वनक्षेत्रको विस्तार गर्नुपर्ने ।
- सीपमूलक तालिम गरी आयआर्जन बढाउने ।
- खानेपानी परियोजनाहरुको मर्मत तथा सम्भाव गर्नुपर्ने ।
- वस्ति विकास गर्ने र भत्केको घरहरुको पुर्ननिर्माण हुनुपर्ने ।
- युवाहरुलाई लक्षित गरी प्राविधिक र व्यावशायिक शिक्षामा जोड दिनुपर्ने ।
- सबै घरधुरीमा करेसा वारी तयार पार्नुपर्ने ।
- विद्यालयमा कम्प्यूटर शिक्षा हुनुपर्ने ।
- सस्कृति जोगाउने मन्दिर छुरतेन पाटिपौवा वनाउनुपर्ने ।
- सामुदायिक भवनको पुर्ननिर्माण गर्नुपर्ने ।
- विद्यालयमा पुस्तकालय र बालमैत्री फर्निचर बनाउनुपर्ने ।
- बालबालिकाका लागि खेलमैदान बनाउनुपर्ने ।
- वडालाई पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागी होम-स्टे बनाउनुपर्ने ।
- घलेगढी, कमारेगढी, स्याउबारी ब्यवस्थित पर्यटकिय बाटो निर्माण गर्नुपर्ने ।

## ८.३.५ वडा नं. ८ का सवल र सुधार पक्षहरु

### (क) सवल पक्षहरु

सामाजिक एकता अझै पनि कायमै रहेको :

- सामाजिक विकासका लागि वडावासीको सक्रीय सहभागिता हुने गरेको छ ।
- मर्दा, पर्दा वा अन्य समस्या पर्दा सबैको सहभागिता रहने गरेको छ ।
- जातिय सदभाब र धार्मिक शहिष्णुतासहित नेवार र तमाङ जातिको सहवसोवास भएको ।
- एकआपसमा मेलमिलाप कायमै रहेको ।

घरेलु उद्योग सञ्चालनमा रहेको :

- धसिगरे प्रसोधन केन्द्र संचालनमा छ ।
- ब्रिकेट उत्पादन केन्द्र संचालनको तयारीमा छ ।

जडिबुटी उद्योगको सम्भावना रहेको :

- उच्त्त पहाडी क्षेत्र भएकाले विभिन्न खालका जडिवुटिको संभावना छ ।
- तरकारी उत्पादनको संभावना छ ।

सामुदायिक वन भएको :

- सामुदायिक वन प्रशस्त भएको ।
- हरियाली पर्याप्त छ ।

पक्की सडक बाटो भएको :

- वडाको सबै टोललाइ सडक बाटोले छोएको छ ।
- जिल्लाकै नमुना वडा भएको मानिन्छ ।

संस्कृतिबारे सचेत भई जगेर्ना गरेको :

- तामाङ सस्कृति आफ्नै भाषा आफ्नै भेष भएको र यसबारे सबैले गर्व गर्दछन् ।
- आफ्नो संस्कृति जगेर्ना गरिरहेका छन् । चाडपर्वमा सांस्कृतिक भेषभुषासहित सबै सहभागी हुन्छन् ।

## (ख) सुधार पक्ष

- सरसफाइ र चर्पी निमाणमा जोड दिनुपर्ने
- काभ्रेखोलाले क्षति गराउन सक्ने ठाँउमा ग्याविन हाल्नुपर्ने ।
- युवाहरुलाई सीपमूलक तालिम दिनुपर्ने ।
- भत्केको घरहरुको पुर्ननिर्माण गर्नुपर्ने ।
- युवाहरुको लागि प्राविधिक र व्यावशायिक शिक्षामा जोड दिनुपर्ने ।
- करेसा वारीको विकास हुनुपर्ने ।
- भुकम्पले भत्काएको गुम्बा वनाउनुपर्ने ।
- पर्यटक विकासको लागी होम-स्टे कार्यक्रमको थालनी गर्नुपर्ने ।
- काभ्रेगाँउसम्म कृषिसडक निर्माण गर्नुपर्ने ।
- स्वास्थ्य शिक्षा तथा जनचेतनामा विषेस जोड दिनुपर्ने ।

# भाग १०
# निष्कर्ष तथा सुझावहरु

प्रतिवेदनको यस भागमा लहरेपौवा गाविसमा सम्पन्न गरिएको सर्भेक्षणका क्रममा पाइएका तथ्याङ्क र अन्य सूचनाका आधारमा गाविसको अवस्था कस्तो देखियो, यहाँका प्रमुख सवल पक्षहरु के छन् र सुधार गर्नुपर्ने कुराहरु के-के हुन्, गाविसका मूल समस्या र सवालहरु के हुन् भन्नेबारे उल्लेख गरिएका छन् । गाविसको अवस्था विश्लेषण गर्ने कार्य पनि समुदायकै हो र समस्याको समाधानको लागि योजना बनाई त्यसको कार्यान्वयन गर्ने अधिकार र जिम्मेवारी पनि समुदायकै हो र हुनु पर्दछ भन्ने मान्यतासहित सर्भेक्षण कार्य सम्पन्न गरी यस प्रतिवेदन तयार पारिएको छ । तथापि, यी कार्य गर्नका लागि समुदायमा पर्याप्त दक्ष जनशक्ति उपलब्ध नभएको कारण सेयर नेपालले बाहिरका अनुभवि व्यक्तिहरुको सहयोगमा उक्त प्रक्रियालाई सहजीकरण गरेको थियो । तसर्थ, यस प्रतिवेदनमा प्रतिवेदकका तर्फबाट योजनाका लागि कुनै पनि सुझावहरु पेश गरिएका छैनन् । बरु, समुदायकै सक्रियतामा यथाशिघ्र योजना तर्जुमा गर्नुपर्ने सुझाव भने दिइएको छ । समग्रमा प्रतिवेदनको यस भागमा निम्न विषयवस्तुहरु समावेस गरिएका छन् :

१०.१ मूल खोजी तथा परिणामहरु

१०.२ गाविसका प्रमुख समस्या तथा सवालहरु

१०.३ अन्त्यमा सुझाव

## १०.१ मूल खोजी तथा परिणामहरु

गाविसका सम्पूर्ण ६८६ परिवारसँग प्रत्यक्ष प्रश्नावली सर्भेक्षणमार्फत् सङ्कलित तथ्यांकहरुलाई विश्लेषण गरी तयार पारिएको सूचनाहरुको आधारमा जनसङ्ख्या, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, आर्थिक अवस्था, मानवस्रोतको अवस्था आदिबारे निम्न परिणामहरु (प्रमुख परिणाम वा फाइण्डीङ्स्हरु) भेटिएका छन् ।

- गाविसमा विभिन्न जातजातिका मानिसहरु एकआपसमा मिलेर बसिरहेका छन् । गाउँठाउँमा जातिय हिसाबले हुने भेदभाव न्यून देखिन्छ । यसलाई गाविसको एक महत्वपूर्ण सवल पक्षको रुपमा लिइनु पर्दछ ।
- नेपालको जनसङ्ख्या वृद्धिदरको क्रम हेर्दा २०४८ जनगणनानुसार त्यतिबेलाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.०८ प्रतिशत थियो भने २०५८ सालको जनगणनाअनुसार २.२५ प्रतिशत थियो । तर, २०६८ सालको जनगणनाले वृद्धिदर १.३५ प्रतिशतमा झरेको देखाउँछ । यसरी घट्ने क्रम बढ्दै गएमा जनसङ्ख्या संरचनामा नकारात्मक असर पर्न सक्दछ । लहरेपौवा गाविसमा पनि १ वर्ष मुनीको शिशुको सङ्ख्या कुल जनसङ्ख्याको २.७ प्रतिशत मात्र छ, जुन निकै नै कम सङ्ख्या हो । यसको अर्थ, वच्चा जन्माउने दरमा भारी गिरावट आएको देखिन्छ, जुन भविष्यमा अत्यन्तै प्रत्युत्पादक हुनसक्छ ।
- बाहिर बस्ने कुल सङ्ख्याको ३३.८ प्रतिशत मुलुक बाहिर छन् । रोजगारी र वैदेशिक मुद्रा आर्जनको हिसाबले वैदेशिक रोजगारीले महत्वपूर्ण खेलेको छ । लगभग ८ प्रतिशत सङ्ख्या १० वर्षभन्दा बढी समयदेखि बाहिर वसिरहेका छन् र गत वर्ष मात्र ३४४ जना बाहिर गएका देखिन्छन् । यसले गाउँबाट बाहिरिनेको मात्रा बढ्दै गएको देखिन्छ ।
- वि.सं. २०४३ सालमा गाविसमा स्थापना भएको स्वास्थ्य चौकीले लहरेपौवा गाविसका वडा नं. ४, ५, ६ र ७ का वासिन्दा र राम्चे गाविसका ८ र ९ का वासिन्दालाई नियमित रुपमा स्वास्थ्य सेवा पुऱ्याइरहेको छ ।
- गाविसमा जम्मा ६८६ परिवार रहेकोमा हाल जम्मा २५ परिवारमा (३.६%) मात्र गर्भवती महिलाहरु छन् । यस तथ्याङ्ले जनसङ्ख्या वृद्धिदर कतै घट्दै जाने त होइन भन्ने प्रश्न खडा गरिदिएको छ ।
- यस लहरेपौवा गाविसमा लगभग ९३ प्रतिशत परिवारहरुको धारा/पाइपको पानीमा पहुँच भएको देखिन्छ । यस तथ्याङ्कअनुसार सिंगो मुलुक र रसुवा जिल्लाको तुलनामा यस गाविसमा धाराको पानीमा पहुँच भएकाहरु ज्यादा देखिन्छन् । सामान्यतया पाइपको पानी स्वास्थ्य (तथा सरसफाईको दृष्टिकोणबाट) बढी सुरक्षित देखिन्छ ।

- देशको तथ्याङ्कअनुसार जम्मा ६१.८३ प्रतिशत घरमा आफ्नै शौचालय छ । रसुवा जिल्लाको हकमा ५६.८५ प्रतिशतको घरमा छ भने लहरेपौवा गाविसको हकमा ७८.७ प्रतिशतको घरमा रहेको पाइयो ।
- कुल परिवारको लगभग ३६ प्रतिशत परिवारमा धुम्रपान गर्ने व्यक्तिहरु रहेको पाइएको छ । सबै वडामा लगभग ३३ देखि ३८ प्रतिशत परिवारमा कम्तिमा पनि १ सदस्य धुम्रपान गर्नेहरु छन् । यस तथ्याङ्ले धुम्रपानसम्बन्धी सचेतना कार्यक्रम अगाडि बढाउनु पर्ने देखाउँछ ।
- तर, अझै पनि गाविसको कुल ६८६ परिवारमध्ये २१ प्रतिशत घरमा शौचालय नरहेको देखिएको छ । गाविसका सबै घरधुरीमा शौचालय निर्माण गरी गाविसलाई पुनः खुला दिशामुक्त गाविसको रुपमा स्थापित गर्नु पर्ने देखिएको छ ।
- हाल लहरेपौवा गाविस (यस सर्भेक्षणले ओगटेको वडा ४, ५, ७ र ८) का सबै वडाहरुमा विद्यालय स्थापना भइसकेका छन् । वडा नं. ४, ५ र ८ मा एक/एक प्राथमिक विद्यालय छ भने वडा नं. ७ र ८ मा एक/एक वटा निमावि र वडा नं. ६ मा माध्यमिक विद्यालय स्थापना भएका छन् ।
- एकजना शिक्षकले बढीमा ४० जना विद्यार्थीलाई अध्यापन गराउने सरकारी नीति रहि आएकोमा वडा नं. ५ को मालिका देवी प्राविमा बाहेक अन्य सबै विद्यालयमा एकजना शिक्षको अनुपातमा ४० जना भन्दा निकै कम विद्यार्थी रहेको पाइएको छ ।
- गाविसको वडा नं. ८ मा स्थापित काभ्रे प्राविमा जम्मा १६ जना मात्र विद्यार्थी छन् । त्यस्तै, वडा नं. ४ को भुवनेश्वर प्राविमा पनि जम्मा ३३ जना मात्र विद्यार्थीहरु छन् । यसले प्राथमिक तहमा विद्यार्थी सङ्ख्या घट्दै गइरहेको देखिन्छ ।
- गाविसका ५ वर्ष माथिका कुल ३०१८ जनामध्ये ८६.६ प्रतिशत साक्षर छन् । यो राष्ट्रको कुल साक्षरता प्रतिशत (६५.९ प्रतिशत) भन्दा निकै बढी हो । गाविसको कुल महिला सङ्ख्याको ८३.५ प्रतिशत साक्षर पाइएका छन् । यो पनि राष्ट्रिय तहको भन्दा निकै बढी छ ।
- औपचारिक शिक्षासम्बन्धी प्रस्तुत गरिएको तथ्याङ्कले प्रावि देखि माविसम्मको जम्मा ६९.३ प्रतिशत छन् भने एसएलसी सक्नेहरु १७.२ र त्यसपछिको तहहरुमा सङ्ख्या अत्यन्तै न्यून (घट्दै गएको) देखाउँछ । यसले क्रमसः ड्रपआउट सङ्ख्या बढ्दै गएको देखिन्छ ।
- उच्च शिक्षाको लागि भने अझै पनि गाउँमा व्यवस्था नभएको हुँदा यहाँका विद्यार्थीहरु कालिकास्थान, त्रीसुली वा अन्यत्र जानुपर्ने अवस्था छ ।
- कुल परिवारको ५५.२ प्रतिशत परिवारले आफ्नो परिवारको आयआर्जनको लागि बाखापालन (उन्नत जातको बाखा पालन) उपयुक्त उपाय हुने सुझाव पेश गरेका छन् ।

रुखपात प्रसस्त भएको र सडक सञ्जालसँग जोडिएको गाविस भएको हुँदा यहाँ पशुपालनको भने पर्याप्त सम्भावना रहेको उनीहरुको तर्क छ ।

- गाविसका लगभग ८७ प्रतिशत घरहरु पुरै भत्केका छन् भने ६.६ प्रतिशत घरहरु धेरै चर्केकोले बस्न नमिल्ने अवस्थामा छन् । गाविसका १.२ प्रतिशत घरहरु (जम्मा ८) मा भूकम्पको असर परेको देखिएन भने ३७ वटा घरहरु (५.४%) केही चर्केतापनि बस्न मिल्ने अवस्थाका छन् ।
- गाविसको कुल परिवार सङ्ख्याको ८६ प्रतिशतले आफ्नो परिवारको प्रमुख आम्दानीको स्रोत 'कृषि उत्पादन' रहेको बताएको र कुल जनसङ्ख्याको ३३ प्रतिशतले 'खेतीपाती'लाई आफ्नो मूल पेशा बताएको भए तापनि कुल परिवार सङ्ख्या (६६१ परिवार)को ९.७ प्रतिशतले मात्र आफ्नै उत्पादनबाट वर्षभरी ढुक्क खान पुग्छ भन्ने कुरा बताएका छन् भने ९२.३ प्रतिशतले वर्षभरी खान पुग्दैन भन्ने बताएका छन् ।
- यस गाविसका ४६.८ प्रतिशत परिवारका सदस्यहरुले कुनै न कुनै तालिम प्राप्त गरेका छन् । गाविसमा तालिम प्राप्त गर्ने ३२१ परिवारमध्ये १५३ परिवारले कृषिसम्बन्धी तालिम पाएका छन् भने ९४ परिवारले पशुपालनसम्बन्धी तालिम पाएका छन् । त्यस्तै, घरेलुसम्बन्धी ७२ परिवारले तालिम प्राप्त गरेका छन् । तालिम प्राप्त दक्ष्य जनशक्तिलाई सिंगो गाविसको सामाजिक-आर्थिक विकासको लागि उपयोग गर्ने भन्नेबारे समुदायका अगुवाहरु, सामाजिक कार्यकर्ताहरु र राजनैतिक दलका प्रतिनिधिहरुसँग अन्तरक्रिया गरी यसको लागि योजना बनाउनु पर्ने देखिन्छ ।
- यसअन्तर्गत तालिम पाउने गाविसका कुल ९४ परिवारमध्ये सबैभन्दा बढी बाखा पालनसम्बन्धी तालिम दिइएको पाइएको छ । गाविसका कुल ७२ परिवारले उक्त तालिम पाएका छन् ।

## १०.२ गाविसका प्रमुख समस्या तथा सवालहरु

सर्भेक्षणका क्रममा विभिन्न समूहहरुसँग गरिएको ‘समूह छलफल’ र प्रश्नावली सर्भेक्षणका क्रममा संकलन गरिएका सूचनाहरुको आधारमा गाविसमा विद्यमान विभिन्न समस्या र सवालहरु तयार पारिएका छन् । छलफलका क्रममा ती समस्या तथा सवालहरुका कारणहरु के-के हुन् र तिनले समुदायमा के-कस्ता प्रभाव पारेका छन् भन्ने विषयहरु पनि समेटिएका थिए । सामाजिक समस्या र सवालमाथि समूह छलफल गर्न ‘कारण तथा प्रभाव चित्र’ (वा वृक्ष चित्र) विधिको प्रयोग गरिएको थियो । लहरेपौवा गाविसमा विद्यमान समस्या तथा सवालहरु निम्नानुसार छन् :

(क) भलेसोको समस्या

(ख) खानेपानीको अभाव बढ्दै गएको

(ग) टहरामा बस्न वाध्य

(घ) कृषि उत्पादनमा कमी, खानै नपुग्ने

(ङ) भवन निर्माणको लागि दक्ष जनशक्तिको अभाव

(च) असुरक्षित पठनपाठन

(छ) बढ्दो युवा वेरोजगारी

(ज) बढ्दो मद्यपान सेवन

(झ) धुम्रपान सेवन

डायग्राम : भलेसोको समस्या

| समस्याका कारणहरु | | समस्याका असरहरु |
|---|---|---|
| • भिरालो जमीन भएकोले, कमजोर भूभाग भएको<br>• अव्यवस्थित तरिकाले सडक निर्माण<br>• अतिवृष्टि भई भेलको मात्रा बढ्नाले<br>• वर्षेनी भलेसोको आकार बढ्दै गएको<br>• बजेटको अभावमा भलेसो मर्मत हुन नसक्दा<br>• सम्बन्धित निकायले सुनुवाई नगर्नु | भलेसोको खतरा | • वर्षायाममा सँधै त्रासमा बाँच्नु पर्ने<br>• केही परिवार विस्थापित भएको<br>• भलेसोले जमीन कटान गर्दै लग्दा जमीन बगाएको र घट्न थालेको<br>• वरपर भूक्षयको खतरा भएको<br>• कृषि उत्पादनमा असर परेको<br>• माध्यमिक विद्यालयको भवन जोखिममा परेको |

यस समस्या/सवालले असर पारेका वडाहरु : वडा नं. ४, ५ र ६

डायग्राम : खानेपानीको अभाव

| समस्याका कारणहरु | | समस्याका असरहरु |
|---|---|---|
| • स्थानीय सरकारको योजनामा नपर्नु, धेरै पटक माग गरे तापनि सुनुवाई नहुनु<br>• कठीन भौगोलिक अवस्था : भिर र पहाडबाट पानी ल्याउनु पर्ने<br>• पानीको मुहान नजिक नहुनु<br>• जनसङ्ख्या बढ्दै जाँदा पानी नपुगेको<br>• पानी जम्मा गर्ने ट्याङ्की सानो हुनु<br>• भूकम्पले पानीको स्रोत सुकाएको | खानेपानीको अभाव | • पानी लिन टाढा जानुपर्ने, समयको वर्वादी<br>• पानीको कारण समुदायमा झैझगडा परेको<br>• खानेपानीको अभावकै कारण वसाई सर्नुपर्ने अवस्था आउन थालेको<br>• दुषित पिउने पानीको प्रयोग गर्न वाध्य हुनु, यसले रोग निम्त्याउन सक्ने |

यस समस्या/सवालले असर पारेका वडाहरु : ४, ६ र ७

डायग्राम : अव्यवस्थित टहरामा वसोवास

**समस्याका कारणहरु**

- भूकम्पले घर भत्कायो, बलियो घर नभएकोले
- नयाँ घर बनाउन सकेको छैन, पैसाको अभाव छ
- भवन निर्माणको लागि सरकारबाट सहयोग पाएको छैन
- अब कस्तो घर बनाउनु पर्ने हो भन्ने ज्ञान नहुनु
- दक्ष कामदारको अभाव - महंगो पर्ने

**टहरामा बस्न वाध्य**

**समस्याका असरहरु**

- टहरामा बस्न बाध्य
- चीसोले सताउन थालेको, बालबालिकामा स्वास्थ्य समस्या देखिन थालेको
- अव्यवस्थित बसाई, मानसिक तनाव
- असुरक्षित बसाई, डरत्रास भइरहने
- वातावरणीय प्रदुषण
- विभिन्न रोगको प्रकोप हुनसक्ने
- असुविधा भएको

यस समस्या/सवालले असर पारेका वडाहरु : सबै वडाहरुमा

डायग्राम : खेतीपातीले खान नपुग्ने (काम धेरै उत्पादन थोरै)

**समस्याका कारणहरु**

- परम्परागत खेती प्रणाली
- माटोको उर्वरतामा कमी
- कुन माटोमा कस्तो खेती गर्ने भन्ने ज्ञान नहुनु
- गुणस्तरिया वीउविजन नहुनु
- सिँचाईको अभाव, पानीको अभाव - कतै बाढीले कुलो नस्ट गरेको
- युवा जनशक्तिको अभाव, चर्को ज्याला तिर्नु पर्ने
- लगानी गर्न नसक्नु
- वैकल्पिक उपाय र ज्ञान पनि नहुनु

**कम उत्पादन, खान नपुग्ने**

**समस्याका असरहरु**

- कम उत्पादन भएको, जसको कारण खान नपुगेको
- लगानी बढी - प्रतिफल कम, जसले कृषि कार्य गर्न निरासा जागेको
- बेसाएर खानु पर्ने वाध्यता, कमसल खाद्यवस्तुको उपभोग गर्न वाध्य, रोग बढ्न थालेको (स्वास्थ्यमा असर)
- वेरोजगारी बढेको, जसले गर्दा युवाहरु विदेश पलायन हुन वाध्य

यस समस्या/सवालले असर पारेका वडाहरु :

डायग्राम :

**समस्याका कारणहरु**

- परम्परागत तरिकाले (पुरानै सीप) घर निर्माण गर्ने डकर्मी र सिकर्मी मात्र भएको
- युवा जनशक्तिको विदेश पलायन
- नविन प्रविधिसम्बन्धी कहाँ तालिम पाइन्छ ज्ञान नहुनु
- तालिम लिनको लागि आर्थिक अभाव, गरिवी
- यसको लागि सरकारी योजना नपर्नु
- केहीमा सिक्ने चाहनाको पनि कमी

**भवन निर्माणको लागि दक्ष्य जनशक्तिको अभाव**

**समस्याका असरहरु**

- भूकम्प प्रतिरोधात्मक घर नबन्नु - फेरी भत्कन सक्ने त्रास
- पुरानै तरिकाले घर बनाउन वाध्य, गुणस्तरहिन निर्माण भइरहेको
- चर्को ज्याला तिरेर बाहिरबाट कामदार ल्याउन बाध्य (दिनको रु. १५०० सम्म तिर्नु परेको)
- गाविस बाट नगद पलायन/बाहरिएको

यस समस्या/सवालले असर पारेका वडाहरु : सबै वडाहरु

डायग्राम : विद्यार्थीहरुको असुरक्षित पठनपाठन

**समस्याका कारणहरु**

- भूकम्पले विद्यालय भत्केको
- पुनः विद्यालय भवन बनाउन नसकेको, आर्थिक अभाव भएर, पर्याप्त सहयोग नपाएर
- कतै बनाउने प्रयास भए तापनि महंगीका कारण बनाउन नसक्नु
- दक्ष कामदार ल्याउन महंगो पर्नु
- दूर्गम भेग भएकोले कठीनाई पर्नु

**असुरक्षित पठनपाठन**

**समस्याका असरहरु**

- टहरामा बसेर पढ्न वाध्य
- विद्यार्थीहरुले असुरक्षा महसुस गरेको
- विद्यालय जान डर लाग्ने स्थिति भएको
- त्रासका कारण पढाईमा असर परेको
- विद्यार्थीहरुको पढाईप्रति उत्साह घट्दै गएको, विद्यार्थी सङ्ख्यामा कमी आएको

यस समस्या/सवालले असर पारेका वडाहरु : सबै वडाका विद्यालयहरुमा

डायग्राम : बढ्दो युवा वेरोजगारी

**समस्याका कारणहरु**

- आधुनिक कृषि प्रणाली नहुनु - उत्पादनमा कमी आउनु - उत्पादबाट खानै नपुग्नु
- गाउँमा रोजगारीको अवसर नहुनु - उद्योगधन्दा नहुनु
- युवाहरुमा सीपको कमी हुनु, जसको कारण स्वरोजगारी सम्भव नहुनु
- (केही) युवाहरु कुलतमा फँस्नु, बरालिनु

**बढ्दो युवा वेरोजगारी**

**समस्याका असरहरु**

- आर्थिक अभाव भएको
- युवाहरुमा निरासा छाएको
- परिवारमा कलह जन्मेको
- विदेशिन वाध्य, विदेशमा पनि (सबैले) राम्रो काम नपाउने, जोखिमपूर्ण कामले रोगी हुनु, कसैको मृत्यु भएको
- युवाहरु विदेशिदा गाउँको विकास मन्द भएको
- जनसङ्ख्या वृद्धिदरमा असर परेको

यस समस्या/सवालले असर पारेका वडाहरु : सबै वडाहरुमा

डायग्राम : मद्यपान सेवनको समस्या

**समस्याका कारणहरु**

- परम्परादेखीको चलन, संस्कारको नाममा बढी मद्यपान सेवन गर्ने
- जुनैसुकै भोजभत्तेरमा पनि मद्यपान गर्ने चलन बढ्दै गएको
- साथिभाईको लहैलहैमा (दवावमा पनि) पिउने र पछि बानी नै लाग्ने
- जताजतै सहजै मद्यपान पाइने, कुनै निकायको पनि नियन्त्रण नभएको
- पिउन हुन्न भन्ने सामाजिक दवाव कम हुँदै गएको

**बढ्दो मद्यपान सेवन**

**समस्याका असरहरु**

- पैसाको नास, घरखर्चमा समस्या, पारिवारिक कलह बढ्न थालेको
- घरेलु हिंसा हुने
- सामाजिक अपराध बढ्ने
- असुरक्षा बढेको
- बालबालिकाले सिको गर्न थालेको
- युवाहरुमाझ विकृति झाँगिएको
- सामाजिक विकास काममा कमी आउने

यस समस्या/सवालले असर पारेका वडाहरु : सबै वडाहरुमा

डायग्राम : धुम्रपान सेवनको समस्या

**समस्याका कारणहरु**

- अघिल्लो पुस्ताबाट (बाजे, बाउबाट) पिउने बानी पुस्तान्तरण हुँदै आएको
- देखासिकि गरेर पिउन थाल्ने
- चिन्ताको कारण पिउन सुरु गर्ने र पछि बानी लाग्ने
- परिवारबाट नियन्त्रण हुन नसकेको, कतिपयको त पारिवारिक वातावरण नै धुम्रपान गराउने खालको भएको
- सिनेमा, विज्ञापनको असरले
- साथिभाईको दवावको कारण

**धुम्रपान सेवन**

**समस्याका असरहरु**

- अनावश्यक खर्च बढ्ने
- खोकी लाग्ने, फोक्सोमा असर पर्ने, क्यान्सर नै हुन सक्ने र परिवारमा सबै सदस्यहरुलाई चिन्ता बढ्ने
- पारिवारिक कलह हुने
- पैसाको नास हुने, शिक्षा लगायत अन्य खर्चमा कटौती हुने
- छाड्न पनि नसक्ने र मानसिक तनाव हुने

यस समस्या/सवालले असर पारेका वडाहरु : सबै वडाहरुमा

## १०.३ अन्त्यमा सुझाव

आधारभूत सर्भेक्षण अभ्यासले देखाएका समस्या तथा सवालहरुलाई लक्षित गर्दै यसको समाधानको लागि योजना तर्जुमा गरी त्यसको कार्यान्वयन गर्न सकिए मात्र गाविसमा परिवर्तन आउन सक्छ र गाविसवासीको जीविकोपार्जनमा उल्लेखनीय प्रगति हुनसक्छ । यो पटकको आधारभूत सर्भेक्षण समुदायकै सक्रिय सहभागितामा सम्पन्न गरिएको थियो । प्रत्येक वडाबाट २/२ जना स्थानीय सहजकर्ता (भोलेनटियर) छनौट गरी, तिनलाई विकास अवधारणा (विशेषगरी जनताको नेतृत्वमा कसरी विकास गरिनु पर्दछ भन्नेबारे) बारे जानकारी दिई आधारभूत सर्भेक्षण कसरी गर्ने भन्नेबारे ज्ञान र सीप दिईएको थियो । तत्पश्चात् तिनै सहजकर्ताको अगुवाईमा प्रत्येक वडामा गई, वडावासीसँग अन्तरक्रिया गरी सर्भेक्षण सम्पन्न गरिएको थियो । वैज्ञानिक तरिकाबाट प्रश्नावली तयार पारी, त्यसलाई पूर्व-परिक्षण गरी, नियमपूर्वक प्रश्नावली सर्भेक्षण गरिएको थियो । समुदायमा स्थानीय जनताद्वारा स्थापित संस्था (सेयर नेपाल)को नेतृत्वमा, स्थानीय सहजकर्ताको सहजीकरणमा, व्यवस्थित तरिकाले गरिएको सर्भेक्षणका कारण सर्भेक्षणको परिणामको विश्वशनियतालाई पुष्ट्याई गर्दछ र सम्पूण प्रक्रिया पारदर्शी तरिकाले गाविसवासीसँग नै गरिएकोले उक्त परिणामप्रति समुदायको अपनत्व रहने कुरामा दुईमत छैन । तसर्थ, सर्भेक्षणले प्रस्तुत गरेको गाउँका समस्या तथा सवालहरुको समाधानको लागि 'के गर्ने, किन गर्ने, कहाँ गर्ने, कसले गर्ने र कसरी गर्ने' भन्ने कुराहरुको निर्क्योल गर्नका लागि योजना पनि समुदायकै सक्रिय सहभागितामा बनाउनु पर्दछ । र, यो योजना बनाउने कार्य यथाशिघ्र गरिनु पर्दछ ।